# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

भारतको पश्चिम बंगाल राज्यको दार्जलिङ जिल्लाको खर्साङ बजारको एक सम्पन्न परिवारमा पिता इन्द्रराज गिरी र माता जानकीदेवी गिरीकी कान्छी छोरीका रूपमा २००३ साल वैशाख १९ गते वानीरा गिरीको जन्म भएको हो । कविता लेखनबाट आफ्नो साहित्य यात्रा सुरु गरेकी वानीराको पहिलो रचना २०१४ सालको **'कदम बढाऊ'** शीर्षकको कविता हो । [१]

कविता र उपन्यासका क्षेत्रमा अत्यन्त सफल रूपमा कलम चलाउने गिरीले हालसम्म **एउटा जिउँदो जङ्गबहादुर** कविता सङ्ग्रह, **जीवनः थाय्‌मरु** कवितासङ्ग्रह, **मेरो आविष्कार** लामो कविता, **कारागार** उपन्यास, **निर्बन्ध** उपन्यास, **शब्दातीत शान्तनु** उपन्यास जस्ता कृतिहरू प्रकाशित छन् भने अंग्रेजी भाषामा **फ्रम द अथर इन्ड** र **माइ डिस्कोभरी** प्रकाशित छन् । [२]

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा गुणात्मक रूपमा उत्कृष्ट औपन्यासिक कृतिहरू प्रदान गर्ने एक सशक्त साहित्यकार हुन्– वानीरा गिरी । **कारागार** (२०३५) पहिलो औपन्यासिक कृति लिएर उपन्यास फाँटमा आफ्नो छुट्टै अस्तित्व बनाउन सफल गिरीको उपन्यास आञ्चलिकता, सामजिक यथार्थवादका साथै मनोविज्ञानको पनि राम्रो प्रयोग भएको उत्कृष्ट उपन्यास मान्न सकिन्छ यस उपन्यासलाई । व्यक्तिगत स्वार्थको लागि केही गर्न पछि नहट्ने प्रवृत्तिलाई यस उपन्यासमार्फत मनोवैज्ञानिक ढङ्गले देखाउन खोजिएको छ ।

## १.२ शोधसमस्या

नेपाली साहित्यका सशक्त नारी हस्ताक्षर वानीरा गिरी नेपाली साहित्य साधना र सृजनाका क्षेत्रमा आफ्नो छुट्टै स्थान कायम गर्न सक्षम व्यक्ति हुन् । वानीराले आफ्नो झण्डै पाँच दशक लामो साहित्यिक यात्राका क्रममा कथा, कविता, उपन्यास, नियात्रा आदि विधामा कलम चलाएकी छन् । वानीराको पहिलो उपन्यास **कारागार** २०३५ सालतिरकै पृष्ठभूमिलाई आधार मानेर लेखिएको एक स्वच्छन्दतावादीका साथै मनोवैज्ञानिक सामाजिक यथार्थवादी उपन्यास हो । **कारागार** उपन्यासका बारेमा विभिन्न व्यक्तिहरूले सामान्य चर्चा गरे बाहेक यसै उपन्यासलाई माध्यम बनाएर यस **कारागार** उपन्यासको कृतिपरक अध्ययन भएको देखिंदैन तसर्थ प्रस्तावित शोधपत्रमा **कारागार** उपन्यासको कृतिपरक अध्ययन गर्नका लागि निम्नलिखित शोधसमस्यामा अध्ययन गरिएको छः-

---

[१] ज्ञानु पाण्डे, **कवयित्री वानीरा गिरीको जीवनी व्यक्तित्व र कविताको विश्लेषण,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. कीर्तिपुर,२०३८ । पृ. १

[२] वानीरा गिरी, **शब्दातीत शान्तनु**, काठमाडौं साझा प्रकाशन, २०५६, बाहिरी पृष्ठ ।

क) उपन्यासकार वानीरा गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय कस्तो छ ?

ख) वानीरा गिरीको औपन्यासिक यात्रा, प्रवृत्ति र योगदान कस्ता छन् ?

ग) **कारागार** उपन्यासको कृतिपरक अध्ययन कस्तो रहेको छ ?

घ) **कारागार** उपन्यासका आधारमा वानीरा गिरीको प्राप्ति के रहेको छ ?

### १.३ शोधको उद्देश्य

प्रस्तावित शोधपत्रमा उद्देश्यअन्तर्गत समस्या कथनमा उठेका सम्पूर्ण समस्याहरूको जवाफ दिइएको छ । वानीरा गिरीको **कारागार** उपन्यासको कृतिपरक अध्ययन गर्ने प्रस्तावित शोधपत्रका मूलभूत उद्देश्यहरूलाई यसरी बुँदागत रूपमा देखाइएको छ :

क) उपन्यासकार वानीरा गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिनु,

ख) वानीरा गिरीका औपन्यासिक यात्रा, प्रवृत्ति र योगदान देखाउनु,

ग) **कारागार** उपन्यासको कृतिपरक अध्ययन गर्नु,

घ) **कारागार** उपन्यासका आधारमा वानीरा गिरीको मूल्याङ्कन गर्नु,

### १.४ पूर्वकार्यको समीक्षा

वानीरा गिरी नेपाली उपन्यास परम्परामा बेग्लै र नौलो मोड दिने उपन्यासकार हुन् । वानीराले २०३५ सालदेखि नै उपन्यास प्रकाशन गरी औपन्यासिक जगत्मा पाइला चालेकी हुन् । यिनको पहिलो उपन्यास नै **कारागार** (२०३५) हो । **कारागार** उपन्यासका बारेमा विभिन्न साहित्यकार र समालोचकहरूले आ-आफ्नो धारणाहरूलाई विभिन्न पुस्तक, पत्रपत्रिका तथा उपन्यासका भूमिकाहरूमा प्रस्तुत गरेको पाइन्छ । यति हुँदाहुँदै पनि वानीरा गिरीको यस **कारागार** उपन्यासको विस्तृत अध्ययन गरिएको पाइँदैन । उनको **कारागार** उपन्यासको विषयमा जे-जति अध्ययन गरिएको छ तिनलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

समीक्षा पत्रिका (वर्ष २०, अंक १६, वैशाख २०३६) मा मदनमणि दीक्षितले “वानीरा गिरी नेपाली गद्य साहित्यमा नयाँ ओज प्रदान गर्दै स्वतन्त्र आधुनिक नारी पात्रको सृजना गरेर कथानकलाई जीवनवादी बनाउँदै मनोवैज्ञानिक पक्षको उद्घाटन गर्न सफल छिन्” भनेका छन् ।

मणिकुमार थापाले वानीरा गिरीलाई लेखिएको पत्रमा “वानीराको **कारागार** उपन्यास बौद्धिकताको लचकता कवितात्मक लेखनको रसास्वादन, चमत्कारपूर्ण लेखन, अभिव्यक्ति र जीवनका व्यापक परिवेशमा टाँगिएको देशसापेक्ष समाजको बृद्ध क्यानभासमा लेखिएको बहुरङ्गी चित्र हो” भन्ने कुरा उल्लेख गरेका छन् ।

केश पथिकद्वारा समाज पत्रिका (२०४३-२-७-बुधवार) मा वानीरा गिरीलाई "एक सफल गद्य लेखिकाका रूपमा चिनाउनुका साथै कथावस्तु रोचक घतलाग्दा र आफ्नै जिन्दगीका जस्ता बनाउँदै भिन्न शैलीद्वारा पाठकलाई प्रभावित तुल्याउन सफल छिन्" भनिएको छ ।

डा. रामदयाल राकेशले गोरखापत्र (शनिवासरीय परिशिष्टाङ्क, भदौ १४, २०४३) मा "छोटा सरल र सरस वाक्यद्वारा आधुनिक पात्रको सृष्टि गरेर सामाजिक परिवर्तनका लागि कुनै पनि पात्रको नामकरण नगरेरै पनि चरित्रगत विशेषता र मनोगत प्रवृत्तिलाई प्रस्तुत गर्दै दमित र कुण्ठित यौनग्रन्थिका मनोवैज्ञानिक समस्या र यौनहीन ग्रन्थिको फुक्का वर्णन गरेर वानीरा गिरीले समसामयिक युगबोधलाई वाणी दिने प्रयास गरेकी छिन्" भनेका छन् ।

नेपाल न्युज डटकम (१३ जनवरी २००७) ले "यस उपन्यासले नेपाली समाजका महिलाहरूले कसरी कारागारभित्र विना विकल्प बाँच्न विवश छ भनेर भनेको छ ।

आइरिज पेजेज दोस्रो भोलोममा "वानीरा गिरीको **कारागार**ले पितृसत्तात्मक नेपाली समाजमा महिलामाथि हुने अत्याचारको विस्तृत व्याख्या गरेको छ" भनिएको छ ।

रेडियो वाचक अच्युत घिमिरेले थर्ड इपिसोडमा "वास्तविकतामा कैदीलाई थुनिने ठाउँ कारागार भए पनि केही अन्तरमुखीहरू आफैं कारागारमा परेको अनुमान गर्दछन् । यस्तै-यस्तै प्रौढ नारीहरूको भावनालाई यस उपन्यासले उजागर गरेको छ" भनेर अभिव्यक्ति दिएका छन् ।

सिकेलालले रिपब्लिका (सोमबार अप्रिल ३०,२०१०) मा लेखेको लेखमार्फत् मदनमणि दीक्षितलाई उदृत गर्दै **कारागार** उपन्यासले **शिरीषको फूल** उपन्यासलाई कवितात्मक प्रस्तुति र चरित्रदर्शनमा पछि पार्न सफल भएको छ भनेका छन् ।

प्रस्तावित शोधपत्रमा माथि प्रस्तुत गरिएका पूर्वकार्यहरूमा विभिन्न विद्वान, पत्रकार, समालोचक, रेडियोवाचकहरूले आ-आफ्नो तरिकाले **कारागार** उपन्यासको सामान्य रूपमा अध्ययन गरी चर्चा परिचर्चा गरेका छन् । हालसम्म पनि **कारागार** उपन्यासको विस्तृत र वृहद् अध्ययन नभएको हुँदा माथिका पूर्वकार्यहरूलाई पृष्ठभूमिका रूपमा ग्रहण गर्दै प्रस्तावित शोधपत्रमा वानीराको विस्तृत र बृहद् अध्ययन गरिएको छ ।

### १.५ शोधकार्यको औचित्य र महत्त्व

**कारागार** वानीरा गिरीको अत्यन्त चर्चित उपन्यास हो । आधुनिक उपन्यासका क्षेत्रमा यसको महवत्त्पूर्ण स्थान रहेको छ । यस कृतिका बोरमा अहिलेसम्म विस्तृत अध्ययन भएको छैन । अतः **कारागार** उपन्यासको सुव्यवस्थित र सुनियोजित ढंगले कृतिपरक अध्ययन गरी कृतिको विश्लेषण र मूल्याङ्कन गरिएको  छ । त्यसैले प्रस्तावित शोधपत्रको

अध्ययन वानीरा गिरीका बारेमा अध्ययन गर्न चाहने जिज्ञासु पाठकका लागि औचित्यपूर्ण हुन्छ । यी विविध दृष्टिकोणले प्रस्तावित शोधपत्रको औचित्य र महत्त्व स्वतः सिद्ध हुन्छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

उपन्यासकार वानीरा गिरीले उपन्यास, छोटा कविता, लामा कविता, अंग्रेजी कविता, संस्मरणात्मक लेखहरू, रूपक, ड्रामाहरूमा पनि कलम चलाएकी छिन् । प्रस्तावित शोधकार्यमा उनको **कारागार** उपन्यासको कृतिपरक अध्ययन गर्नु नै सीमा रहेको छ ।

### १.७ सामग्री सङ्कलन विधि

प्रस्तावित शोधकार्यलाई सम्पन्न गर्नको लागि मुख्य रूपमा पुस्तकालयीय विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोध निर्देशक, शोधनायक, प्राध्यापकहरूसँग सम्पर्क राखी तथा अन्तवार्ता, प्रश्नावली आदि विधिबाट सामग्रीहरू जम्मा गरेर त्यसको विश्लेषणद्वारा निष्कर्ष निकालिएको छ ।

### १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तावित शोधपत्रमा सामग्री सङ्कलन विधिबाट प्राप्त सामग्रीहरूलाई वर्णनात्मक एवं विवरणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासकार वानीरा गिरीको **कारागार** उपन्यासको कृतिपरक अध्ययन विश्लेषण गर्ने क्रममा प्रभावपरक र निर्णयात्मक समालोचना पद्धति तथा विधागत सिद्धान्तलाई पनि आधार बनाइएको छ ।

### १.९ शोधको रूपरेखा

प्रस्तावित शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदहरूलाई आवश्यकता अनुसार दशमलव प्रणालीमा अंक मिलाई शीर्षक, उपशीर्षक, उप-उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तावित शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन ढाँचा यस प्रकार रहेको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद | - शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | - वानीरा गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य परिचय |
| तेस्रो परिच्छेद | - वानीरा गिरीको औपन्यासिक यात्रा |
| चौथो परिच्छेद | - वानीरा गिरीको '**कारागार**' उपन्यासको कृतिपरक अध्ययन |
| पाँचौं परिच्छेद | - निष्कर्ष |
| सन्दर्भसामग्री सूची | |

# दोस्रो परिच्छेद

## वानीरा गिरीको जीवनी, व्यक्तित्व तथा कृतित्वको सामान्य परिचय

### २.१ जीवनी

नेपाली साहित्यको क्षेत्रमा परिचित वानीरा गिरीको जीवनी विविध घटनाहरू र सन्दर्भसँग देखिन्छ। उनको जीवनीको अध्ययन एक रुचिपूर्ण विषय हो।

### २.१.१ जन्म

भारतको पश्चिम बंगाल राज्यको दार्जलिङ जिल्लामा अवस्थित प्राकृतिक वातावरणले भरिपूर्ण खर्साङ बजारको आर्थिक दृष्टिले सम्पन्न एक गिरी परिवारमा वि.सं. २००३ साल वैशाख १९ गते वानीरा गिरीको जन्म भएको थियो। उनी बाबु श्री इन्द्रराज गिरी र आमा जानकीदेवी गिरीका छ जना सन्तानमध्ये सबैभन्दा कान्छी छोरी हुन् र नेपाली तिथि अनुसार उनी अक्षय तृतीयाको दिन जन्मिएकी हुनाले आमाबाबुले सानामा उनलाई सत्यदेवी पनि भन्थे।[३]

### २.१.२ शिक्षा

वानीरा गिरीको सुरुको पढाइ 'स्कट मिशन स्कुल' खर्साङ (दार्जलिङ) मा भएको थियो। वि.सं. २००७ सालदेखि २०१२ सालसम्मको उनको विद्यार्थी जीवन त्यसै स्कुलमा बितेको थियो। उनी चार कक्षामा पुग्नु अगावै सात वर्षको कलिलो उमेरमा मातृविहीन भएकी थिइन् अर्थात् वि.सं. २००९ सालमा उनकी आमाको मृत्यु भएको थियो। उक्त विद्यालयमा हुँदा एक कक्षादेखि छ कक्षासम्म लगातार सर्वप्रथम अङ्क प्राप्त गरी पास गरेकी थिइन्।[४]

कक्षा सातदेखि उनको पढाइ सेन्टजोसेफ स्कुलमा हुन थाल्यो। २०१३ सालदेखि उक्त विद्यालयमा अध्ययन गरेकी उनले २०१६ सालमा सोही स्कुलबाट एस्.एल्.सी. परीक्षा दिएकी थिइन्। एस्.एल्.सी. परीक्षामा उनले दोस्रो स्थान प्राप्त गरी पास गरेकी थिइन्।

स्कुले जीवनको समाप्ति र कलेज जीवनको सुरुवात सँग-सँगै उनको जीवनमा एउटा मोड आएको देखिन्छ। त्यो मोड थियो-उनको बाबुको मृत्यु। २०१९ सालमा उनको बाबुको देहावसान भए पनि त्यसै साल विशेषरूपमा जीवविज्ञान समूह लिएर पूरक परीक्षा दिई गिरी आई.एस्सी. उत्तीर्ण भइन्। त्यसपछि विज्ञानबाट कलातर्फको विषय परिवर्तन गरी बी.ए. पढ्न थालिन् र अर्थशास्त्र, शिक्षा, अंग्रेजी र नेपाली विषय लिएर 'नर्थबंगाल युनिभर्सिटी' बाट वि.सं. २०२२ सालमा बी.ए. उत्तीर्ण भइन्। त्यसपछि त्यसैसाल अर्थात्

---

[१] ज्ञानु पाण्डे, पूर्ववत्, पृ. ३।

[२] शकुन्तला रायमाझी, **वानीरा गिरीका औपन्यासिक कृतिहरुका औपन्यासिक कृतिहरुको अध्ययन**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर त्रि.वि. कीर्तिपुर,२०५६, पृ. ३६।

२०२२ सालमा उनी काठमाडौं आइन् र त्रिभुवन विश्वविद्यालयको छात्रवृत्ति अन्तर्गत नेपाली विषयमा एम्.ए. उत्तीर्ण भइन् । वि.सं. २०३० सालमा उनले त्रिभुवन विश्वविद्यालयको एक वर्षे कार्यक्रम अन्तर्गत एम्.एड्. को डिग्री पनि प्राप्त गरिन् ।[५]

### २.१.३ पारिवारिक जीवन र जागिरे जीवन

वानीरा गिरी बाबु इन्द्रराज गिरी र आमा जानकीदेवी गिरीका पाँच छोरी र एक छोरा मध्ये सबैभन्दा कान्छी छोरी हुन् । सम्पन्न परिवारमा जन्मेकी वानीराको बाल्यकाल सुखसँग बितेको थियो । २०२२ सालमा खर्साङबाट काठमाडौं आएकी वानीराको नेपालीमा एम्.ए. पढ्दा पढ्दै वि.सं. २०२३ साल फाल्गुण २२ गते जनकपुर निवासी जगत्लाल र रत्नाका जेठा छोरा इन्जिनियर शंकर गिरीसित उनको विवाह भयो ।[६]हाल उनी काठमाडौंमा बसोबास गर्दै आइरहेकी छिन् । वानीराले आफ्नो जागिरे जीवनको सुरुवातदेखि नै शिक्षण पेशा अवलम्बन गरेकी थिइन् । उनले बी.ए. को अध्ययनको अवस्थामै (२०१९) आफैले पढेको स्कुल 'सेन्टजोसेफ स्कुल' खर्साङमा पढाउन थालिन् । त्यसपछि २०२२ सालमा काठमाडौं आएर स्नातकोत्तर तह पूरा गर्ने बित्तिकै २०३५ सालदेखि पद्मकन्या कलेजमा एक वर्ष पढाइन् । २०२६ सालदेखि २०३२ सालसम्म ललितकला क्याम्पसमा र २०३२ सालदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत नव सङ्गठित पद्मकन्या क्याम्पसमा पढाउन थालिन् ।[७] हाल उनी आफ्नै घरमा जागिरबाट अवकाश जीवन बिताएर बसेकी छिन् ।

## २.२ व्यक्तित्व

वानीरा गिरी साहित्यको बहु विधामा कलम चलाउने व्यक्तित्व हुन् । यिनले साहित्यमा कविता, कथा, निबन्ध, नियात्रा, उपन्यास जस्ता विधामा कलम चलाएकी भए पनि उनको विशेष योगदान भने कविता र उपन्यास विधामा रहेको देखिन्छ । यही नै उनको साहित्यिक व्यक्तित्वको उठानका साथै चरम उपलब्धि पनि हो । कतिपय अन्य व्यक्तित्व देखिए पनि ती गौण रूपमा मात्र देखिन्छन् । कवि व्यक्तित्व पछि उनको खास महत्त्वपूर्ण व्यक्तित्व भने उपन्यासकार व्यक्तित्व हो र यसको थालनी **कारागार** (२०३५) उपन्यासबाट भएको हो । त्यसैले निचोडमा उनका साहित्यिक व्यक्तित्वलाई दुई पाटाहरूमा देखाउन सकिन्छ :

१. कवि व्यक्तित्व  २. उपन्यासकार व्यक्तित्व

---

[५] शकुन्तला रायमाझी, ऐजन, पृ. १३९ ।

[६] ज्ञानु पाण्डे, पूर्ववत्, पृ. ३ ।

[७] शकुन्तला रायमाझी, पूर्ववत् ।

### २.२.१ कवि व्यक्तित्व

२०१४ सालको **कदम बढाऊ** कविताबाट आफ्नो कवि व्यक्तित्वको छनक दिएकी वानीराले वि.सं. २०२०-२०३६ का लगभग डेढ दशकका कविता-यात्रामा वानीराका पुस्तककार दुई कविता-संग्रह सहित लगभग ८२ फुटकर कविता प्रकाशित छन् ।[८] नारी सुलभ कोमलता र सुकुमारता लिएर कविता क्षेत्रमा विशेषतः २०२० सालदेखि देखापरेकी कवयित्री वानीराका सुरुसुरुका कवितामा कोमल भावनाका साथै शैलीगत सरलता देखिन्छ भने पछिका कवितामा समसामयिक स्थितिप्रति व्यङ्ग्य र विद्रोह, असन्तुष्टि तथा निराशा र निस्सारताको साथै विसङ्गति र अस्मिताको गन्ध पनि पाइन्छ । यसरी कवयित्री वानीरा प्रथमतः स्वच्छन्दतावाद र प्रगतिवादबाट प्रभावित देखिन्छन् भने क्रमशः उनका कवितामा अति यथार्थवादी र विसङ्गतिवादी अभिव्यक्ति प्रक्रियामा पनि यथार्थ असर परेको पाइन्छ । विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट युगीन व्यक्ति मानसलाई नारीसत्ता सचेतताका साथ सुकोमल तवरले व्यक्त गर्नु उनको मूल विशेषता हो भने गीतात्मक अन्तर्लयपूर्ण गद्यात्मक काव्य शैली उनको कवितात्मक मिठासको स्रोत हो भन्न सकिन्छ ।

समष्टिमा भन्न खोज्दा दुई प्रकारका काव्य प्रक्रियाका चाँपमा उनको कवि व्यक्तित्व गतिशील रहेको छ अर्थात् उनी प्रथमतः नेपाली कविताको स्वच्छन्दतावादी-प्रगतिवादी देवकोटा धाराबाट प्रेरित हुँदै क्रमशः मोहन कोइराला आदिको प्रयोगवादी धारालाई पनि वरण गर्दै गतिशील रहेकी समसामयिक  कवयित्री हुन् ।[९] उनका माथि उल्लिखित सम्पूर्ण धारा र प्रवृत्तिहरूलाई समेट्ने निम्न कविता कृतिहरू उपलब्ध देखिन्छन्: १. **एउटा जिउँदो जंगबहादुर** २. **जीवनः थाय्मरु** ३. लामो कविता **मेरो आविष्कार** ।

### २.२.२ उपन्यासकार व्यक्तित्व

वानीराको साहित्य यात्राको सन्दर्भमा उनको उपन्यासकार व्यक्तित्व पनि एउटा महवत्त्पूर्ण पाटो हो । नेपाली उपन्यासकारका फाँटमा पारिजातको **शिरीषको फूल** (२०२२) पछि वानीराको **कारागार** (३०३५) दोस्रो महत्त्वपूर्ण नारी हस्ताक्षर हो । प्रवृत्तिगत दृष्टिले पनि यी दुई उपन्यासमा कतिपय समानता देखा पर्दछन् । काव्यात्मक उपन्यास हुनु नै यी दुबैको साझा विशेषता हो । यस अर्थमा वानीराको कवि व्यक्तित्वको यस उपन्यासमा छताछुल्ल पोखिएको सीमासम्म व्याप्त भएको पाइन्छ । कारागारमा वानीराले विसङ्गति र अस्तित्वका प्रश्नहरू उठाई बढी भावुक रूपमा प्रस्तुत गरेकी छिन् । **कारागार** उपन्यासकी हेवा बढी मुख्य नायिकाको रूपमा देखिएकी छे । त्यसैले वानीराको नारीवादी दृष्टिकोण उपन्यासमा बढी प्रष्टिएको देखिन्छ ।[१०]

---

[८] ज्ञानु पाण्डे, पूर्ववत्, पृ. १३ ।

[९] ज्ञानु पाण्डे, ऐजन, पृ. १४ ।

[१०] शकुन्तला रायमाझी, पूर्ववत् ।

**निर्बन्ध** वि.सं. २०४२ मा प्रकाशित भएको दोस्रो उपन्यास हो । यस उपन्यासमा वानीरा गिरीले आजको जीवनको ज्वलन्त मनोवैज्ञानिक समस्या यौनहीन ग्रन्थिको फुक्का वर्णन गरेर समसामयिक युगबोधलाई वाणी दिने प्रयास गरेकी छिन् । उपन्यास प्रकाशित गर्ने क्रममा वि.सं. २०५६ सालमा प्रकाशित भएको वानीराको तेस्रो उपन्यास हो-**शब्दातीत शान्तनु** । पाश्चात्य साहित्यमा प्रचलित कवितात्मक गद्य लेखनलाई नेपाली उपन्यासमा सुरुवात गर्ने उपन्यासकारको रूपमा वानीरा देखा परेकी छिन् ।

यसरी वानीराले नेपाली उपन्यासको फाँटमा विभिन्न नौलो प्रवृत्ति थप्दै विभिन्न प्रकारको कथावस्तु, शैली शिल्प प्रस्तुत गरेकी छिन् । उनले उपन्यासमा छुट्टै शैलीको प्रयोग गरेर कथ्यको सापेक्षतामा वानीराका उपन्यासहरूका धरातल फराकिलो बन्न सकेको छैनन् तर **आज रमिता छ**, **शिरीषको फूल**, **माधवी**, **घामका पाइला** आदि उपन्यासको लहरमा वानीराका उपन्यासहरू उभिएका छन् भन्न सकिन्छ ।

### २.२.३ शिक्षिका व्यक्तित्व

वानीरा गिरीले बी.ए.मा अध्ययनरत अवस्थामा नै वि.सं. २०१९ सालमा सेन्टजोसेफ स्कुल खर्साङमा पढाउन थालेपछिबाट नै उनको शिक्षिका व्यक्तित्व  सुरुभयो । त्यसपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गत २०१४ सालमा एम्.ए. पास गरेपछि २०२५ सालमा उनले पद्मकन्या कलेजमा पढाउन थालिन् । त्यसको एकवर्ष पश्चात् २०२६ सालदेखि २०३२ सालसम्म ललितकला महाविद्यालयमा उनले प्राध्यापन कार्य गरिन् र त्यसपछि २०३२ सालदेखि पद्मकन्या क्याम्पसमा उपप्राध्यापकको पदमा रही वानीराले शिक्षण कार्य गरिन् ।[११] हाल जागिरबाट अवकाश प्राप्त गरी घरमै रहेर साहित्य सिर्जना र समाजसेवामा निरन्तर लागिरहेकी छिन् ।

यसरी वानीरा गिरीको २०१९ सालदेखि आजसम्मको जागिरे जीवनका क्रममा अध्यापन व्यवसायबाट निर्मित शिक्षिका व्यक्तित्व उनको जीवनको एक महत्त्वपूर्ण पाटो हो भन्न सकिन्छ ।

## २.३ रुचि र स्वभाव

वानीरामा सानै उमेरदेखि कुनै न कुनै काममा आफूलाई लगाई रहने बानी  थियो । उनी बाबु जीवित हुँदा पनि कुखुरा पालन, ट्युसन आदि काममा अध्ययनबाट बाँकी समयको लगानी गरी सानोतिनो आम्दानी गर्थिन् । साथीभाइसँग खुब खेल्ने र तुकाबन्दी गर्ने बानी भएकी वानीरा एक्लै हुँदा कल्पनाको संसारमा हराउन पुग्थिन् अर्थात् उनी सानैदेखि कल्पनाशील देखिन्थिन् । यिनलाई सानैदेखि फूल ज्यादै पन पर्थ्यो र साथीभाइहरूबाट फूलका बिरुवाहरू जम्मा गरी आफ्नो बँगैचा सजाउने काममा यिनको ज्यादै रुचि थियो ।

[११] ज्ञानु पाण्डे, पूर्ववत्, पृ. १२ ।

अहिले पनि वानीरामा उक्त रुचि यथावत् नै रहेको पाइन्छ । उनले हाल आफू बसेको घरलाई पनि फूलहरूले सजाएकी छन् ।

पहिलेदेखिनै उनमा पाठ्यपुस्तक बाहेक अन्य किताबहरू तथा पत्रपत्रिकाहरू पनि पढ्ने बानी थियो । उनले सुरु-सुरुमा नेपाली साहित्यको प्राथमिक कालीन भानुभक्तीय **रामायण** र **भोटको लडाइँको सवाइ** तथा माध्यमिक कालीन **महाभारत, हातिमताइको कथा, गुलबकावलीको कथा, पिनासको कथा** आदि आख्यान र आधुनिककालीन लैनसिंह वाङ्देलको **माइतघर** र **मुलुक बाहिर** उपन्यासका साथै हिन्दी भाषाका **पिताका पत्र पुत्रीके नाम** (इन्दिरालाई नेहरूको चिठी) र अन्य हिन्दी पुस्तक र आख्यान उपन्यास पनि पढेकी थिइन् । त्यस्तै पत्रपत्रिकाहरूमा **भारती, गोर्खा, हाम्रो कला, युगवाणी** आदि आफ्ना परिपरि जेजस्ता नेपाली पत्रिका भेटिन्छन् हेरिहाल्ने बानी थियो ।[१२]

यस्ता सांस्कृतिक र बौद्धिक रुचि स्वभाव तथा स्वाध्यायनबाट जन्मे हुर्केकी वानीरा सुरुसुरुमा रहरले कविता कोर्ने गर्दथिन् र उनमा १२/१३ वर्षको उमेरदेखि नै कविता लेख्ने रहर उर्लिएको थियो । त्यतिबेलादेखि नै कलम समात्ने रुचि उनमा तीव्र हुन लाग्यो । अहिले पनि अध्ययनमा उनलाई रुचि छ र फुर्सदको समयमा विभिन्न किसिमका पुस्तक तथा पत्रिकाहरू पढ्ने गर्दछिन् । झट्ट देख्दा भेट्दा निकै घमण्डी जस्ती लागे पनि व्यवहारमा वानीरा त्यस्ती छैनन् । वानीरा निकै खुला स्वभावकी अर्थात् **प्रयाङ्क** खालकी छन् ।

## २.४ भ्रमण

वानीरा गिरीले आफ्नो शिक्षा भारत र नेपालमा गरेकी भए पनि विभिन्न साहित्यिक कार्यक्रममा होस् या औपचारिक र अनौपचारिक जस्तोसुकै कार्यक्रम वा आफ्नै व्यक्तिगत भ्रमणमा होस् उनले विभिन्न देशहरूमा भ्रमण गरेकी छिन् । त्यस्ता देशहरूमा नेपाल, भारत, पाकिस्तान, सोभियत रुस, अमेरिका, निदरल्याण्ड, जापान, फ्रान्स, इटली, यु.के., स्विट्जरल्याण्ड, डेनमार्क, नर्वे, थाइल्याण्ड, सिङ्गापुर, हङ्कङ आदि पर्दछन् ।[१३]

## २.५ सम्मान/पुरस्कार

वानीरा सानै कक्षादेखि विभिन्न वादविवाद प्रतियोगिता, नाटक अभिनय, खेल आदिमा भागलिने गर्दथिन् । वानीराले तेस्रो कक्षामा पढ्दा गुरुप्रसाद मैनालीको प्रसिद्ध कथा **परालको आगो** मा आधारित **चामे र गौँथली** (एकाङ्की) मा गौँथलीको अभिनय गरी सर्वोत्तम पुरस्कार पाएकी थिइन् भने त्यही देखि यिनको पुरस्कारयात्रा पनि आरम्भ भएको थियो । त्यसपछिका पटक-पटकका कार्यक्रममा सम्मान र पुरस्कार प्राप्त गर्ने वानीराले २०२२ सालमा काठमाडौँ आएपछि त्यसै साल नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट भएको पहिलो कविता उत्सवमा तत्कालीन राजा महेन्द्रबाट दिएको **निष्कर्ष** शीर्षकमा कविता लेखी

---

[१२] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** काठमाण्डौं : सहयोगी प्रकाशन, २०५७ ।

[१३] वानीरा गिरी, पूर्ववत् ।

उक्त महोत्सवका कविहरूमा दोस्रो स्थान प्राप्त गरी रजक पदक र प्रमाणपत्र पाएकी थिइन् ।[१४] यतिकैमा यिनको पुरस्कृत हुने क्रम रोकिँदैन । त्यसपछि विभिन्न संघसंस्था आदिमा सम्मानित बन्दै गोरखा दक्षिणबाहु (चौथा) रत्नश्री स्वर्णपदक, साझा पुरस्कार जस्ता महत्त्वपूर्ण  पुरस्कारबाट पनि सम्मानित भएकी छिन् ।

[१४] ज्ञानु पाण्डे, पूर्ववत्, पृ. १४७ ।

# तेस्रो परिच्छेद

# वानीरा गिरीको औपन्यासिक यात्रा, प्रवृत्ति र योगदान

## ३.१ वानीरा गिरीको औपन्यासिक यात्रा

नेपाली उपन्यासको परम्परामा आधुनिक कालको थालनी रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यासबाट भएको मानिन्छ । आधुनिक भन्न सकिने विशेषताहरू भए पनि **रूपमती**मा भएका कमजोरीहरू यस सन्दर्भमा केही खट्किने भएको हुँदा केही समालोचकहरूले यसलाई आधुनिक नेपाली उपन्यास नमान्ने विचार व्यक्त गरेका छन् ।[१५] **रूपमती**को सट्टा अर्को महत्त्वपूर्ण उपन्यासको रूपमा रूपनारायण सिंहको **भ्रमर** (१९९३) ले मात्र आधुनिकताको सुरुवात गरेको कुरा केही समालोचकहरूले मानेका छन् ।[१६] **रूपमती** उपन्यास (१९९१) देखि हालसम्म आइपुग्दा नेपाली औपन्यासिक जगत्मा विभिन्नवाद र प्रवृत्तिलाई अँगाल्दै विभिन्न उपन्यासहरू देखा परेका छन् । यसरी उपन्यास सिर्जना गर्ने क्रममा वि.सं. २०३५ देखि वानीरा गिरी नेपाली औपन्यासिक जगत्मा देखिन आएकी प्रतिभा हुन् । गिरीका हालसम्म तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । ती हुन् – **कारागार** (२०३५), **निर्बन्ध** (२०४२) र **शब्दातीन शान्तनु** (२०५६) यिनै तीन उपन्यासका प्रकाशन र प्रवृत्तिगत भिन्नताका आधारमा गिरीका औपन्यासिक यात्रालाई यस प्रकार मुख्य दुई चरणमा वर्गीकरण गर्न सकिन्छ । ती चरणहरूलाई पूर्वार्द्ध र उत्तरार्द्ध भन्नु उपयुक्त देखिन्छ ।

### ३.१.१ पूर्वार्द्ध चरण (२०३५–२०४२) सम्म

गिरीका औपन्यासिक यात्राको थालनी **कारागार** (२०३५) उपन्यासबाट भएको हो भने दोस्रो उपन्यास **निर्बन्ध** (२०४२) हो । यी दुबै उपन्यासहरू उनको औपन्यासिक यात्राका क्रममा पूर्वार्द्ध चरण अर्थात् एक दशक भित्रका प्राप्ति हुन् । उनको पहिलो उपन्यास **कारागार**ले आजको मानसिले भोग्नु परेको सामाजिक यथार्थलाई आदम र हेवाका माध्यमबाट मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरेको छ । यी दुई उपन्यासहरू गिरीका एक दशक भित्रका प्राप्ति हुन् । उनको उपन्यास **निर्बन्ध**ले आजको जीवनको ज्वलन्त मनोवैज्ञानिक समस्या, यौनहीनता ग्रन्थिको फुक्का वर्णन गरेको छ । उपन्यासकार गिरीले समसामयिक युगबोधलाई यहाँ वाणी दिने प्रयास गरेकी छिन् । वानीरा गिरीका उपन्यासहरू नेपाली औपन्यासिक जगत्मा नौलो प्रयोग अर्थात् नयाँ आयाम लिएर आएका छन् । अवचेतन मनमा अवस्थित दमित र कुण्ठित यौनग्रन्थिका सबै बन्धन र सीमाहरूलाई यहाँ निरर्थक रूपमा खेल्ने र खुल्ला वर्णन गर्ने साहस यी दुई उपन्यासले गरेको पाइन्छ ।

---

[१५] कृष्णहरि बराल, **रुपमती उपन्यासमा आधुनिकताको प्रश्न**, मधुपर्क, (वर्ष २२, अंक ६, पूर्णाङ्क ४४९, २०४६) पृ. १९ ।

[१६] नेत्र एटम **रुपनारायण सिंह, जीवनी र व्यक्तित्व**, गरिमा (वर्ष १८, अंक ७, पूर्णाङ्क २११, असार २०५७) पृ. ५५ ।

वानीराको **कारागार** उपन्यासकी नायिका आफ्नै स्वजनहरूको स्वार्थले लुटिएकी छ । आफ्नै आमाबाबुको सम्पत्ति उनको लागि बोझ हुन गएको छ । बाबुआमाको सम्पत्ति छोरीको लागि सपना नै भङ्ग गर्ने कारक तत्त्व बन्न पुगेको  छ । आफ्नै दाजुभाउजूको स्वार्थबाट पिल्सिएर उनले आफ्नै कारागारको सिर्जना गर्छे जहाँ ऊ आफैं बन्द भएकी छ । यसरी समाजमा स्वार्थले गर्दा आफन्तबाट आफन्तकै जीवन जिउने शैलीमा परिवर्तन ल्याइदिएको छ । मानिस सामाजिक प्राणी भएकाले उसलाई कसैको सहारा आवश्यक हुन्छ । लोग्नेमान्छे र स्वास्नीमान्छेबीचमा भएको मित्रतालाई शङ्काका रूपमा हेर्ने परिपाटी छ । तर यहाँ आदम र हेवाबीचको सम्झौता मित्रता शारीरिक सम्बन्धको आवश्यकता पूर्ति मात्र होइन भन्ने कुरा देखाउन खोजिएको छ । उनीहरूबीचको आवश्यकता प्रबुद्धता, सम्बद्धता, एक अर्काबीचको समझदारी हो । धनी स्वास्नीबाट अपमानित र निरर्थक ठानिएको जीवन भोग्न बाध्य भएको आदम र आफ्नै स्वजनहरूको छलकपटको कारण 'बुढीकन्ये' बस्न बाध्य परेकी हेवाबीचको सम्झौताको कारण उनीहरू भित्रै रहेको एउटा अभाव एवं स्वार्थबाट पर हटेर एकले अर्काप्रति गरेको सहानुभूति हो ।

वानीरा गिरीको दोस्रो उपन्यास **निर्बन्ध**मा नेपाली समाजको अर्को पाटो देखापरेको छ । **निर्बन्ध**  उपन्यासको बीजारोपण **कारागार**बाटै भएको हो । **कारागार**मा व्यक्त गर्न नसकेको विवशता मनको भावनालाई **निर्बन्ध**मा खुल्ला रूपमा व्यक्त गरिएको छ । मानिसले जीवनमा संस्कारको सत्तालाई स्वीकार गर्दछ । **निर्बन्ध**की नायिका बाबुको चरित्र र संस्कारलाई इच्छा नहुँदा-नहुँदै पनि प्रतिरोधात्मक स्थितिबाट बाध्य भएर आत्मसात गर्न अभिव्यक्त हुन्छे । आफ्नो बाबुको उन्मुक्त आचरण, स्वच्छन्द भौतिक सम्बन्ध, बन्धनहीन वासनाको उन्मत्त उच्छृङ्खलताबाट प्रभावित  र प्रेरित भएकी छे । नायिका स्वयं स्वतन्त्र यौनाचारका लागि अगाडि  सर्छे । पारिवारिक वातावरणको प्रभावले गर्दा प्रतिशोधात्मक मन स्थितिको सिर्जना हुन्छ र बदला लिने भावनाले ऊ तयार भइदिन्छे । आमाको अत्यन्त यौन पिपासाको मूकदर्शक नायिकाको हृदयमा आमाप्रति सहानुभूति उर्लन्छ । नायिकाको अवचेतनमा दमित रहेको मनोग्रन्थिबाट ग्रस्त भएर त्यसको प्रत्युत्तर आफैं बन्नको लागि अग्रसर हुन्छे । नायिका पारिवारिक वातावरणको प्रभावबाट वञ्चित हुन पाएकी छैनन् । किशोरावस्थामा बाबुको स्वच्छन्द यौनाचारको प्रतिकार गर्ने नायिका युवावस्थामा त्यस्तै स्वच्छन्द यौनाचारमा सहभागी भएकी छे ।

यसरी वानीरा गिरी मानिसको मनोवैज्ञानिक प्रवृत्तिगत परिवर्तनको यहाँ राम्रो विवेचन प्रस्तुत गर्न सफल भएकी छिन् । मनोविश्लेषणवादी धारा, आलोचनात्मक यथार्थवादी धारा र विसङ्गतिवादी धारामा केन्द्रित हुँदै समाजको यथार्थ चित्रण उतार्न सफल भएकी छिन् । यी उपन्यासमा मीठा, मधुर भाषाशैली प्रयोग गरिएको छ । प्रत्येक वाक्यबाट

सरलता र रसात्मकता पाइन्छ । कहीँकहीँ आलङ्कारिक भाषाशैलीको व्यामोहबाट उपन्यास वञ्चित हुन सकेको छैन ।

### ३.१.२ उत्तरार्द्ध चरण (२०४५-२०५६) सम्म

वानीरा गिरीको औपन्यासिक यात्रामा २०४३-२०५६ सम्मको अवधिलाई उत्तरार्द्ध चरण भनिन्छ । उनको २०५६ सालमा प्रकाशित **शब्दातीत शान्तनु**लाई औपन्यासिक यात्राको द्वितीय चरण वा उत्तरार्द्ध चरण मानिन्छ । **शब्दातीत शान्तनु**पछि हालसम्म पनि कुनै औपन्यासिक कृति प्रकाशित नभएकाले यिनको औपन्यासिक यात्राको अन्तिम बिन्दु यही उपन्याससम्म मानिन्छ । **शब्दातीत शान्तनु** वानीरा गिरीको तेस्रो औपन्यासिक कृति हो । यस उपन्यासमा महाभारतको पात्र शान्तनुको नवीकरणको वर्तमान आयाममा यसलाई प्रत्यारोपण गर्न खोजिएको छ । **निर्बन्ध**को सम्पूर्ण संरचना पात्रको वरिपरि बुनिएको छ । अरू समस्त पात्रहरू र कार्यव्यापार त्यसैमा अवलम्बित छन् । यस उपन्यासलाई माध्यम बनाएर वानीराले आफ्नो काव्यात्मक भाव प्रवीणताद्वारा हाम्रो समाजको एउटा कालखण्डको आदर्श गाथालाई सूत्रवद्ध गरेकी छिन् । बस्तीपुरमै जन्मिएर हुर्केका शान्तनु विशाल वटवृक्ष झैं उभिएका छन् । शिष्ट, शालीन, भलाद्मी, दयालु, मानवतावादी शान्तनुको जीवन सङ्घर्षसँग एउटा शताब्दीको महत्त्वपूर्ण कालप्रवाह त्यसमा घटित हुन पुग्छ । त्यहाँ उनकी आदर्श पत्नी शकुन्तलादेवी संघर्षशील माता, छिमेकी, नोकरचाकर, पाहुना, जिमिनदार्नी, सोमे साहिँलो, माडसाहेब आदि विभिन्न व्यक्तिहरूको जीवनचक्र वटवृक्षको शीतलतामा चलिरहेको छ ।

अन्तमा शान्तनुको अपार उदारता र दानी स्वभावका कारण आर्थिक समस्या आइपरेको छ । सारा वैभवहरू हराउँदै जान्छ, आफन्त, छरछिमेक, नोकरचाकर सबैबाट टाढा हुन पुग्छन् । आफूले जति सेवा गरे पनि बदलामा शून्य हात लाग्दछ । शान्तनु मानसिक रूपले पीडित हुँदै जान्छन् । मानिसलाई गुण लगाएर बदलामा आफ्नो आर्थिक समस्या टार्न घरखेत बन्दकी राख्न परेको छ तर उनलाई कसैप्रति गुनासो छैन । सबैले साथ दिन छोडे पनि आफ्नी पत्नीसँगको मिलनमा उनले जीवनलाई समाएका छन् । अतः शान्तनुको अपार, उदारता र दानी स्वभावका कारण आर्थिक विघटन भोग्न परेको हो भन्ने कुरा दर्शाउँदै समाजको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । यस उपन्यासमा आइपुग्दा पनि वानीरा गिरीले सामाजिक यथार्थवादका साथै मनोविश्लेषणात्मक र विसङ्गतिवादलाई अँगाल्न पुगेको पाइन्छ । **शब्दातीत शान्तनु** बस्तीपुर वा एउटा ठाउँ विशेषको विशेष मौलिक रंग संयोजनको हिसाबले एउटा महत्त्वपूर्ण र सार्थक कृति बन्न पुगेको छ । वानीरा गिरीले आफ्नो काव्यात्मक भाव प्रवीणताद्वारा हाम्रो समाजको एउटा कालखण्डको एउटा आदर्श

गाथालाई सूत्रबद्ध गरेकी छिन् । यो कृति एउटा आख्यान प्रधान लामो कविता हो । लेखकले ठाउँठाउँमा कविताको चाप र प्रभावलाई उन्मुक्त गरेकी छिन् ।

उत्तरार्द्ध चरणमा लेखिएको यो कृति पूर्वी नेपालको तराई सिराहाको गाउँ बस्तीपुर र त्यहाँको रहनसहन, बोलीचाली आदि छुट्टै प्रस्तुति यस उपन्यासमा दिएकी छिन् । विषय र कथ्यको सापेक्षतामा त्यसको फरक र धरातल फराकिलो बन्न सकेको छैन । यसमा द्वन्द्व र गद्यात्मकता पक्ष कमजोर छ । समग्र कलाकृति नदी जस्ता वेगवान् नभएर स्थिर तलाउ जस्तो देखिन्छ । अन्य दुई उपन्यास भन्दा यस  उपन्यासमा भिन्न किसिमको भाषाशैली पाठकको साम् वानीराले प्रस्तुत गरेकी छिन् ।

### ३.२ वानीरा गिरीका औपन्यासिक प्रवृत्तिहरू

उपन्यासकार वानीरा गिरीका औपन्यासिक प्रवृत्तिहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :–

#### ३.२.१ मनोवैज्ञानिक (मनोविश्लेषणवादी) उपन्यासकार

वानीरा गिरी मनोविश्लेषणवादी उपन्यासकार हुन् । पात्रहरूको अन्तर्मनको खुल्दुलीलाई निकै नजिकबाट केलाउन सफल भएकी छिन् । **कारागार** र **निर्बन्ध** उपन्यासको मनोवैज्ञानिक गहिराइलाई धेरै नजिकबाट छोएको छ । मनोविश्लेषणको प्रयोग आधुनिककालका उपन्यासहरूमा थोरै धेरै सबैमा पाइएको छ । मनोविज्ञानको प्रयोग भएका प्रथम उपन्यास गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (२०१६) हो । त्यसपछि सिर्जना भएर प्रकाशित भएका उपन्यासहरूमा मनोविश्लेषणको प्रयोग भएको उपन्यासहरू प्रशस्त देखिएका छन् । वानीरा गिरीले पाश्चात्य साहित्यमा देखापरेको फ्रायडको मनोविश्लेषणको सिद्धान्तलाई आत्मसात् गरेर मनोविश्लेषणात्मक उपन्यास सिर्जना गरेको पाइन्छ ।

**कारागार** उपन्यासले ईर्ष्या, स्वार्थ, विसङ्गति, कुण्ठा आदिको यथार्थ उद्घाटन गरेको छ । **कारागार** दाजुभाउजूको स्वार्थबाट पीडित भएर बुढीकन्ये बसेकी नारीको एक्लो जीवन, आफैं सिर्जना गरेको कारागारमा बन्द भएर एक्लो जीवन बिताउन परेको पीडाको कथा हो । जब आमाबाबुले अकालमै हाम्रो मृत्यु भयो भने छोरीले दुःख पाउँछे भनेर आफ्नो भएको सम्पत्तिको केही हिस्सा छुट्याएका थिए । दाजुभाउजूको स्वार्थले गर्दा बहिनीको विवाह पनि गरिदिँदैनन् । बहिनीको विवाह गरिदिएमा पुर्ख्यौली सम्पत्ति पनि बहिनीकै हुन्छ भन्ने स्वार्थले विवाह गर्ने समय नै आलटाल गरिदिन्छन् । बहिनीलाई हेर्न आएका केटाहरूलाई पनि विभिन्न खोट देखाउँदै दोष लगाउँदै तर्काउन सफल हुन्छन् । यसरी नायिका आफूले मन पराएका केटाहरू माग्न आउँदा आउँदै पनि दाजुभाउजूले विवाह गरिदिँदैनन् र विस्तारै नायिका कुण्ठित हुँदै जान्छे । आमाबाबुको मृत्युपश्चात् विवाह नगरी केवल बनावटी माया दिएर राख्ने प्रयास गर्छन् । नायिकाले दाजुभाउजूको वनावटी माया-ममता देखेर डेरा खोजेर

एक्लै बस्न थाल्छे । धनी पत्नी विवाह गरेको र त्यो पत्नीले लोग्नेलाई पतिको रूपमा मानवीय व्यवहार नगरेर अन्य पर-पुरुषसँग प्रेमिकाको रूपमा सक्रिय भएकी एक श्रीमतीको लोग्ने नै उसको साथी बनेको छ । एकातिर श्रीमतीबाट अपमानित भएको विवाहित पुरुष अर्कोतिर आफन्तको स्वार्थबाट लुटिएकी युवतीको सम्बन्ध र सम्पर्क बढ्दै जान्छ । ती दुईको सम्बन्धको कारण शारीरिक आवश्यकता पूर्ति होइन यिनीहरूका आवश्यकता उनीहरू भित्रैको अभाव हो । एकले अर्काप्रति गरेको सहानुभूति हो ।

विभिन्न सम्झौता गर्दै रहन गएको सम्बन्ध एक दिन मुक्तिको कामना गर्न पुग्छे । सारा ऐकान्तिकता सारा असन्तुष्टिहरू, अधुरोपनहरू, निरर्थकताहरू, बाँझोपनाहरूका सारा बौद्धिकताहरू र सारा दर्शनहरूले टनाटन भरिएको कारागारबाट उसले मुक्ति चाहन्छे । मनभित्र कुण्ठित यौनेच्छा र आमा बन्ने भोकको क्षतिपूर्तिका लागि ऊ सन्तानको चाहना गर्छे । नायकको चेतन मनले उसलाई त्यसो नगर्न सुझाव दिन्छन् । नायकले नायिकालाई सम्झाउँदै भन्छ 'तिमीले सोचेजस्तो शान्त र सुखी संसार छैन । धेरै अप्ठ्याराहरू छन्, त्यसैले यस्तो बन्धनमा पर्ने इच्छा नराख भन्दै' सम्झाउन पुग्छ । यसरी नायिकाको अवचेतन मनले मागेको कुरालाई नायकले पूर्ण गरिदिँदैन, तर साथ दिइरहेको हुन्छ । आदम र हेवाको सम्झौताको कारण शारीरिक आवश्यकता पूर्ति होइन तर एकचोटी हेवाले आदमसँग सन्तानको माग गरेकी छन् । वानीरा गिरीले नेपाली उपन्यासका क्षेत्रमा मनोविश्लेषणलाई अगाडि सारेकी छिन् । त्यसमा पनि नारीलाई अझ बढी मान्यता दिएकी छिन् । प्रयोगवादी शिल्पलाई मनोविज्ञानको सूक्ष्मतामा स्थापित गरेर मनोविश्लेषणात्मक उपन्यास लेखेको पाइन्छ ।

वानीराको दोस्रो उपन्यास **निर्बन्ध**की नायिका परम्परा र रुढिप्रति विद्रोह उकेल्ने, नारी स्वतन्त्रताको पक्षपाती तथा पुरुषशासित समाजको सङ्कीर्णताको विरोध गर्ने पात्रका रूपमा देखिएकी छिन् । **निर्बन्ध**की दुलहीलाई कामलम्पट पुरुषसँग प्रतिकार गर्ने स्वास्नीमान्छेको रूपमा देखाएकी छिन् । यस उपन्यासकी नायिका कामलम्पट बाबुको चर्तिकला हेरेर हुर्कन्छिन् । दाजुको विछोड सहेर हुर्कन्छिन् । बाबु भोको बाघ बनेको छ भने आमा सुधी गाई बनेकी छन् । "भरे बाबु साहेबको कोठामा जा है, तँलाई राम्रो चिप्लो साडी दिउँला" जस्ता वाक्यहरू सुन्दै हुर्केकी नायिकामा तनावहरू बढ्दै गइरहेको हुन्छ । दुलहीमा परपीडन रतिको विकास भएको छ । जसले गर्दा लोग्नेलाई दुःख दिएकी छिन् र दुःख दिन पाउँदा उनी रमाएकी छिन् । किशोरावस्था देखिनै बाबुको उन्मुक्त आचरण स्वच्छन्द यौनिक सम्बन्ध बन्धनहीन वासनाको उन्मुक्त उच्छृङ्खलबाट प्रभावित एवं प्रेरित नायिकामा मातृरति ग्रन्थि र पितृ विरोधी ग्रन्थिको निर्माण हुन्छ । उनी आमालाई भन्न पुग्छिन् 'आमा म त तिम्रा ती आँखालाई आँसुका महासागरीय जलबाट मुक्त पारी जीवन्त तुल्याउँछु ।'

बाबुसँग प्रतिकारको भावना राख्दा राख्दै नायिका लोग्नेसँग प्रतिकार गर्न पुग्छिन् । ससुराली धनको चमक-दमक भनौं वा सानी फुपूको टुहुरो भतिजो हुनुको हीनताबोध दुलहीको श्रीमान् आत्म केन्द्रित हुन्छन् । विवाहपूर्व नै यौन सम्बन्धमा सक्रिय भएकी दुलही विवाहपश्चात् पनि उनलाई पश्चाताप हुँदैन र त्यही क्रम चालु राख्छन् । लोग्नेको स्वाभिमान, बौद्धिक प्रेम, सहिष्णुता सबै बालुवामाथि पानी खन्याए सरह हुन्छ । आफ्नो अस्तित्व लुकाउन उनी अर्कै स्वास्नीमान्छेको माया र सौहार्द्रतामा अल्मलिन पुग्छन् । दाजुसँगको विछोड, बाबुसँगको ईर्ष्या भावमा विवाहपछि पनि दन्किरहेको प्रतिशोधको ज्वाला निर्दोष लोग्नेमाथि निभाउन पुग्छन् । अन्तमा सेतो कपडामा आफूलाई आबद्ध गरेपछि दुलहीले आफ्नो प्रतिकार समाप्ति देख्छिन् । जब दुलाहाको मृत्यु हुन्छ, उसको अखण्डित प्रतिकारमा आघात पुग्छ । त्यसपछि मात्र दुलहीले पहिलोपल्ट आफू स्वास्नीमानिस हुनुको वास्तविक अर्थ थाहा पाउँछिन् । नायिका आफू केही बुझ्ने अवस्थामा पुगेदेखि नै उसमा मातृरति ग्रन्थि र पितृविरोधी ग्रन्थिको विकास भएको छ । जसले गर्दा उनी अन्तर्मुखी भएकी छन् । आफ्नै शरीर रूप देखेर दङ्ग पर्छिन् । राम्री धनी बाबुकी एक्ली छोरी भएकी हुँदा उसमा अहम्को उच्चता रहनुका साथै विवाहित लोग्नेप्रति बदलाको भावना उत्पन्न भइरहेको छ ।

वानीरा गिरीको तेस्रो उपन्यास **शब्दातीत शान्तनु** जसका पुरुष पात्र शान्तनु प्रतीक पुरुष हुन् । महाभारतको पात्र शान्तनुको नवीकरणको वर्तमान आयाममा यसलाई प्रत्यारोपण गर्न खोजिएको छ । शान्तनुमा मातृरति ग्रन्थिको विकास भएको छ । सङ्घर्षशील माताको प्रेरणाबाट उनमा उदारता र दानी स्वभावको विकास भएको छ । शान्तनु आफू अन्त्यमा सहयोगी छन् । आफ्नो भएको वैभव धनसम्पत्ति पनि सबै नातापाता इष्टमित्रको सेवामा रित्याउँछन् । आफूलाई आपत्–विपद् पर्दा कसैले सहयोग गर्दैनन् । उनलाई पश्चात्ताप हुँदैन । बाहिर पीडा देखाउँदैनन् । मानसिक यातना सहनु परेको छ भन्ने कुरा उनको व्यवहारले जनाएको छ । दमन गर्ने शान्तनुको इच्छा र रहरहरू थिचोमिचो भएको छ । शान्तनुमा विभिन्न ग्रन्थिको निर्माण भएर मानसिक रोगको उत्पत्ति भएको छ । चेतन मनले अचेतन मनमा रहेका दमित सुषुप्त वासनालाई बाहिर आउन दिएको छैन । चेतन मन र अचेतन मनको बीच द्वन्द्व चलिरहेको छ । त्यसैले सपनामा पनि दमितमनको प्रष्फुटन भएको छ । 'शब्दातीत शान्तनु' उपन्यासमा घटनाको सहज उपस्थितिसँगै घटनाहरूको मनोवैज्ञानिक चिरफार पनि छ । यसरी चेतन मनले देखाउन नचाहेका शान्तनुको मनभित्र रहेको कुरालाई अचेतनले प्रदर्शित गर्न पुगेको छ । अर्काको सेवा गर्दा गर्दै आफू टाँट पल्टिए पछि पनि आफूलाई कसैले पनि वास्ता गर्दैन । अलिकति मात्र पैसा सापट लिएमा पनि जग्गा नै टुक्रा पारेर दिनुपर्दा शान्तनुलाई आफ्नै शरीरको मासुको टुक्रा दिए जस्तो लाग्छ । उनले कसैसँग पनि गुनासो पोख्न सक्दैनन् र दोष पनि लगाउँदैनन्

अन्तमा शान्तनुको अन्तर्मनमा आघात पर्दछ । हीनताको भावना जागृत हुन्छ र सपनाले पनि तर्साउन थाल्छ ।

यसरी शन्तनुमा अन्तर्द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी ईर्ष्या, संशय, क्रोध, स्वार्थ, पश्चाताप, आन्तरिक द्वन्द्व, चेतन, अवचेतन, अर्द्धचेतन मनको विश्रृङ्खलित अनुभूतिहरू यथावत् अङ्कन परपीडन रति दमन, कामवृत्ति जस्ता मानवीय अन्तर्मनको यथार्थ चित्रण वानीराले आफ्ना उपन्यासहरूमा गरेकी छिन् । माया, ममता, करुणा, मनोभावलाई पनि बाहिर प्रकट गरेर मान्छेभित्रै रहने हार्दिकता, विशालता आदिको गहिराइको विशेष परिचय दिन वानीरा सफल भएकी छिन् ।  आजको जीवनको ज्वलन्त मनोवैज्ञानिक समस्या यौनहीनता ग्रन्थिको फुक्का वर्णन गरेर उपन्यासकार वानीरा गिरीले यहाँ वाणी दिने प्रयास गरेकी छिन् ।

### ३.२.२ आलोचनात्मक याथार्थवादी उपन्यासकार

समाजमा देखिएका शोषण, कुरीति र अरू विभिन्न विसङ्गत तत्वहरूलाई औंल्याउँदै तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नु पर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । यसले सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दछ । **कारागार**की नायिका आफन्तकै स्वार्थले पिल्सिएकी छन् । उनका आमाबाबुले छोरीको सुखद् भविष्यको लागि भनेर छुट्याएको सम्पत्तिको शोषण भएको छ । उनले मनमा उर्लिएका भावनाहरूलाई दमन गरेर राखेकी छन् । **कारागार**को नायिका स्वतन्त्र रूपमा बाँच्न पाएकी छैनन् । दाजुभाउजूले उसको हक र अधिकारभित्रको धनसम्पत्ति उसलाई उपयोग गर्न दिएका छैनन् । बहिनीलाई वनावटी माया ममतामा भुलाउँदै उसको हक र अधिकारलाई हनन् गरेका छन् । समयमै विवाह नगरी दिएर एउटा सुनौलो हराभरा जिन्दगीलाई उराठिलो बनाइदिएका छन् । नायिकाले चाहेको जस्तो जिन्दगी जिउन पाएकी छैनन् । यहाँ हाम्रो समाजको परम्परागत मान्यतालाई दाजुभाउजूले उलङ्घन गरेका छन् । जब नायिकाका आमाबाबुको मृत्यु हुन्छ, दाजुहरू घरजम गरेर बस्न पुग्छन् । समय बितिसक्दा पनि आफू अविवाहित अर्थात् समाजको नजरमा बुढीकन्ये बस्न परेकोमा उनलाई आन्तरिक पीडा भएको छ । उनले आफ्ना दाजु र भाउजूहरूसँग भिडेर आफ्नो हक र अधिकार लिन खोजेकी छैनन् । नायिकाले चाहेको खण्डमा मन मिल्ने व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम राख्न पाउनु पर्ने थियो, तर त्यसो गर्न सकिनन् । समाजका कुरीति, अन्धविश्वास, भ्रम र सडेगलेका विचारको निन्दा र आलोचना वानीराको उपन्यासमा पाइन्छ । उनको पहिलो उपन्यास **कारागार**मा नायिका अधिकार प्राप्तिको लागि अगाडि बढेकी छैनन् । उनी निराश छिन्, तर **निर्बन्ध**मा अधिकार प्राप्तिको लागि सक्रिय भएर नायिका अगाडि बढेकी छिन् । समाजका विसङ्गत कुराहरूको विरुद्ध लडेर नयाँ मानवीय चरित्र र व्यवस्थाको उत्थान गर्ने प्रयास **निर्बन्ध** उपन्यासमा वानीराले गरेको पाइन्छ । त्यसैले वानीराका उपन्यासमा

आलोचनात्मक याथर्थवादको राम्रो प्रस्तुति भएको उपन्यास **निर्बन्ध** हो । यस उपन्यासमा बाबुले गरेको अनैतिक कामहरू स्वच्छन्द यौनिक सम्बन्ध र निर्बन्धित जीवनबाट आउने दुर्दशाको आलोचनात्मक व्याख्या गरिएको पाइन्छ ।

गाईजस्ती सोझी आमालाई चतुर, अनैतिक, भ्रष्ट, कामलम्पट बाबुको कारणले पारिवारिक वातावरण कसरी भत्किएको छ, सुन्दर घरमा कसरी आगो लागेको छ भन्ने कुरा कुशलतापूर्वक देखाइएको छ । मानिसको जीवनसँग उपन्यासलाई जोडेर समाज अगाडि पुऱ्याउने मूल धाराको रूपमा आलोचनात्मक यथार्थवादी धाराले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसरी वानीरा गिरीका उपन्यासमा आलोचनात्मक यथार्थवादी धाराको राम्रो प्रयोग भएको पाइन्छ । वानीराका उपन्यासहरूमा स्वच्छन्द रूपमा विकृतिबाट मुक्तिका लागि उत्प्रेरित गरिएको छ । समाजमा घट्न सक्ने घटनालाई राम्ररी देखाउन खोजिएको छ । सहरीया वातावरणमै भोग्नु परेका पीडा र दुःख दर्द, आफन्तले गर्नुपर्ने कर्तव्यबाट वञ्चित भएर समाजमा भोग्नु परेका बाधा, व्यवधान, एक्लो भएर जिउनु परेको शून्य जीवन, निराश वातावरण आदि कुरालाई स्पष्ट रूपमा वानीराले देखाउन खोजेको पाइन्छ । वानीरा गिरीका उपन्यासहरूमा आलोचनात्मक यथार्थवादी धारा प्रवल रूपमा फस्टाएको देखिन्छ ।[१७] त्यसैले आलोचनात्मक  यथार्थवाद वानीराको औपन्यासिक प्रवृत्ति हो र यो विशेष गरी उनका पहिलो चरणका दुई उपन्यासहरूमा पाइन्छन् ।

### ३.२.३ निराश र कारुणिक भावका उपन्यासकार

वानीराका सम्पूर्ण उपन्यासहरू कारुणिक र दुःखान्तमय छन् । उनी मानव मनको गहिराइसम्म पुग्न र उनीहरूका व्यथा र वेदनाहरू पहिल्याउन अत्यन्त सिपालु छिन् । वानीराको उपन्यास **कारागार**का प्रमुख पात्रहरू आदम र हेवा हुन् । यिनीहरूका जीवनका व्यथाहरू निराश, कारुणिक र दुःखान्त छन् । आफ्नै आमाबाबुको सम्पत्ति नायिकाको लागि बोझ हुन गएको छ भने आफ्नै स्वजनहरूको स्वार्थले लुटिएकी छन् । ससुरालीको धनको चमक-दमक र सानी फुपूको टुहुरो भतिजो हुनुको हीनता बोधको कारण दुलहीको श्रीमान् आत्मकेन्द्रित हुन पुगेका छन् । स्वजनको स्वार्थले लुटिएकी नायिका र स्वास्नीको हैकममा देखिएको नायकको जीवनकथा व्यथा र पीडा अत्यन्त कारुणिक र निराश बन्न पुगेका छन् । त्यसैगरी **निर्बन्ध** उपन्यासकी नायिकाकी आमा र लोग्ने पनि अत्यन्त कारुणिक जीवन व्यतित गर्न पुगेका छन् । कामलम्पट बाबुको चर्तिकलाले गर्दा आमाको आँखामा  आँसुको वर्षा भई नै रहेको हुन्छ । अन्य स्त्रीसँग आफ्नो लोग्नेलाई देखे पनि रातभर तास र जुवामा भुले पनि घरकै नोकर्नीसँग रात बिताए पनि आमा मूकदर्शक भइदिन बाध्य छिन् । आफ्नै माइतीको सम्पत्ति आमाले उपभोग गर्न नपाएर श्रीमतीको सम्पत्ति उठाउँदै त्यही श्रीमतीलाई अवहेलना गरेको स्थिति छोरीले देखेकी छन् । त्यसैबाट बाबुबाट पाएको शिक्षाले

---

[१७] नेत्र एटम र कृष्णहरि बराल, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो. सं., काठमाण्डौं : साझा प्रकाशन, २०५८, पृ.१४४ ।

**निर्बन्ध**की दुलही पनि अग्रसर हुन्छिन् । बाबुले आफ्नी आमालाई दिएको यातनाको प्रतिकारमा ऊ उन्मुक्त जीवन बाँचेर बस्छिन् । आमाले पाएको यातनाको बदलामा नायिका आफ्नो श्रीमान्लाई यातना दिन्छिन् । श्रीमान्को बौद्धिक प्रेम, सहिष्णुता सब बालुवामा पानी खन्याए सरह हुन्छ । यसरी **निर्बन्ध** उपन्यासमा नायिकाकी आमा र श्रीमान्को स्थिति अत्यन्त कारुणिक र निराश छ । नायक आफ्नो अस्तित्व जोगाउन खोज्दा खोज्दै श्रीमतीबाट हेपिएकै स्थितिमा मृत्युको मुखमा पुग्दछ । उपन्यासमा दया-माया र ममता उर्लेर आउँछ, तर समय धेरै बितिसकेको हुन्छ ।

**शब्दातीत शान्तनु** उपन्यासका नायक शान्तनु अत्यन्त उदास, दानी र सहयोगी छन् । उनले समाजमा आइपरेका दुःख र पीडालाई सहँदै सबैको उद्धार गरेका छन् । बस्तीपुरको लागि शान्तनु विसाल वटवृक्ष हुन् । उनले सबैलाई शीतलता प्रदान गरेका छन् तर आफूलाई समस्या आइपर्दा अरू कसैले पनि सहयोग गर्दैनन् । शान्तनु अरूलाई पनि पीर पार्न नसक्ने र अत्यन्त दयालु स्वभावका मानिस छन् । जसलाई सहयोग गरेका छन्, उनीहरूकै घृणा र अवहेलनाबाट थिचिएका शान्तनु मानसिक यातना खपेर बाँचेका छन् र उनकी दुलहीमा मात्र आत्मीयता बचेको छ । **शब्दातीत शान्तनु**का पात्र सोमे साहिँलोले पनि आफ्नी विवाहित श्रीमतीलाई अत्यन्त सताएको छ । आमालाई सताएको छ । भएको श्रीसम्पत्ति एउटा मात्र छोरो सोमे साहिँलोले सिध्याएको छ । त्यही पीर चिन्ताबाट बाबुको मृत्यु हुन्छ । एउटी छोरी जन्मन्छे तर उसको पनि मुखभरि दाँत हुन्छ । त्यसको दोष पनि श्रीमतीमाथि थोपरिदिन्छ । त्यसरी जाँड, रक्सी, जुवा, तासको कुलतमा फसेर सोमे साहिँलोले श्रीसम्पत्ति सिध्याउँछ । हुँदा-हुँदा ऊ भएको गरगहना पनि घर्तिनीलाई लुटाउँछ । जबसम्म साहिँलो रोगी हुन्छ, त्यस बेलासम्म घर्तिनीले साथै राख्छे र खान बस्न दिन्छे । साहिँलोलाई यौन रोग लाग्छ भन्ने थाहा पाएर घर्तिनीले निकालिदिन्छे । बाटामा घृणित अवस्थामा फालिएको हुन्छ । अन्तमा शान्तनुले आश्रय दिन्छन् ।

यस उपन्यासमा विभिन्न पात्र, घटना र चरित्र देखापरेका छन् र ती पात्रहरूको जीवन कारुणिक र निराश छ । अतः वानीराका तीनवटै उपन्यासमा कारुणिकता र निराशा पाइन्छ । अन्य उपन्यासकारहरूमा जस्तै वानीराका उपन्यासमा निराश वातावरण तथा दुःखान्त कथा पाइन्छ । त्यसैले निराशा र कारुणिकता वा दुःखान्त प्रवृत्ति वानीराको अर्को औपन्यासिक प्रवृत्ति हो ।

### ३.२.४ सामाजिक यथार्थवादी उपन्यासकार

नेपाली उपन्यासको क्षेत्रमा सामाजिक याथर्थवादीको प्रयोग प्रथमतः लैनसिंह वाङ्देलबाट भएको पाइन्छ । उनीबाट प्रयोग गरिएको यथार्थवादी परम्पराको अनुसरण गर्दै धेरै उपन्यासकारहरूले उपन्यासको रचना गर्न पुगेका छन् । यथार्थवाद भन्नु नै वस्तुको

यथार्थरूपलाई प्रकट गर्नु हो । वस्तु जस्तो छ त्यस्तै रूपमा दुरुस्त चित्रण नगरेर हामीलाई जस्तो लाग्छ त्यस्तै रूपमा कलात्मक अभिव्यक्ति दिनु यथार्थवाद हो ।

**कारागार** उपन्यासमा देखापरेकी नायिका हाम्रै समाजको यथार्थ पात्र हो । आमाबाबुको सम्पत्तिमा छोरीको अधिकार हुँदाहुँदै पनि स्वार्थका कारणले दाजुभाउजूले विवाह गरिदिँदैनन् । नायिका दाजुभाउजूको स्वार्थबाट पिल्सिएकी छन् । उनी आफैँ कारागर सिर्जना गर्न पुग्छिन् र त्यसैमा बन्द पनि भएकी छन् । समाजका सम्पूर्ण मान्यता र सम्झौता नैतिकतालाई मान्न उनी तयार छैनन् ।  एक्लो महसुस भएको जिन्दगीमा चेतनमनमा दबाएर राखे पनि अचेतन मनले जीवनसाथीको खोजी गरेको हुन्छ । नायिका विवाहित लोग्नेमान्छेसँग सम्झौता गर्न पुग्छिन् । सम्झौताको कारण शारीरिक आवश्यकता पूर्ति होइन भन्दाभन्दै पनि एकचोटी नायिकाले आदमसँग मुक्तिको कामना गर्दछिन् र आमा बनेर कारागरबाट मुक्त हुन चाहेको चाहना व्यक्त गर्दछिन् । आदमले हेवाको मानसिकतामा पनि हेवालाई आमा बन्न सक्ने सौभाग्य दिन चाहँदैन । आदम पनि धनी दुलहीबाट अपहेलित र अपमानित निरर्थक ठानिएको जीवन भोगिरहेको छ । **कारागार**को कथावस्तु रोचक र घतलाग्दो छ । हामीले नै भोग्नुपर्ने हाम्रै जिन्दगीका जस्ता कथाव्यथाहरू छन् । हामीमध्ये कतिले आदमको जिन्दगी भोगिरहेका छौँ भने कतिले हेवाको र बाबुआमाको जिन्दगी भोगिरहेका छौँ ।[१८]

समाजमा बसेपछि  सामाजिक व्यवहारबाट टाढा रहेर आफ्नो काम अगाडि बढाउन सकिदैन । **निर्बन्ध**की नायिका (दुलही) ले भोगेजस्तो जीवन पनि हाम्रो समाजका कतिपय छोरीले भोगेका छन् भने दुलहीको बाबुजस्तो अनैतिक व्यवहार गरेर आफ्नो सुन्दर परिवारमा अशान्ति फैलाउने र सोझा सीधा श्रीमतीहरूलाई आँसुको पोखरीमा पौडी खेलाउने श्रीमान्हरू पनि समाजमा पाउन सकिन्छ । हाम्रो समाजमा माइतीको धन-सम्पत्तिको रवाफमा लोग्नेलाई दबाबमा राख्ने प्रवृत्ति पनि यदाकदा देख्न पाइन्छ ।

**शब्दातीत शान्तनु**का पात्रहरूले भोग्न परेको जीवनको दुर्दशा पनि हाम्रै समाजको कथा व्यथा हो । अर्काको सेवामा कत्ति दानी उदार मानिसहरूको जिन्दगी खर्च भइरहेको छ । एउटा विशाल शीतल बोट वृक्ष बनेर सबैलाई साथ दिँदा दिँदै अलिकति मात्र असह्य अशक्त भएपछि सबैले साथ छोडिदिन्छन् । मानिस बाहिर खुसी हँसिलो देखाएता पनि भित्रभित्रै जलिरहेका हुन्छन् भन्ने कुरा यी पात्रका माध्यमबाट देख्न सकिन्छ । यसरी वानीरा गिरीका उपन्यासमा समाजको यथार्थ मनको यथार्थ, प्रगतीवादी यथार्थ आदि केही मात्रामा भए पनि देखा परेको छ । गरिब र आश्रयहीन भएर अर्काको भरोसामा जिन्दगी बिताउनु परेको यथार्थलाई **शब्दातीत शान्तनु**का बर्तेया भाउजू, थामेकी आमा, भान्से बाहुन, बाहुनी, नोकर चाकर आदिको जीवन चित्रणबाट अभिव्यक्त भएको छ । विशाल धनराशी भएर पनि

[१८] केशपथिक पूर्ववत्, पृ.४ ।

एकदिन आर्थिक र मानसिक गरिबीको जिन्दगी बिताउन परेका सन्तनुको जीवनले समाजको यथार्थलाई देखाएको छ । त्यसैगरी कारागारमा प्रवेश गर्दा आफन्त कोही नभएकी विधवा पछि नायिकाको आमाबाबुको मृत्युपछि त्यस घरको जेठो छोरोसँग विवाह गरी उल्टो घरको हैकम चलाउने नारी पात्रको जीवनचरित्रबाट अभिव्यक्त गरिएको छ ।

वानीराले सिर्जना गरेका उपन्यासका कथावस्तुहरू हाम्रै समाजका घटना हुन् । हाम्रै समाजका जस्ता पात्रहरू छन् र परिवेश छ । छोटा, सरल र सरस वाक्य रचनाहरू मिठो र मधुर भाषाशैली र कतैकतै आलङ्कारिक भाषाशैलीको माध्यमबाट समाजको विषयवस्तुको यथार्थ चित्रण गरेको पाइन्छ । **शब्दातीत शान्तनु**मा विभिन्न संवादको प्रयोगमा पनि समाजको यथार्थलाई प्रस्तुत गरिएको छ । अतः वानीरा गिरी नेपाली उपन्यास परम्परामा यथार्थवादलाई आत्मसात गरेर उपन्यास लेख्ने उपन्यासकार हुन् । यथार्थवादी प्रवृत्ति वानीरा गिरीको अर्को औपन्यासिक प्रवृत्ति हो ।

### ३.२.५ प्रयोगवादी उपन्यासकार

सभ्यताको विकास हुँदै जान्छ र युग पनि बदलिरहन्छ । यस क्रममा नयाँ-नयाँ विचार हुँदै जान्छन् । हरेक युगको चेतना र दर्शनहरू आफ्नो अभिव्यक्ति दिनको लागि उपयुक्त आयामको खोजीमा लाग्दछन् । नयाँ मोड, छटपटि र परिवर्तनलाई प्रस्तुत गर्ने विभिन्न बाटाहरूको खोजी गर्नु नै प्रयोगवादको उत्पत्ति हो । वानीरा गिरीका उपन्यासहरूमध्ये पहिलो चरणको दोस्रो उपन्यास प्रयोगवादी धाराको उपन्यास हो । उपन्यासकार गिरीले **निर्बन्ध** उपन्यासमा बढो कुशलतापूर्वक कुनै पनि पात्रको नामकरण नगर्दै सबै पात्रहरूको चरित्रगत विशेषता र मनोगत प्रवृत्तिलाई प्रस्तुत गरेकी छिन् । उपन्यासमा प्रयुक्त कुनै पनि पात्रको नाउँ दिइएको छैन । नेपाली औपन्यासिक जगत्मा नौलो प्रयोग गरेर उपन्यासकारले नयाँ आयाम थपेकी छिन् । यस उपन्यासमा प्रयुक्त पात्रहरूको परिचय यसरी दिने प्रयास गरिएको छ-नायिका, नायिकाको प्रेमी, नायिकाको बाबुको साथी र उसकी श्रीमती, सुसारे, खरायो दन्ते आदि । साहित्यिक रुढिलाई तोडेर नयाँ परम्पराको निर्णय नै प्रयोगवाद हो । यसले प्रवृत्तिको नयाँ दिशा पहिल्याउँछ । वानीरा गिरीले **शब्दातीत शान्तनु**मा नयाँ प्रयोग पनि गरेकी छिन् । त्यो हो नेपालको राजनीतिक, सामाजिक, धार्मिक र आर्थिकको अलावा नेपालको नारीवादी आन्दोलनलाई एउटा गाउँ अनि एकजना उपन्यासका नायकमार्फत् पाँचवटा कुराहरूलाई एकै ठाउँमा ल्याई पठनीय बनाएकी छिन् । त्यो नै उनको लेखकीय मौलिक विशेषता हो र यसलाई प्रयोगवाद पनि भन्न सकिन्छ । कसैको पीडालाई कवितामा उनेर प्रकट गर्न र सम्प्रेषण गर्न सक्नु उनको शिल्प हो । पुरातन विषयलाई समेटेर नयाँ वान्कीसाथ उपन्यास प्रस्तुत गर्न सक्नु उनको छुट्टै विशेषता हो । कथावस्तु, चिन्तन शैलीशिल्प प्रयोगवादी छन् । उनका उपन्यासहरूमा

बीच-बीचमा अन्य घटनाहरू जोड्न भ्याइएका छन् । यसरी विभिन्न घटनालाई एउटा सूत्रमा बाँध्न वानीरा सफल भएकी छिन् । **निर्बन्ध** उपन्यासकी नायिकालाई हिन्दू नारी गौरवशाली मान-मर्यादासित केही सरोकार छैन । हिन्दू नारीको गौरवशाली परम्परालाई पनि अपमानित गरेकी छन् । उपन्यासकारले यस उपन्यासको नायिकालाई सामाजिक सडेगलेका रुढिबाट धेरै टाढा लगेर अति आधुनिक प्रतिनिधिको सृष्टि गरेर एउटा सामाजिक परिवर्तन गर्न खोजेको पाइन्छ । यसरी मनोवैज्ञानिक उपन्यास प्रायः प्रयोगवादी हुन्छ । यसरी प्रयोगको कलात्मक सौन्दर्यको प्रतिपादन गर्ने उद्देश्य उनको **निर्बन्ध** उपन्यासले राखेको छ । अरूले बनाएको मूलबाट दौडिनको साटो **कारागार**की नायिका र **निर्बन्ध**की नायिकाले आफ्नो बाटो बाटोको खोजी आफैँ गरेकी छन् । नयाँ शिल्प अँगालेर साहित्यको सिर्जना गर्ने काम प्रयोगवादी धारामा गरिन्छ ।[१९] वानीरा गिरीको उपन्यास **शब्दातीत शान्तनु** पुरानो विषयलाई नयाँ शिल्पकारिताका साथ प्रस्तुत गर्ने प्रयोग भूमिका रूपमा देखिएको छ । अतः प्रयोगवादी धारा पनि वानीरा गिरीको औपन्यासिक प्रवृत्ति बन्न गएको छ ।

### ३.२.६ विसङ्गतिवादी उपन्यासकार

पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहारका कारणले जीवनको वास्तविकतालाई मूल्यहीन र महवत्त्हीन अवस्थामा परिणत गराएपछि जर्मनेली दार्शनिक फ्रेडरिक विलहेन नित्सेबाट ईश्वरको मृत्युका घोषणा भएदेखि विश्वसाहित्यमा विसङ्गतिवादी धाराको प्रादुर्भाव भएको पाइन्छ । विसङ्गत भनेको निस्सारता वा शून्यता हो । यसले विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुछाचुँडी, अनधिकार हस्तक्षेप एकातिर र सहअस्तित्व, असंलग्न, निरस्त्रीकरण, अहस्तक्षेप आदिको नारा अर्कातिर भएर जन्मेको विसङ्गति, जन्म, युवा र वार्द्धक्य एवम् रुग्णता आदिबाट जन्मेको विसङ्गति, भूत र वर्तमान एवम् जीवनचक्रका आवर्तन र प्रत्यावर्तनका विसङ्गति मान्छेले भोग्दै आएको छ । यसरी मान्छेका विसङ्गत र विशेष अवस्थासमेत यस विसङ्गतिवादी साहित्यमा अभिव्यक्त भएको पाइन्छ ।[२०] विसङगतिवाद युद्धपछिको पश्चिमेली मानसिकतालाई टिपेर उदबुद्ध भएको दार्शनिक सिद्धान्त भएकाले यसमा परिस्थितिको बढी छाप परेको पाइन्छ । वानीरा गिरीको उपन्यासहरूमध्ये प्रथम चरणका उपन्यासहरूमा प्रायः विसङ्गतिवादी धारणा रहेको पाइन्छ । दुलहीकी आमा पतिभक्त छिन् तर बाबु पत्नीप्रेमी छैनन् । दुलहीको बाबुले निर्बन्धित जीवन बिताएका छन् । बाबु निर्बन्धित जीवन बिताउँदै भोजपाटी गर्न, अन्य स्त्रीहरूसँग स्वच्छन्द यौनिक सम्बन्ध कायम गर्न अनि जुवा, तास खेल्नमा अभ्यस्त भएका छन् । यी सम्पूर्ण क्रियाकलापको लागि चाहिने धन सम्पत्ति, श्रीमतीको माइतबाटै प्राप्त भएता पनि त्यही श्रीमतीको जीवन नारकीय भएर बितेको छ । आमाको आँसु र बाबुको व्यवहारको देखासिकीबाट अभ्यस्त

---

[१९] नेत्र एटम, पूर्ववत् ।

[२०] राजेन्द्र सुवेदी, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** दो.सं., काठमाण्डौं : साझा प्रकाशन, २०६४, पृ.२९३ ।

भएकी दुलही हीनताबोधले ग्रस्त छिन् । उसमा बदलाको भावना उब्जिएको छ । बाबुसँग बदला लिनको लागि युवती आफैँ केटाहरू फेर्दै हिँडेकी छिन् । विवाहपश्चात् पनि माइतीको धन र दौलतको धाक लगाउँदै विवाहित पतिलाई नोकर चाकरको व्यवहार गर्दै अन्य पुरुषहरूसँग बिताउँछिन् । नायिकालाई हिन्दू नारीको मानमर्यादा र गौरवशाली परम्परासँग केही सरोकार छैन, केही सम्बन्ध छैन । **निर्बन्ध** उपन्यासमा बाबुछोरीले विसङ्गतिपूर्ण जीवनलाई अँगाल्न पुगेका छन् । यो उपन्यास मानवीय सम्बन्धको विसङ्गतिबाटै उघ्रेको छ । पारिजातको शिरीषको फूल निस्सारतावादी दर्शनमा आधारित तथा कमजोर व्यक्तित्वको पात्रहरूको कथा थियो भने वानीरा गिरीले **निर्बन्ध**मा मानवीय आदर्श भएकी तर उनकै स्वतन्त्र आधुनिक नारीपात्रको सिर्जना गरेकी छिन् ।[२१] उनको अर्को उपन्यास कारागारकी नायिका आर्थिक पक्षले सबल हुँदाहुँदै पनि मानसिक यातनाको महसुस गरेर एक्लो र निराश जीवन बिताउन बाध्य भएकी छिन् । आफन्तको माझमा भएर पनि उनी एक्ली भएकी छिन् । विवाहित पुरुषसँग सम्बन्ध राख्न जाँदा परिस्थितिले उसलाई एक्लो बनाएको छ । यसरी बाँच्नु र मर्नुको दोसाँधमा उनले आफूलाई लतारी रहेकी छन् । उसका अगाडि निराशाका दिनहरू घस्रीघस्री आएका छन् । यी उपन्यासहरू विसङ्गतिकै स्थापनाका लागि लेखिएको नभएता पनि विसङ्गतिवाद वानीराको औपन्यासिक प्रवृत्ति बन्न गएको छ ।

### ३.२.७ आञ्चलिक उपन्यासकार

वानीरा गिरीको दोस्रो चरणको उपन्यास **शब्दातीत शान्तनु** आञ्चालिक उपन्यास हो । सगरमाथा अञ्चलमा पर्ने सिराहा जिल्लाको बस्तीपुर र त्यस वरपरका ठाउँको ग्रामीण जीवनको चित्रण यसमा पाइन्छ । समाजलाई जीवन दिने शान्तनुको विषय उपन्यासको विषयवस्तु हो । वानीराको उपन्यासको सीमाभित्र त्यहाँको रहनसहन, बोलीचाली, रीतिरिवाजको छुट्टै प्रस्तुतिमा पाइन्छ । तराईको प्राकृतिक सौन्दर्य अर्थात् तराईमा अवस्थित आँप, लिची, कटहर, ठूलाठूला र थुप्रै रुखहरूको झ्याम्म परेको थलो, धानका हरिया कटमेरा बालाहरू, नागवेली बाटाहरू, चुरे पहाड, बिहानीमा देखिने हिमश्रृङ्खला, त्यहाँको टोलटोलमा विभाजित बस्तीहरू आदिको वर्णनले पाठकलाई त्यस ठाउँमा अनुभव गराउँछ । **शब्दातीत शान्तनु** भन्नु नै आञ्चलिकताको सफल प्रस्तुतीकरण हो ।[२२]

बस्तीपुरलाई केन्द्रविन्दु बनाएर वानीराले आञ्चलिक उपन्यास तयार गरेको पाइन्छ । त्यस भित्रको रहनसहन घटनाहरू सबै अत्यन्त सजीव छन् । जसले गर्दा त्यस ठाउँमा पुग्न नसके पनि पुगेको महसुस गर्न सकिन्छ । आञ्चालिक उपन्यासको रूपमा यो उपन्यास निकै सफल बन्न गएको छ । वानीरा गिरीका अन्य प्रवृत्ति जस्तै आञ्चालिकता पनि **शब्दातीत शान्तनु**मा प्रवल र सक्रिय रूपमा देखा पर्न आएको छ । अतः तराईको भाषा, संस्कृति र

---

[२१] मदनमणि दीक्षित, पूर्ववत् ।

[२२] मनोज दाहाल, पूर्ववत् ।

व्यवहारसँग भिजेको उपन्यासकारको अनुभूतिले आञ्चालिकतालाई नयाँ ढङ्गमा वर्णन गरेको पाइएको छ । जिमिन्दारी प्रथा र त्यसबाट हुने शोषण, अन्याय, अत्याचार नभई उदार, शान्त, शीतल प्रकृतिको नमूना देखाएकी छिन् । त्यसैगरी जीवनशैली, सांस्कृतिक परिवेश, मनोरञ्जनको साधन, मानिस बाँच्ने आधार र शैली, सामाजिक व्यवहार आदिलाई नजिकबाट चिरफार गरेर देखाइएको छ । अतः आञ्चलिकता पनि वानीराको औपन्यासिक प्रवृत्ति बन्न गएको छ ।

यसरी वानीराका अन्य उपन्यासका तुलनामा **शब्दातीत शान्तनु**मा प्रकृतिको चित्रण गरेको पाइन्छ । यस उपन्यासमा कुनै कुरा भन्नु पर्दा विशेष परिस्थितिमा प्रकृतिलाई सहारा लिएकी छिन् । अतः आञ्चलिकताको दृष्टिले पनि वानीरा कुशल उपन्यासकार हुन् । अतः आञ्चलिकता वानीराको औपन्यासिक प्रवृत्ति बनेको छ ।

### ३.२.८ नारीवादी उपन्यासकार

वानीरा गिरीका उपन्यासहरूलाई अध्ययन गरी हेर्दा उनका उपन्यासमा नारीवादी प्रवृत्ति प्रष्ट रूपमा रहेको पाइन्छ । आजभन्दा तीन दशकअगाडि लेखिएको उनको प्रथम उपन्यास **कारागार**लाई हेर्न सकिन्छ । **कारागार**की नायिकाले आफ्नो मन, वचन र कर्मले मन पराएको पुरुषसँगको सम्बन्ध र सहवासलाई विशिष्ट इज्जत प्रदान गरेकी छिन् । एक विशेष आकर्षण र मायाको परिधिमा बाँधिएको सम्बन्धलाई अघि सार्दासार्दै उनको देहावसान हुन्छ । देहावसानपछि नायिकाले एउटा अनौठा प्रश्न उठाएकी छन् । **कारागार**की नायिकाको प्रेमीको सम्बन्ध वास्तवमा दुलहीसँगभन्दा अत्यन्त बढी थियो । यहाँ दुई शरीर मात्र गाँसिएको थिएन मन र माया पनि गाँसिएको थियो । अर्कोतिर नायिकाको पुरुषको एक सामाजिक पत्नी पनि थिइन् । त्यो पत्नी केवल नाम मात्रकी थिइन् । यदाकदा उनीहरूको शारीरिक सम्बन्ध भए तापनि मनको सम्बन्ध थिएन । मायाको सम्बन्ध, प्रेमको सम्बन्ध र प्रणयको सम्बन्ध भने थिएन । यस्तो वस्तु परिस्थितिलाई सूक्ष्म केलाएर नायिकाले नायकको दुर्घटनामा परेर अकस्मात् मृत्यु भएपछि नायिकाले एक प्रश्न उठाउछिन् । 'विधुवा म स्वयं हो वा त्यो तथा कथित् पत्नी हो ?' जब उन्यासकार वानीराले आफ्नी नायिका मार्फत् यो प्रश्न उठाएकी थिइन् त्यसबेला नारीवादी हावाले गोलार्द्धको यो छेउलाई छोएको थिएन । उनले नारी मात्रको अस्मिताको प्रश्न समाजमा वैवाहिक संस्कारको प्रश्न आदि इत्यादिलाई सँगालेर औपन्यासिक रूपमा काव्यात्मक रूपमा नारीवादी आन्दोलनको श्रीगणेश गरेकी थिइन् ।

**शब्दातीत शान्तनु** मूलतः नेपालको नारीवादी आन्दोलनको एउटा उद्गम विन्दु हो । उनले औपन्यासिक सौन्दर्यलाई नबिगारी नविथोलिकन दुई दशकपछिको **शब्दातीत शान्तनु**मा त्यो प्रश्नलाई अर्थात् नारी अस्मिताको प्रश्नलाई, नारी अधिकारको प्रश्नलाई अघिसारेकी छिन् । औपन्यासिक सौन्दर्य **कारागार**मा अनि **निर्बन्ध**मा झैं **शब्दातीत शान्तनु**मा

पनि यथावत् छ । नारीवादी प्रवृत्ति उपन्यासकार गिरीको औपन्यासिक प्रवृत्ति हो । गिरीका उपन्यासहरूमा नारीलाई अत्यन्त अग्रपंक्तिमा राखेको पाइन्छ । पारिजातपछि नारी लेखनको सचेतता र महत्त्वलाई स्थापित गर्ने लेखिका वानीरा गिरी हुन् ।[२३]

### ३.२.९ काव्यात्मक उपन्यासकार

नेपाली साहित्यका समीक्षक वासुदेव त्रिपाठीले **कारागार**लाई काव्यान्यास भनेका छन्[२४] भने मदनमणि दीक्षितले वानीराको औपन्यासिक काव्यात्मक लेखनलाई चिलीका कवि पाब्लो निरुदाको काव्यात्मक गद्यलेखनसँग तुलना गरेका छन् ।[२५]

उपन्यासकार गिरीको यो काव्यात्मक लेखन वैशिष्ठ्य अर्थात् उपन्यासमा प्रयोग गरिएको दुई दशक पछि रचना गरिएको उपन्यास **शब्दातीत शान्तनु**मा पनि त्यो काव्यात्मक रूपमा नै देखा परेको छ । कवि गिरीले आफ्नो काव्यात्मक भाव प्रवीणताद्वारा हाम्रो समाजको एउटा कालखण्डको एउटा आदर्श गाथालाई सूत्रवद्ध गरेकी छिन् । त्यस हिसाबले यो कृति एउटा आख्यान प्रधान लामो कविता पनि हो ।

सम्भवतः कवयित्री वानीरा गिरीका उपन्यासमा उनको काव्य व्यक्तित्व पछाडि पर्दैन बरु कहीँ-कहीँ उपन्यासमा काव्यात्मक प्रतिछाँया नै परिलक्षित भएको कुरा **शब्दातीत शान्तनु**ले प्रमाणित गरेको छ । वानीरा गिरीको **शब्दातीत शान्तनु**मा पनि पानैपिच्छे कविताकै लय र सुवासको आस्वादन पाइन्छ । उनको **कारागार**मा त्यो कवितात्मक अभिव्यञ्जनाले नव प्रतिमान स्थापित गरेको छ । तुलना गरेर हेरेमा **कारागार**को तुलनामा **निर्बन्ध** बढी संक्षिप्त र काव्यात्मक महसुस हुन्छ ।

उपन्यासकार वानीरा गिरीको उपन्यासको चर्चा गर्दा स्रष्टाको कवितासँगको नाता नङ र मासु झैं देखिन्छ । गद्यात्मकता, काव्यात्मकतालाई एकै ठाउँमा सम्मिश्रण गरेर छानेर चालेर औपन्यासिक कृति सृजना गर्न यिनको कलम खप्पिस देखिन्छ । काव्यमा पाइने लय-बिम्ब, प्रतीकहरू उपन्यासमा पनि उत्तिकै टड्कारो रूपमा देखापर्छ । वानीरा गिरीका उपन्यासको चर्चा गर्दा एउटा के कुरा बिर्सन हुँदैन भने उपन्यासमा पनि उनको काव्यात्मक शैली बिस्तारै तैरीरहेको हुन्छ । संभवतः यिनका उपन्यासमा व्याप्त यस्तो काव्यात्मकता वानीरा गिरीको उपन्यासको निजी वर्चस्व पनि हो ।

---

[२३] नेत्र एटम, पूर्ववत् ।

[२४] वासुदेव त्रिपाठी, **विचरण**, काठमाडौं: भानु प्रकाशन, पृ. १८ ।

[२५] मदनमणि दीक्षित, पूर्ववत् ।

### ३.२.१० प्रकृतिप्रेमी उपन्यासकार

वानीराको दोस्रो चरणको उपन्यासमा प्रकृतिको राम्रो चित्रण गरिएको पाइन्छ । मानिसको भाव र प्रकृतिको रूपलाई समायोजन गरिएको छ । उनको प्रकृति चित्रण पढ्दै जाँदा पाठकलाई त्यही ठाँउमा पुगेको अनुभव हुन्छ । जस्तैः तराईमा पाइने आँप, लिच्ची, कटहर, ठूलाठूला रुखहरूले झाम्म परेको थलो, धानका हरिया कटमेरा बालाहरू, नागबेली बाटाहरू, चुरे पहाड, बिहानीमा देखिने हिमशृङ्खला, त्यहाँको टोलटोलमा विभाजित बस्तीहरू आदिको वर्णनले पाठकलाई त्यस ठाउँमा पुगेको अनुभव गराउँछ ।

गिरीले **शब्दातीत शान्तनु** उपन्यासमा प्रतीकहरूको उचित र आवश्यक प्रयोग गरेर उपन्यासको स्वादमा अपार अमृत घोलेकी छिन्, बतासमा मिसाएकी छिन् ।[२६]

'त्यो पाखाको पल्लेपट्टि जुनेली रात भएकाले झलमल देखिन्थ्यो ।' (श.शा.पृ.२४)

'उनीहरूको जीवन-इन्द्रेणीको सबभन्दा टड्कारो रङ्ग पनि आमा नै हो ।' (श.शा.पृ.४२)

'जब उसका कानमा आँसुले भिजेका शब्दहरू शीतका थोपा झैं तपतप झर्न थाल्दछन् ।' (श.शा.पृ.६१)

"जुनेलीको मलम दल्न खोज्छन् त्यो जलनमा तर झन्झन दन्कन्छ त्यो जलन दररै बल्ने आगो भएर" (श.शा.पृ.१४८)

यसरी वानीरा गिरीका अन्य उपन्यासका तुलनामा **शब्दातीत शान्तनु** प्रकृतिको चित्रण बढी गरेको पाइन्छ । यस उपन्यासमा कुनै कुरा भन्नु पर्दा विशेष परिस्थितिमा प्रकृतिलाई सहारा लिन पुगेकी छिन् । अतः वानीरा प्रकृति चित्रणको दृष्टिले पनि कुशल उपन्यासकार हुन् । प्रकृति चित्रण वानीरा गिरीको औपन्यासिक प्रवृत्ति बनेको छ ।

### ३.२.११ स्वच्छन्दतावादी उपन्यासकार

अङ्ग्रेजीमा प्रचलित रोमान्टिसिज्मको नेपाली रूप स्वच्छन्दतावाद हो । रोमान्समा आदर्शवादको छाप प्रशस्त रहन्छ । भावावेग मान्छेको प्रबल शक्ति हो । स्वच्छन्दतावादी उपन्यासमा भाववेगलाई नै प्रमुख शक्ति स्वीकारेर प्रवाहहरू वनीराका आवेगहरू स्वतन्त्र प्रणयवरण प्रेमी प्रेमिकाको आन्तरिक निर्णय र त्यस निर्णयमा पर्न आउने आघात प्राकृतिक नियति आदिलाई स्पष्ट रूपमा अभिव्यक्त गर्ने प्रयत्न यस्ता उपन्यासमा भएको पाइन्छ । वानीरा गिरीका **कारागार** र **निर्बन्ध** दुई उपन्यासलाई स्वच्छन्दतावादी परम्पराका उपलब्धि मान्न सकिन्छ ।

---

[२६] मनोज दाहाल, पूर्ववत् ।

यौन र समाजको आकृति स्पष्ट देखिएको भए पनि नेपाली मानसिकताको प्रणय आवेश स्वप्निल आकांक्षा एवं स्वच्छन्द पलायन आदिलाई प्रस्तुत गर्ने प्रवृत्ति देखिएकाले यी उपन्यासहरू स्वच्छन्दतावादी सृजनधारामा प्रवाहित भएका छन् ।[२७]

**कारागार**की नायिका कल्पना र भावनाका प्रभावमा बग्दाबग्दै प्राकृतिक नियतिले गर्दा जवानीका आशा र आवेगहरूलाई टुक्र्याउन बाध्य भएकी छिन् । बाबुका इच्छापत्रको कारण दाजुभाउजूको देखावटी मायामा फस्न पुगेकी छन् । उनले आफैं निर्णय लिएर दाजुभाउजू भदाहरूबाट टाढा बस्न पुगेकी छन् । विवाहको लागि योग्य हुँदाहुँदै पनि विवाह बन्धनमा बाँधिन नसकी एक विवाहित पुरुषलाई साथीको रूपमा अँगाल्न पुगेकी छिन् ।

**निर्बन्ध** उपन्यासमा यौन र समाजको आकृति स्पष्ट रूपमा देखिएको छ । स्वच्छन्द कल्पना र विचरणशील परम्पराको दृष्टिले यो फाँट निकै मौलाएको छ । मानसिकताको उमङ्ग, कल्पना र तरङ्ग प्रदर्शन गर्ने उपन्यासकारले स्वच्छन्दतावादी धारालाई उर्जा प्रदर्शन गर्ने स्थल बनाएको पाइन्छ । यस फाँटका उपन्यासहरूमा यथार्थवादबाट विचलित हुने र पलायनहुने मानसिकताको छाँया देख्न सकिन्छ । अतः स्वच्दन्दवादी प्रवृत्ति वानीराको औपन्यासिक प्रवृत्ति बन्न गएको हो ।

### ३.२.१२ आदर्शोन्मुख यथार्थवादी उपन्यासकार

आदर्शवादबाट प्रेरणा ग्रहण गरेर त्यस अनुसार हेर्ने समाज रचना गर्ने परम्परा नेपालीहरूको छ । जब उपन्यासको फाँटमा आधुनिक उपन्यासको थालनी भयो त्यसको साथसाथै आदर्शोन्मुख यथार्थवादले नेपाली उपन्यासमा प्रमुख ठाउँ ओगटेको छ । सामाजिक दुर्गतिहरू, समाजमा प्रचलित रहेका व्यावहारिक कुरीतिहरू, दुराचारहरू आदर्शताको केन्द्रीयतामा विचलित र वर्णित हुन्छन् । आदर्शोन्मुख यथार्थवादी उपन्यास **रूपमती**बाट सुरु भएर आजसम्म लेखिदै आएको पाइन्छ । प्रजातन्त्र आउनु अगाडि आदर्शोन्मुख यथार्थवादी उपन्यास सामान्यतया नारीको दयनीय अवस्था पुरुषको अन्याय, पारिवारिक कलह, कुलतहरूबाट हुने दुर्गति देखाउने र आदर्श व्यक्तिको सहनशीलता त्याग र कर्तव्यबाट उँभो लाग्ने दृष्टान्त प्रस्तुत गर्ने नैतिक सीमामा बाँधिएका थिए । आपत्तिजनक मानिने खराबीहरूलाई उदङ्ग्याउन सकिँदैन थियो । यथार्थ प्रकट हुन पाएका थिएनन् । जब प्रजातन्त्र स्थापना भयो, सबै अवरोधहरू हटे । समाजमा प्रकट हुन पाएका नपाएका अक्रोश, गुनासा र खुम्चिन बाध्य भएको चेतनाले विकास पाए । यसरी यस परम्परामा आएका आजसम्मका उपन्यासले यथार्थ चित्र खिचेर कि त यथास्थितिको स्थापना गरेका छन् कि त पलायनको सन्देश दिएका छन् । यस प्रवृत्तिलाई अँगालेर विभिन्न उपन्यासकारले उपन्यास

[२७] राजेन्द्र सुवेदी, पूर्ववत्,पृ. १०२ ।

लेखेको पाइन्छ । त्यसमध्ये वानीरा गिरीले पनि आदर्शोन्मुख यथार्थवादलाई आत्मसात गरेर उपन्यास लेखेको पाइन्छ ।

वानीरा गिरीको **कारागार** माथि वर्णित आदर्शोन्मुख उपन्यासको तुलनामा बेग्लै लाग्नेछ, उनी त काव्यात्मक उक्ति अभिव्यञ्जना संवरण गर्न नसकेको प्रवाहमा औपन्यासिक यात्रा सुरु गर्छिन् । उनको **कारागार** सामाजिक यथार्थतालाई स्पर्श गरेर पनि मानवीय अनुभूतिको आग्रहमा त्यस्तै आदर्श सम्बन्धहरू स्थापित गर्ने भावुक आकाँक्षामा निर्मित छ । कथात्मकता यसको आधार होइन, भावनात्मक परिप्रेक्ष्य यसलाई उन्ने सूत्र भइदिएको छ । आफ्नो भावनालाई रूप दिने प्रतीकतुल्य बुढीकन्यामा गनिएकी हेवाको आदमप्रति प्रेम सम्बन्ध नै यसको आदर्श हो । निश्चल मनवीय आस्था, मानवी सम्बन्धलाई औल्याएर सबैप्रति सबैमा निराग्रही भावको आदर्श सम्बन्ध कायम गर्ने दृष्टान्तमा भावुक कवयित्रीको प्रखर व्यक्तित्वले ठाउँ ओगटेको छ । अतः वानीरा गिरीको औपन्यासिक प्रवृत्तिहरूमा आदर्शोन्मुख यथार्थवाद पनि रहन आएको छ ।

## ३.३ योगदान र मूल्याङ्कन

वानीरा गिरी नेपाली साहित्यको फाँटमा सचेत लेखिकाको नाम हो । उनका कविता र उपन्यास लेखनले देशविदेशमा निकै ख्याति पाएको छ । आधुनिक नेपाली उपन्यासको द्वितीय चरण २०१६ देखि हालसम्ममा आइपुग्दा विभिन्न उपन्यासकारहरूले विभिन्न वाद, प्रवृत्तिलाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ । यस समयका उपन्यास लेखनको भर्खर विकास भएकाले शैली र चिन्तनमा क्लिष्टता थपिएको मनोविज्ञानको अत्याधिक प्रयोग भएको प्रयोगात्मक प्रवृत्ति भित्रिएको पाइन्छ । मनोविश्लेषणवादी उपन्यासकारहरूमा गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लोघरको झ्याल,** विजय मल्लको **अनुराधा,** विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** आदि रहेका छन् । त्यसैगरी विसङ्गतिवादी चिन्तनमा पारिजातिको **शिरीषका फूल,** धुव्रचन्द्र गौतमको **अन्त्यपछि,** महत्त्वपूर्ण रहेका छन् भने प्रकृतिवादको आंशिक प्रयोगका रूपमा **पाइप नं.२** आदि रहेका छन् । यस समयमा प्रयोगवादी जटिलतालाई पनि समेटेको उपन्यास **छेकुडोल्मा** र जगदीश घिमिरेको **साविती** आदि हुन् ।

वानीरा गिरी २०३५ सालदेखि उपन्यास लेखिकाको रूपमा चिनिदै आएको पाइन्छ । उनका माथि उल्लेख गरिएका उपन्यासकारहरू र उनीहरूका प्रवृत्तिसँग मिल्दोजुल्दो विशेषताहरू रहेता पनि वानीरा आफ्नो छुट्टै पहिचान लिएर उपन्यास जगत्मा देखा परेकी उपन्यासकार हुन् । उनका शैली र चिन्तन् अन्य उपन्यासकारहरूभन्दा केही मात्रामा बेग्लै किसिमको पाइन्छ । उनको स्थान पारिजातपछि नारीलेखनको सचेतता र महत्त्वलाई स्थापित गर्ने लेखिकाको रूपमा रहेको छ । वि.सं. २०३५ सालमा प्रकाशित उनको पहिलो उपन्यास **कारागार**मा नयाँ प्रवृत्ति भित्रिएको पाइन्छ । त्यसैगरी **कारागार** उपन्यासमा

बौद्धिकताको चटकता पाइन्छ भने आकर्षक भाषाशैलीको प्रयोग गरिएको छ । आजको समाज र उनीहरूको स्वार्थी प्रवृत्ति व्यक्तिगत स्वार्थ आफूलाई सभ्य र सुसंस्कृत ठान्ने विसङ्गतिलाई **कारागार** उपन्यासले व्यक्त गरेको छ । रूपनारायण सिंहको **भ्रमर**पछिको चटुल नेपाली साहित्यिक भाषामा रचिएको **कारागार** दोस्रो उपन्यास हो ।

**निर्बन्ध** वि.सं. २०४२ मा प्रकाशित भएको वानीराको दोस्रो उपन्यास हो । यस उपन्यासमा वानीरा गिरीले आजको जीवनको ज्वलन्त मनोवैज्ञानिक समस्या, यौनहीन ग्रन्थिको फुक्का वर्णन गरेर समसामयिक युगबोधलाई वाणी दिने प्रयास गरेकी छिन् । अवचेतनमा अवस्थित दमित र कुण्ठित यौनग्रन्थिका बन्धन र सीमालाई निर्धक्क रूपमा खोल्ने र खुल्ला वर्णन गर्ने साहस उनमा रहेको पाइन्छ । **निर्बन्ध** जस्तो सङ्क्षेपमा लेखिएको उपन्यासमा हामीले नै भोगेको जस्तो जिन्दगीको चित्रण उतार्न उनी सफल छिन् ।

उपन्यास प्रकाशित गर्ने क्रममा वि.सं. २०५६ मा प्रकाशित भएको वानीरा गिरीको तेस्रो उपन्यास **शब्दातीत शान्तनु** हो । पाश्चात्य साहित्यमा प्रचलित कवितात्मक गद्यलेखनलाई नेपाली उपन्यासमा सुरुआत गर्ने उपन्यासकारको रूपमा वानीरा गिरी देखा परेकी छिन् । **शब्दातीत शान्तनु**मा पुरानो विषयलाई लिएर नयाँ शिल्पकारिताका साथ प्रस्तुत गरेकी छिन् । उनले मानिसको बाँच्ने उपक्रम, बाह्य पर्यावरण र आन्तरिक पीडाका पर्खालहरूलाई **शब्दातीत शान्तनु**मा समेटेर त्यसका विभिन्न पाटाहरूलाई केलाएर पाठकका सामु खुलस्त पारिदिएकी छिन् । शान्तनुको शब्दातीत पीडालाई पनि कवितामा उनेर प्रकट र सम्प्रेषण गर्न सक्नु उनको छुट्टै विशेषता हुन गएको छ । उनको काव्यात्मक अभिव्यञ्जनाले नयाँ प्रतिमान स्थापित गरेको छ । **शब्दातीत शान्तनु** ग्रामीण जनजीवनबाट विषय टिपिएकोले सहज, सरल र स्तरअनुसारको भाषाशैली प्रयोग भएको छ संवादात्मक भाषाशैलीको प्रयोगले पनि यो उपन्यासमा मिठास ल्याइदिएको छ ।

शिल्पप्रवृत्तिभन्दा भाव प्राधान्यबाटै उनका उपन्यासहरू जन्मिएका हुन्छन् । वानीरा गिरीले लेखेका तीनवटा उपन्यासले हाम्रो समाजका धेरै कुराहरूलाई देखाउन खोजेका छन् । वानीरा गिरी नारी स्वतन्त्रताकी समर्थिका छिन् । उपन्यासको माध्यमबाट उपन्यासका पात्रहरूलाई सामाजिक सडेगलेका रुढिबाट धेरै टाढा लगेर अति आधुनिक प्रतिनिधिको सृष्टि गरी सामाजिक परिवर्तन गर्न औपन्यासिक प्रवृत्तिलाई अँगाल्दै नेपाली उपन्यासको क्षेत्रलाई फराकिलो बनाएकी छिन् ।

समाजमा देखिएका सामाजिक विकृति, विसङ्गतिको चित्रण गर्दै लौनसिंह वाङ्देलले **मुलुकबाहिर, माइतघर,** लीलबहादुर क्षेत्रीले **बसाइँ,** दौलतविक्रम विष्टले **मञ्जरी** र **एक पालुवा अनेक याम** आदि लेखेको पाइन्छ । त्यसैगरी आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा हृदयश्चन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे, एक चिहान,** लैनसिंह वाङ्देलको **लङ्गडाको साथी**बाट यस धारको आरम्भ भएको पाइन्छ । त्यसपछि यस

धारामा केन्द्रित भएर उपन्यास लेख्ने क्रम अझै पनि जारी नै रहेको पाइन्छ । वानीरा गिरी पनि आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा देखा परेकी छिन् । तर उपर्युक्त, उपन्यासकारले आत्मसात् गरेका चिन्तन र प्रवृत्तिभन्दा केही छुट्टै प्रवृत्तिलाई वानीरा गिरीले अँगालेर उपन्यास सिर्जना गरेकी छिन् । उनका उपन्यासहरू निराशावादी र कारुणिक छन् । उनले आफ्ना उपन्यासहरूमा मानवमनका गहिराइसम्म पुगेर उनीहरूमा व्यथा र वेदना पहिल्याएकी छिन् । यथार्थ जे छ त्यही हो । हामीसँग जीवन छ दुःख छ यसका कारण छन् यसलाई समाजको अगाडि छर्लङ्ग पार्न पनि उनका उपन्यासहरू सफल छन् । विसङ्गतिवादी उपन्यासकार पारिजातले निस्सारतावादी दर्शनमा आधारित कमजोर व्यक्तित्वको पात्रहरूको कथा दिएकी थिइन् भने वानीराले मानवीय आदर्श भएकी उत्तिकै स्वतन्त्र र आधुनिक नारी पात्रको सिर्जना गरेकी छिन् । त्यसै गरी उनका नारी पात्रहरू मानसिक यातनाको महसुस गरेर एक्लो निरस जीवन बिताउन बाध्य भएका छन् ।

यसरी वानीरा गिरीले नेपाली उपन्यासको फाँटमा विभिन्न नौल्याइँहरू थप्दै भिन्न प्रकारको कथावस्तु शैली शिल्प प्रस्तुत गरेकी छिन् । उनले उपन्यासमा छुट्टै शैलीको प्रयोग गरेर कथ्यको सापेक्षतामा वानीराका उपन्यासहरूका धरातल फराकिलो बन्न सकेका छैनन् तर **आज रमिता छ**, **शिरीषको फूल**, **माधवी**, **घमका पाइला** आदि उपन्यासको लहरमा उनका उपन्यासहरू उभिएका छन् । यसरी आधुनिक नेपाली उपन्यासको क्षेत्रमा वानीराले विभिन्न किसिमका उपन्यास दिएर ठूलो योगदान पुऱ्याएकी छिन् ।

# चौथो परिच्छेद

# वानीरा गिरीको 'कारागार' उपन्यासको कृतिपरक अध्ययन

# विश्लेषण र मूल्याङ्कन

## ४.१ युगीन पृष्ठभूमि

**कारागार** उपन्यास वानीरा गिरीद्वारा लेखिएको प्रथम प्रकाशित उपन्यास हो । अन्य विधामा धेरै अगाडिदेखि लेख्न सुरु गरे पनि उनी नेपाली उपन्यासमा वि.सं. २०३५ देखि मात्र देखा परेकी हुन् । यस उपन्यासमा त्यति ठूलो समाज र विशाल परिवेश पाइँदैन । यस उपन्यासमा सीमित पात्रको प्रयोग गरिएको छ । यस उपन्यासमा मनोवैज्ञानिक यथार्थवादको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा वानीराले एउटी त्यस्ती सबल र ग्राह्य विचार तथा सकारात्मक मानवीय आदर्श भएकी तर उत्तिकै स्वतन्त्र र आधुनिक नारी पात्रको सिर्जना गरेकी छन्, जसलाई बाँच्नको निम्ति आफ्नो नाउँसम्म चाहिँदैन ।

माध्यमिक कालमा प्रचलित उपन्यास जासुसी, तिलस्मी, ऐयारी प्रवृत्तिलाई छाडेर **रूपमती** उपन्यास (१९९१) ले आधुनिकताको थालनी गरेको पाइन्छ । जसमा सामाजिक जीवनको पारिवारिक वृत्तलाई विषयवस्तु बनाइएको पाइन्छ । रूपनारायण सिंहले **भ्रमर** (१९९३) उपन्यासलाई विस्तृत परिवेश दिएर कलात्मक सु-संगठनका साथ स्वच्छन्दतावादी साँचोमा ढालेका थिए । यी दुई उपन्यासहरूमा सामाजिक जीवनबाटै विषयवस्तु लिइएको छ । तर यी दुई उपन्यासमा नितान्त भिन्नता पाइन्छ । **रूपमती** सामाजिक आदर्शलाई प्रस्तुत गरेको उपन्यास हो र **भ्रमर** स्वच्छन्दतावादी आदर्शलाई समेटेको उपन्यास हो । **कारागार** उपन्यासमा गिरीले समाजदग्ध कुमारी युवती, विदुषी, पत्नीपीडित यस्तैसित स्वइच्छा आत्मरतिवश सन्तानका निम्ति गाँसिन पुग्छे । त्यस कुरालाई त्यही समयको मध्यमवर्गीय समाजको व्यक्तिले व्यतीत गर्न परेको जीवनको माध्यमबाट देखाउन सफल भएकी छिन् । उसको लागि आफ्ना बाबुआमाको सम्पत्ति बोझ हुन गएको छ । आजको समाजको ज्वलन्त मनोवैज्ञानिक समस्या तथा यौनहीन ग्रन्थिको फुक्का वर्णन गरेर उपन्यासकार वानीरा गिरीले समसामयिक युगबोधलाई यहाँ वाणी दिने प्रयास गरेकी छिन् ।[२८]

## ४.२ संरचना

**कारागार** उपन्यास जीवनको व्यापक परिवेशमा टाँगिएको देशसापेक्ष समाजको वृद्ध क्यान्भासमा लेखिएको बहुरङ्गी चित्र हो । १३८ पृष्ठको यस उपन्यासलाई उपन्यासकार वानीराले १७ औँ अध्यायमा विभाजन गरेकी छन् । यो उपन्यासमा अथाह पात्र र घटनाको

---

[२८] डा. रामदयाल राकेश, **गोरखापत्र शनिवासरीय (परिशिष्टाङ्क)**, (भदौ १४, २०४३) ।

प्रयोग गरिएको छैन । मुख्य पात्रले आफैँ भन्दै गएको कथानकहरू कारुणिक र जीवनवादी र केही मात्रामा वस्तुपरक छ । **कारागार** अक्षरशः सङ्गीतको मधुर प्रवाह झैँ बगेको र केही ठाउँमा सङ्गीत छुटेको उपन्यास हो । सुरुको केही पाराहरू दशपंक्तिसम्मका र भावनामा डुबुल्की मार्न थालेपछिका पंक्तिहरू तीनदेखि चार पंक्तिमा सीमित हुँदै उक्त वाक्य, दुई वाक्यका अभिव्यक्तिमा परिणत भएका छन् । यस उपन्यासमा कुनै कथा छैन । एउटी समाजदग्ध कुमारी युवती पत्नीपीडित उस्तै पुरुषसित स्वेच्छाले गाँसिन पुग्छे । **कारागार** नेपाली औपन्यासिक जगत्मा नौलो प्रयोग भएको उपन्यास हो ।

### ४.३ कथावस्तु/विषयवस्तु

**कारागार** हाम्रो समाजको घटना हो । हाम्रो समाजमा तथाकथित घट्न सक्ने विशेष सहरीया जनजीवनको कथावस्तु हो । मध्यमवर्गीय समाजको पारिवारिक जीवनवृत्तको चित्रणमा नै यसको कथावस्तु उनिएको छ । उपन्यासमा वर्णित कथावस्तुअनुसार एउटी युवती देखिन्छे । ऊ यस उपन्यासकी नायिका एउटा साधारण परिवारकी छोरी थिइन् । उसको बाबुको जावलाखेलमा पुर्ख्यौली घर थियो र बाबु मिलिटरीमा जागिर खान्थे । ऊ बाबु, आमा, अनि दाजुहरूकी अत्यन्त प्यारी थिई । दुई छोराहरू हुँदाहुँदै पनि छोरीको रहरले गर्दा उसका आमाबाबुले उसलाई जन्माएका थिए । अत्यन्त माया, ममता, रमाइलो वातावरणमा उसको बाल्यकाल बित्छ । बाबुकी अत्यन्त प्यारी छोरी भएको कारण जुनसुकै कुरामा पनि बाबुले छोराहरूलाई भन्दा छोरीलाई नै प्राथमिकता दिने गर्दथे । विस्तारविस्तार छोराछोरी ठूला हुँदै जान्छन्, पढाइमा पनि अगाडि बढ्दै जान्छन् । नायिकाका बाबुआमा बद्री तीर्थ घुम्न गएका र फर्कदा दुवै जनाको अचानक पहिरोमा परेर मृत्यु हुन्छ ।

नायिकाका बाबुले घट्न सक्ने सम्भावित घटनालाई मनन गरेर छोराछोरी र धर्मपत्नीको लागि भएको जग्गा, जमिन, रुपियाँ, पैसा आदिमा झगडा नगरी बाँडेर लिनु भनेर तीर्थ जानुअगाडि नै इच्छापत्र लेखेर छोडेका हुन्छन् । त्यही बाबुले लेखेको इच्छापत्र नै छोरीको जिन्दगीको बर्बादीको कारण बन्न पुगेको छ । जब आमाबाबुको मृत्यु हुन्छ, तब बाबुले लेखेको इच्छापत्रले दाजुहरूको मनमा स्वार्थको भावना सिर्जना गरिदिन्छ । दाजुभाउजूले आर्थिक स्वार्थको लागि बहिनीको विवाहका लागि आएका प्रस्तावहरूलाई अस्वीकार गरिदिन्छन् । बिहिनीको विवाहको लागि बहिनीसँग एक शब्द पनि नसोधी प्रस्तावहरू अस्वीकार गर्छन् । समय बित्दै  जान्छ । आमाबाबुको मृत्युको पीडामा समयले मलम लगाउँदै जान्छ । दाजुहरू विवाह गर्छन्, उनीहरूको जिन्दगीमा वसन्त छाउँछ । बहिनी सुख्खा खडेरीमा तड्पिन बाध्य हुन्छे । जुनसुकै कुराको पनि सीमा हुन्छ । तर बहिनीलाई दाजुभाउजूले गरेको देखावटी मायाले सीमा नाघ्दै जान्छ । उसलाई परिवारमा बस्न असह्य हुन्छ । अतः नायिकालाई आफ्नै घरको देखावटी र बनावटी व्यवहारले निराश र विसङ्गत तुल्याउँदै जान्छ । आफ्नै स्वजनहरूको स्वार्थले लुटिएकी **कारागार**की हेवा

जसलाई आफ्नै आमाबाबुको सम्पत्ति बोझ हुन पुग्छ । दाजुभाउजूको स्वार्थबाट पिल्सिएकी ऊ आफैँले सिर्जेको कारागारमा बन्द छे ।

नायिका जब आफन्तहरूबाट टाढिन पुग्छे तब उसले आफ्नै इच्छाले उक्त विवाहित लोग्नेमान्छेलाई स्वीकार्न पुग्छे । एउटै मात्र लोग्नेमानिससमा एकाकार हुन पुग्छे । यदि बाबुले पहिले नै सम्पत्ति बाँडफाँड नगरिदिएको भए नायिकाको त्यस्तो स्थिति हुने थिएन । उसले स्वीकार गरेको पुरुष एक नारीबाट हेपिएको लाग्नेमान्छे हो । **कारागार**की नायिकाले मन, वचन र कर्मले मन पराएको पुरुषकी समाजले मान्यता दिएकी अर्की पत्नी पनि छ । तर पत्नीलाई समाजले मान्यता दिए पनि त्यस पत्नीसँग पुरुषको मन मिलेको छैन । जुन युवतीसँग पुरुषको सम्बन्ध छ त्यस युवतीले समाजबाट मान्यता पाएकी छैन । **कारागार** एउटा (नारीप्रधान) नारीले मान्यता पाएको उपन्यास हो । यस उपन्यासकी युवतीले असङ्ख्य शब्दप्रहार, लोभी आँखा अनि असुरक्षित जीवन र कलिला लोभलाग्दा समयलाई टुक्र्याउन बाध्य भएकी छ । यस उपन्यासमा कुनै कथा नभएर एउटी हाम्रै समाजको छोरी, बहिनी अथवा नारीको पीडा छ । नायकको दुर्घटनामा मृत्यु भएपछि प्रश्न उठाउँछे, विधवा ऊ स्वयं हो अथवा त्यो तथाकथित पत्नी हो । त्यसरी गाँसिएको सम्बन्ध पनि चुँडिएपछि नायिकाले मुक्ति पाउँछे । एउटा सानो भित्रिनीजस्तो शाब्दिक पिँजराभित्र पसेर ठूलो ऐकान्तिक कारागारबाट मुक्त हुन्छे । यसरी उपन्यासको कथावस्तु समाप्तिमा पुग्दछ ।

### ४.४ शीर्षक

कुनै पनि उपन्यासको विषयवस्तु तथा कथा शीर्षकले नै सङ्केत गर्न सकेमा शीर्षक सार्थक हुन्छ र उपन्यास पनि सफल हुन्छ । वानीराको **कारागार** उपन्यास आफूलाई आफन्तकै चिल्लो घसाइबाट बचाउन, ढोँगी, बनावटी वातावरणबाट उम्केर एक्लो स्वतन्त्र जीवनयापन गर्नको लागि खोजेर बसेको डेरा नै उनको लागि कारागार बन्न गएको छ । नेपाली समाजको यार्थलाई अङ्कित गरेकाले यसको शीर्षक **कारागार** सार्थक छ । कारागार शब्दले एउटा व्यक्ति जो जानेर वा नजानेर आफ्नै कारणले वा अर्काबाट गरिएका अपराधबाट आफ्ना सारा इच्छा आकाङ्क्षाहरूलाई मारेर आफन्तबाट एक्लिएर बस्नु पर्ने स्थितिको बोध गराउँछ । उपन्यास सामान्य रूपमा जीवनलाई चित्रण गर्ने विधा हो । **कारागार** भन्ने शीर्षकबाट आफ्ना सारा इच्छा र आकाङ्क्षाहरूलाई मारेर जीवन बिताउने समाजको चित्रण गरिएको उपन्यास हो भन्ने देखिन्छ ।

**कारागार** एक साधारण परिवारमा जन्मिएर सहज जीवन बिताएकी एक युवती जो आकस्मिक बाबुआमाको मृत्युको कारण भोग्नु परेको कठिनाइको चित्रण हो । अर्थात् यस उपन्यासमा समाज, धर्म, कर्म, रहनसहन, सभ्यतालाई पनि प्रस्तुत गरिएको छ । यसले चित्रण गरेको समाज, वातावरण र परिवेश नेपाली भूमिमै अझै काठमाडौँभित्रको परिवशेमा हुर्किएर, फैलिएर यही वातावरणमै बिताएको उपन्यास हो । आमाबाबुको आकस्मिक दुर्घटना

भएपछि बाबुको इच्छापत्रको कारण दाजुभाउजूहरूलाई उत्पन्न भएको लोभले बहिनीको जिन्दगीलाई अर्थात् बहिनीको भविष्यको वास्ता नगरी आफ्नै निजी स्वार्थको मनोवैज्ञानिक चित्रण गरिएको छ । आफन्त भएर पनि एक्लो भएर बाँच्नु परेको बाध्यता अनि घरमा श्रीमती भएर पनि श्रीमती पीडित भएर बिताउनु परेको दिनहरूको यथार्थ चित्रण यस उपन्यासमा छ । एउटी नारीले आत्मैदेखि चाहेर पनि माया गरेर लामो समयसँगै बिताएर पनि अन्त्यमा एउटी श्रीमतीले पाउने अधिकार त के कुरा थाहासम्म नपाई केवल भित्रिनीको नाम मात्र पाउँछे । दैवले ठगेको भाग्यमा दाजुभाउजूहरू अनि आफन्तबाट ठगिनु परेको यथार्थ र आफूलाई बुझ्ने व्यक्ति प्रेमी स्वार्थको लेस नभएको जीवनको गाँडा गुँडाउन सहज पारिदिने साथीबाट यस उपन्यासकी नायिका ठगिएकी छ, लुटिएकी छ, चुँडिएकी र भाँचिएकी छ । त्यति धेरै घोचपेच, चोट र अभावलाई झेलेर पनि उसले आत्माहत्या गर्ने आँट गर्न सकिन । नियति एउटा चीलजस्तो भएर ऊ माथि उडिरहेको हुन्छ, उसलाई झम्टिरहन्छ । उसका शरीरका मासुलाई टुक्राटुक्रा पारेर लुछ्न लागिरहन्छ । नियतिले एउटा प्रेतात्मा बनी तर्साइरहन्छ ।

### ४.४.१ यथार्थवाद

जीवन र जगत्को यथार्थतालाई सिँगारेर **कारागार** उपन्यासमा चित्रण गरिएको छ । जीवनको विभिन्न घटनालाई जुनसुकै क्षेत्रबाट टिपे पनि जीवनको स्वरूपलाई जस्ताको तस्तै अङ्कन गर्न खोज्यो भने उपन्यास कलाका दृष्टिले असफल बन्न जान्छ । तसर्थ यर्थाथवादीहरू जीवन-जगत्का यथार्थहरूलाई कल्पनाका माध्यमबाट सत्यको आभाष हुने गरी प्रस्तुत गर्दछन् । नेपाली उपन्यास परम्परामा **मुलुकबाहिर** उपन्यासले यथार्थवादको धरातलमा पाइला टेकेको कुरालाई स्वीकारिन्छ । आमाबाबुको छोराछोरीमाथि माया, ममता हुन्छ, त्यो पनि निःस्वार्थ भावनाले उत्प्रेरित भएर गरिएको माया । आफन्तहरू धनको लालचमा फँसेर आफ्नो स्वार्थको लागि अर्काको स्वार्थ लत्याउन कतिसम्म पछि हट्दा रहेनछन् । त्यसै गरी विवाहित लोग्नेमान्छे होस् वा स्वास्नीमान्छे एकले अर्कोलाई नबुझी दिँदा पारिवारिक जीवनबाट कस्तो उदासीनता प्रकट हुँदोरहेछ भन्ने यथार्थलाई यस उपन्यासमा छर्लङ्ग पारिएको छ । वानीराले हेरेको यथार्थ एक साधारण परिवार वा मध्यमवर्गको यथार्थ हो ।

परिबन्धले बाँधिएका आधुनिक आदम र हेवाको सुकोमल हृदयमा कुण्ठा, विसङ्गति आरोपित छ । आफन्तहरूकै स्वार्थले ग्रस्त भएका आधुनिक आदम र हेवा अवचेतन मनको एक कुनामा एउटा अनौठो भय झुन्डिरहन्छ । दमित इच्छाहरूसँगै रम्य कारागारभित्र छटपटाउँछन् । २००७ सालको उन्मुक्तिले नेपाललाई व्यक्तिवादी रेशमी कोयामा परिवर्तित पार्दछ । नेपाली जाँगर, सीप र परिश्रम भव्य कारागारको चिसो छिँडीमा बन्दि बन्दछ । आफैले टेकेको देश र माटोको अस्तित्व अवहेलना भई सामाजिक अपराध भोग्न बाध्य हुनु परेको छ ।

मूलतः आदम र हेवाको जीवनमा विविध पाटाहरूको विश्लेषण नै **कारागार**को प्रमुख पक्ष हो । त्यस चित्रणबाट त्यस समयका शिक्षितवर्ग र धनाढ्यवर्गको यथार्थ अर्थात् कष्टमय र दु:खमय जिन्दगीलाई देखाङ्कन गर्नु उसको विषयवस्तु रहेको छ । आदमकी श्रीमतीलाई माइतीको धन र सम्पत्ति अनि आफ्नै बाबुले पढाएको पाठ अनैनिकतालाई समेटेर बाबुसँग बदला लिन खोज्दाखोज्दै आफैँ अभ्यासरत भई अन्य पुरुषसँग गाँसिन जाने र छुट्टिने प्रवृत्ति अनि विवाहित लोग्नेसँग नोकर र मालिकको जस्तो सन्तानहीन व्यवहार भएको कुरा यहाँ प्रष्टिन्छ । हेवाको जीवनमा ठूलो दाजु सन्तानहीन र मनग्य सम्पत्ति भएर पनि धनको लोभले सताइएको छ । त्यसरी नै हेरिनसक्नु बिरामी र पैसाको ओइरो लाग्दा पनि (बहिनी, नन्द) हेवाको विवाह गरिदिने हो भने उसको नाममा रहेको सम्पूर्ण सम्पत्ति हामीबाट वञ्चित हुन्छ भन्ने लालसले गर्दा बहिनीको विवाह नगरी दिएर चिल्लो घसाई मात्र गर्न सफल दाजुभाउजू र भदाहरूले यथार्थको सीमालाई देखाइदिएको पाइन्छ । त्यसमा पनि एक अविवाहित बहिनी एक विवाहित परपुरुषसँग एउटै कोठामा सँगै बसेको देख्दा पनि केही प्रतिक्रिया नजनाई फनक्क फर्केर हिँड्नुले पनि मान्छेलाई बाँचुन्जेल लोभले कसरी सताउँदो रहेछ । कर्तव्य कसरी भुलाउँदो रहेछ भन्ने कुरा छर्लङ्ग देखाइएको छ । अन्य परपुरुषसँग अनैतिक सम्बन्ध रहेपछि र माइती पक्ष सबल र घर केही दुर्बल भएमा कसरी आफ्नै श्रीमतीको अगाडि लाचार बन्नुपर्दो रहेछ । कुनै पनि कुराको लत लागेपछि ज्यान गए पनि त्यसलाई छोड्न असमर्थन हुने रहेछन् भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ ।

### ४.४.२ मनोविज्ञान

**कारागार** उपन्यास बाह्य यथार्थलाई भन्दा पनि बढी मनोवैज्ञानिक यथार्थ अर्थात् अन्तर्लोकको उद्घाटनमा अग्रसर रहेको पाइन्छ । मध्यमवर्गीय नेपाली जीवनका बाह्य घटना र क्रियाकलापको वर्णनमा मात्र सीमित नरही वानीरा पात्रको अन्तर्लोकको सूक्ष्म चित्रण गर्न सफल छिन् । **कारागार**मा लोभ, ईर्ष्या, स्वार्थ, संशय, पश्चाताप आदिको भावभूमि पाइन्छ । वास्तवमा उपन्यासको घटनाहरूलाई अगाडि बढाउन पात्रको मानसिक धरातलले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

"म उनलाई भन्दा बढी उनको मस्तिष्कलाई माया गर्छु, उसको व्यक्तित्वलाई सुमसुम्याउने गर्छु, उनी पनि मलाई मेरो सौन्दर्यभन्दा मेरा अध्ययनलाई रुचाउने गर्छन् । तर मलाई यसमा कहीँ-कहीँ शंका लाग्न थालेको छ । ऊ लोग्नेमानिस सबभन्दा बढी लोग्नमानिस हो र त्यसपछि मात्र अरू केही हो ।" (का.पृ. २)

यस उपन्यासका नायक र नायिका (आदम र हेवा) एक अर्कालाई मन पराउनुको कारण भिन्न छन् । आदम र हेवाका आवश्यकताहरू, समझदारी प्रबद्धता, सम्बद्धता, भावानात्मक सम्बन्ध आदि हुन् । उनी श्रीमतीबाट अपहेलित, अपमानित र निरर्थक ठानिएको जीवन भोगिरहेको आदम र आफ्नै स्वजनहरूको छलकपटको कारण (बुढीकन्या)

बस्नु परेको हेवाको सम्झौताको मुख्य कारण उनीहरूभित्रैको एकप्रति अर्काको सहानुभूति हो ।[२९]

"... उनले आफ्ना अतीतको पर्दालाई विस्तार विस्तार मेरोअघि उघार्न थाले ...... ।" (का.पृ. ६)

एकले अर्कालाई विभिन्न सम्झौताको बीच मन पराउँदा-पराउँदै पनि एकैचोटि सर्वाङ्ग खोलिएर देखिन अलि अप्ठ्यारो हुन्छ । त्यसैले विस्तारै हेवासँग बाल्यकालका आफूले जाने, सुनेका, भोगका कटुसत्यलाई छर्लङ्ग पार्दै जान्छन् ।

"कुनै दिन म पनि उन्मुक्त थिएँ– कारागारको अस्तित्वबाट पनि टाढा ............।" (का.पृ. ६८)

"कुनै पनि परिबन्ध थिएन, कुनै डर त्रास थिएन, आकाशमा उड्ने चरीजस्तै स्वतन्त्र थिएँ । साधारण परिवारकी आमाबाबुकी एक असाधारण प्यारी छोरी भएर जन्मेकी थिएँ । तर समयको चक्रसँगसँगै कसरी यस्तो परिबन्धमा मेरो जीवनयापन हुन आयो भन्ने प्रश्नले उनलाई लखेटिरहेको छ । हिउँले खाएको पहाड हुत्तिएर आई तीनजना समेत, अन्य बाह्र जनालाई ह्वात्त सोहोरी खन्यो रे, हो रे यो कुरा साँच्चै हो रे । उसले झुठ बोलेको होइन रे ... तीनै जनाले मुक्ति पारे रे ।" (का.पृ. ८१)

हिउँले खाएको पहाडले तीनै जना यात्रीको ज्यान त गयो तर यता सुनौलो सपनामा रमेर बसेकी यौवनको सिँढीमा चढ्दै गरेकी छोरीको पनि सपना सोहोरिदियो । आमाबाबुले तीर्थ घुम्न गएका बेला जसरी मृत्युको मुखमा परे पनि धार्मिक दृष्टिले हेर्दा मुक्ति पाएको आभाष अरूले गरे । छोडी गएका छोराहरूले पनि घरजम गरी बसे । उनीहरूलाई पनि कुनै परिबन्धले आफूभित्र पारेन । तर छोरीका लागि बाबुआमाको मृत्यु हुनु र इच्छापत्र लेखिराख्नु घटनाको संयोजनले गर्दा मुक्ति होइन कारागारभित्र बन्दी बनाइदियो । सारा रहर, इच्छा, आकाङ्क्षाहरूको पखेटा काटियो । सारा समाजको नचाहिँदा भनाइ, अवगाल सहेर कारागारभित्र थुनिएर जीवनका क्षणहरूलाई अगाडि बढाउन बाध्य हुनुपर्‍यो । यसरी दाजुभाउजूको आन्तरिक स्वार्थले गर्दा बहिनीको जिन्दगी निराश बन्न पुग्यो । अतः यो उपन्यास झ्वाट्ट हेर्दा सामान्य देखिए तापनि मनोविज्ञाले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको छ । मनोविज्ञानको राम्रो चित्रण पाइन्छ ।

### ४.४.३ निराश वा दुःखान्तता

समाज, जीवन र व्यक्तिका यथार्थलाई स्पष्ट रूपमा व्यक्त गर्ने उपन्यासकार वानीरा गिरीले एउटा सबल ग्राह्य विचार तथा सकारात्मक मानवीय आदर्श भएकी तर उत्तिकै स्वतन्त्र र आधुनिक नारी पात्रको सिर्जना गरेकी छिन् । कुनै ठोस सिद्धान्तको पूर्तिको लागि

[२९] केश पथिक, पूर्ववत् ।

कुनै दर्शन विशेषको लागि पनि यो उपन्यास रचना भएको होइन । उनको कारागारमा स्थान पाउने प्रमुख पात्र हेवा समाज र व्यक्ति आफ्नै स्वजनहरूको स्वार्थले लुटिएकी छे । उसको लागि आफ्ना बाबुआमाको सम्पत्ति बोझ हुन पुगेको छ । तर यो समाज भौतिक सम्पन्नता र सुखसयलबाट वञ्चित छैन । यस उपन्यासका पात्रहरू मानसिक पीडामा छट्पटिएका छन् । भौतिक विपन्नता र शारीरिक दुःख मात्र जीवनको एउटा महत्त्वपूर्ण अभाव होइन, मानसिक विपन्नता पनि अत्यन्त खतरा हुन्छ । दुःखदायी हुन्छ भन्ने कुरा यस उपन्यासमा देखाउन खोजिएको छ । जीवनको एउटा महत्त्वपूर्ण पाटोलाई यथार्थ धरातलमा उभिएर वानीराले कुशलतापूर्वक चित्रण गरेकी छिन् । **कारागार** उपन्यासमा उपस्थित पात्रहरू जसले दुःख भोग गरिरहेकै छन्, तर संघर्ष गरेर जिन्दगीमा सहज तरिकाले जिउनका लागि केही कष्टहरू उठाउँदा-उठाउँदै पनि सुखद् परिणामलाई भोग्न पाएका छैनन् । बेलाबखत सानोतिनो खुसी झल्याकझुलुक देखापरे पनि लामो खुसी आदम र हेवाको हात पर्दैन । अफिस, विजनेस गरेर सामान्य जीवन चलाइरहेका आदम र हेवाको जीवन केही सुखमय हुन्छ कि भन्दाभन्दै दैव संयोगवश जसरी आमाबाबु खोसेर लग्यो दैवले त्यसैगरी नै मनको सुखदुःख पोख्ने आधारलाई पनि निर्दयी कालले खोसेर लगिदियो । जिन्दगीका आशालाई क्षतविक्षत पारिदियो । तसर्थ यो उपन्यास निराश र दुःखान्तताले भरिपूर्ण भएर समाप्तिमा पुगेको छ ।

### ४.४.४ आदर्श

**कारागार** उपन्यासमा कतैकतै केही मात्रामा आदर्शका झिल्काहरू पनि देखा पर्दछन्। उपन्यासलाई प्रभावकारी र कारुणिक बनाउन **कारागार**मा कुनै कनै प्रसङ्गमा आदर्शका रूपहरू आएका छन् । आफ्नो जन्मघर छोडेर अर्काको घरमा डेरा लिनुपरेको यथार्थ र आदर्श उपन्यासमा देख्न पाइन्छ ।

उमेर पुगिसकेका नारी र पुरुषबीचको मित्रता सम्झौता शारीरिक आवश्यकतापूर्ति होइन भन्ने कुरा एउटा आदर्श पक्ष हो । एक अविवाहित नारीले स्वास्नी र छोराछोरीसहितको पुरुषसँग साथीको रूपमा गहिरो सम्बन्ध राख्नु अनि अन्य कुनै पनि उद्देश्य नभई मित्रताको गहिरो सम्बन्ध मात्र देखिनु पनि आदर्श हो । यसरी समाजमा केही आदर्श पात्रहरूलाई भेट्न सकिन्छ । त्यसैले उपन्यासमा आदर्श पक्षहरू पनि समावेश गर्न आवश्यक हुन्छ । एउटा साहित्यमा तथ्यपूर्ण विवरण मात्र भयो भने त्यो साहित्य नभएर कलापूर्ण यथार्थ हुन जान्छ ।

## ४.५ घटना/तारतम्य

**कारागार** एउटा बौद्धिक र नयाँ आयाम लिएर देखा परेको सामाजिक उपन्यास हो । समाजको यथार्थलाई यसभित्र चित्रण गरिएको छ । यस उपन्यासमा चित्रित भएका मध्यमस्तरका नेपालीहरूको जीवन एउटा निर्णायक मोडबाट अगाडि बढेको नभई विभिन्न

परिवेश, आरोह-अवरोहबाट अगाडि बढेको छ । **कारागार** एउटा यस्तो उपन्यास हो, जसमा आफन्तबाट पीडित अर्थात् ठूलो धनराशि हात पार्नको लागि घसेको चिल्लो घसाइलाई सहन नसकी आफैँले निर्माण गरेर आफैँ थुनिएको कारागारको चित्रण हो । घटनाहरू नचाहँदा नचाहँदै पनि सरासर घटेका छन् । यो उपन्यास मनोवैज्ञानिक तरिकाले यथार्थको चित्रण गरिएको उपन्यास हो ।

सामान्य जीवन चलिरहेकै बेला जब बाबुआमा तीर्थ जान तम्सन्छन् र जान्छन् तर फर्केर आउँदैनन्, त्यसपछि यस उपन्यासमा नायिकाको दुःखद् घडीको सिर्जना हुन्छ । कुमारीत्वलाई अघिबाटै स्वाहा पारेकी बैंसले उन्मुक्त भएकी एउटा तरुनीसँग वैवाहिक सम्बन्ध गाँस्न पुगेको युवक तीन सन्तानको उत्पत्तिपछि पनि श्रीमतीको तिर्खालाई मेटाउन असफल भएको छ । एक व्यापारी बन्न पुगेको पुरुष अजङ्गको तिर्खा मेटाउन असमर्थ भएपछि उसको अगाडि दुब्लाउँदै, पुड्किँदै, चाउरिँदै र बिलाउँदै जान्छ तर श्रीमतीको बिटुलो अस्तित्त्व भने उसको अगाडि मोटाउँदै, अग्लिँदै, पुष्टिँदै र स्पष्टिँदै गइरहेको हुन्छ । परिणामस्वरूप उसका छोराछोरी ऊदेखि टाढा हुँदै गइरहेका हुन्छन् तर एउटी सानी छोरीको मायाले भने तानिराखेको हुन्छ । यसरी एक आपसमा सुखदुःखका कुराहरू यताउता भएपछि हेवामा आदमप्रति विश्वास उब्जन्छ । उनीप्रति माया पलाउँछ । हेवालाई लाग्न थाल्छ मेराभन्दा पनि दयनीय स्थिति आदमको पो रहेछ, त्यसैले मैले उनलाई माया गर्नैपर्छ ।

"त्यसरी ती दुई प्राणी निरुद्देश्य एउटा बाटामा हिँडिरहेका छन् । धुलाका कणहरू आँखा भरीभरी परे पनि आँखा मिच्दै एक अर्कालाई हेर्दै-हेर्दै ।" (का.पृ. १३)

यो नै उपन्यासको महत्त्वपूर्ण घटना हो । वास्तवमा आमाबाबुको मृत्यु नभई दिएको भए या त आमा वा बाबुमध्ये एक जना मात्र बाँचिदिएको भए पनि यस्तो दुःखद् घटनाको सिर्जना हुने थिएन । दाजुभाउजूहरूलाई धनको लालचले नतानेको भए हेवामा यस्तो कारुणिक स्थितिको सिर्जना हुने थिएन । उता काकीको सल्लाहबाट काकीको भदैनीसँगको विवाह सफल भइदिएको भए, भदैनीको तिर्खा विवाहपछि शान्त भइदिएको भए यस्तो घटनाको सिर्जना हुने थिएन । यसभन्दा अगाडि-पछाडि पनि अन्य घटनाहरू देखापरेका छन् । तर प्रमुख घटनाको रूपमा यिनै उल्लिखित घटनालाई लिन सकिन्छ ।

### ४.६ कथानक

**कारागार** उपन्यासको कथानक उपन्यासकी 'म' पात्र हेवाले सम्झेका घटनामा आधारित छ । **कारागार** उपन्यासभित्रका सम्पूर्ण घटनाहरू हेवा र आदमसँग सम्बन्धित छन् । उपन्यासमा जीवनको भोग गर्ने यी दुई प्रमुख पात्रहरू हुन् भने यी दुई पात्रबाहेक अन्य सहायक पात्रहरूमा पनि कथानक जोडिएको छ । आदमकी वैधानिक श्रीमती, हेवाका घरका परिवार, छरछिमेक, साथी, आदमको ससुराली आदिले बिताएको जीवनको अंश पनि यसमा आएको भए तापनि यी सबैसँग सम्बन्धित कथानकले पनि आदम र हेवाकै चरित्रलाई

स्पष्ट पार्ने काम गरेको छ । हेवाले पूर्वदीप्तिका माध्यमबाट व्यक्त गरेका सम्पूर्ण घटनाहरू उपन्यासका कथानकका रूपमा आएकाले तिनको जोडाइ कहिलेकाहीँ स्पष्ट नभएको जस्तो पनि लाग्छ । उपन्यासमा हेवाका दाजुभाउजूहरू, बाबुआमा, साथी छिमेकी, मामा, आदमकी श्रीमती, छोराछोरी, बाबुआमा, काकाकाकी, जेठानहरू पनि प्रसङ्गवस जोडिन आएका छन् । कथानकलाई सङ्गठित गर्ने र प्रस्तुत गर्ने काम हेवाको सम्झना र संस्मरणमा भएको छ । यसरी हेर्ने हो भने उपन्यासमा विविधताको झाँकी देख्न सकिन्छ ।

**कारागार** उपन्यासको कथानकको स्रोत सामाजिक र मनोवैज्ञानिक यथार्थ हो । मानव सामाजिक प्राणी भए पनि उसको मानव संसार अझै प्रबल र विशाल हुन्छ । मानसिक रूपमा विकसित हुने ग्रन्थि र जीवनका पीडाहरूले मानिसलाई कस्तो अवस्थामा पुऱ्याउँछ भन्ने कुरालाई यस उपन्यासमा प्रकट गरिएको छ । आफन्तकै चिल्लो घसाइले हेवाप्रति देखावटी सहानुभूति राख्दा राख्दै पनि हेवा र आदमबीच मेल भएर उनीहरूका जीवनमा परेको नियतिको वज्रपातले हेवा अझ दुःखित भएकी छे । नियति शब्द ठूलो चीलजस्तो भएर ऊमाथि उडिरहेछ, उसको शरीरको मासु लुछ्न लागिरहेछ । हेवाले आदमको दुर्घटना परेर अस्पतालमा ल्याएर मृत्यु भइसक्दा पनि खबर तत्काल थाहा नपाएकी र पछि मात्र थाहा पाएकी र यतिका वर्षको उनीहरूको सम्बन्धलाई कसैले केही नठानेर खबर गरेनन् । अन्त्यमा आफूलाई खिसी गर्ने चिरीबिरे साथी एक्सप्रेसबाट थाहा पाएर दुईटा शब्दको भित्ताले क्रमशः छेउछेउ आई आफूलाई किच्न लागेको सम्झिन पुग्दछे । भित्रिनी ... र बुढीकन्ने । एउटा सानो शाब्दिक पिँजडाभित्र पसेर ठूलो ऐकान्तिकताको कारागारबाट मुक्त भएको अनुभव हेवाले गर्दै उपन्यासको सम्पूर्ण कथानकलाई समाप्त पारिएको छ । मान्छेको अस्मिता बोध र यसबाट उत्पन्न हुने परिस्थिति शारीरिक परितृप्तिको क्षतिपूर्ति प्रेमको आध्यात्मिक स्वरूपको दर्शनजस्ता रहस्यमय कुराहरूमा पनि उपन्यास केन्द्रित रहेको छ । परपीडनमा रमाउने आदमकी वैधानिक श्रीमती भएको प्रसङ्ग पनि उपन्यासमा महत्त्वपूर्ण भएर आएको छ । हेवाको पतिप्रेम तथा कामवासनाको क्षतिपूर्ति आदमसँग बसेर हुन्छ भने उता दुलही यौनको अतृप्तिबाट तृप्तितर्फको यात्रामा संलग्न रहेको कुरा **कारागार**मा गरिएको छ ।

**कारागार** उपन्यासमा घटनाको शृङ्खलालाई हेर्दा घटनाहरू छरपष्ट रूपमा छरिएर रहेका देखिन्छन् । आदि, मध्य र अन्त्यको शृङ्खला नभएको हुँदा घटना खजमजिएर बसेको छ । विवाहिता पत्नीले आदमलाई हेला गरेपछि आदमले हेवासँग प्रेम गर्नु महत्त्वपूर्ण शृङ्खला हो । बाबुले छोरी हेवालाई छुट्याएको सम्पत्तिको लालचमा परेर जस्तोसुकै वर आए पनि सम्पत्तिको मोहले केटाहरू अस्वीकार गर्दै जानु र उमेर निक्कै बितिसक्दा पनि हेवाको जीवनमा वसन्त नआउनु सधैँ उराठलाग्दो जीवन र उसको मनमा शान्ति नहुनु घटनाको अर्को शृङ्खला हो । आदमको पुस्तकालयमा हेवासँग परिचय भएपछि नजिकिँदै

जानु, सँगै बस्न थाल्नु, दुःख-सुख बाँड्नु, रात बिताउनु, घुम्न जानु जस्ता घटनाहरू पनि महत्त्वपूर्ण शृङ्खलाभित्र पर्दछन् । यिनै घटनाका कारण आदम र हेवा धेरै नजिकिएको अवस्थामै आदमको हिउँमा चिप्लिएर गाडी दुर्घटनामा परेर मृत्यु हुनु जस्ता घटना शृङ्खलाको उपल्लो चुली हो । यही चरममा पुगेर घटनाको शृङ्खला तलतिर झर्न थाल्छ । आदमको मृत्युपछि आफ्नै मनसँग तर्क-बितर्क गर्नु संघर्ष ह्रास हो भने हेवा आफैंले आफूलाई आदमको मृत्युद्वारा मेरो अस्तित्वमा कुनै पनि पृथकता आउँदैन भने मेरा निम्ति यही एउटा बुढीकन्ये शब्द सार्थक छ त ? भन्दै बुढीकन्ये र भित्रिनी शब्दले आफूलाई किच्न लागेको कुरा घटना शृङ्खला भित्रको उपसंहार भाग हो ।

**कारागार** उपन्यासभित्र मूल कथानकसँगै अन्य गौण कथानक पनि आएका छन् । हेवाको बाल्यकाल, परिवारिक वातावरण, बाबुआमा, दाजुहरूको माया, बाबुआमाको तीर्थयात्रा, दुबैको मृत्यु, मामाको जेल जीवन, छिमेकी थापा परिवारका क्रियाकलाप, अफिसका हाकिमको क्रियाकलाप, सडक पेटीका नाङ्गा बच्चा र तिनीहरूका आमाको दिनचर्या, हेवाकी बालसखा, घरवेटी बुहारी आदिका घटनाहरूले गर्दा मूल कथानकलाई आगाडि बढ्न अझ सहज बनेको छ । सबै घटनाहरू शृङ्खलाबद्ध रूपमा आएका भने छैनन् । समाख्याता पात्र अर्थात् उपन्यासकी प्रमुख नायिका 'म' पात्र हेवाले पूर्वदीप्तिका माध्यमबाट कथाको शृङ्खला अगाडि बढाएकी र ठाउँ कुठाउँ जे सम्झना आउँछ त्यसैको वर्णन गरेको जस्तो भान पनि **कारागार**भित्र देखिन्छ ।

**कारागार** उपन्यासका घटनाहरूलाई सरसर्ती केलाउँदा यसको कथानक वर्तमानबाट भूतकालतिर हिँडेर फेरि वर्तमानतिरै फर्केको छ । यसरी हिँड्दा यसको ढाँचा सिधा नभई गोलाकार रूपमा प्रस्तुत भएको छ । यथार्थमा प्रस्तुत उपन्यासमा केन्द्रीय चरित्र आदमको जीवनवृत्त स्वयं कै बुद्धि, विवेक र तर्कसंगत विचारसँग पनि निर्दिष्ट छ भने हेवा परम्पराबाट माथि उठ्न खोज्दा खोज्दै सफल भएकी छैनन् र भित्रिनी जस्तो शाब्दिक पिंजराभित्र थलिएर बस्न बाध्य छिन् । नारी मनोविश्लेषणात्मक, नियति संश्लिष्ट अस्तित्ववादको पृष्ठभूमिमा सिर्जना भए जस्तो पनि देखिन्छ यो उपन्यास ।

### ४.७ पात्र/चरित्रचित्रण

चरित्रचित्रणका दृष्टिले **कारागार** उपन्यास अत्यन्त सशक्त रहेको छ । **कारागार** उपन्यासमा सीमित पात्रहरूले मात्र प्रमुख पात्रको भूमिका निर्वाह गरेको पाइए पनि सहायक र गौण पात्रहरू पनि उत्तिकै मात्रामा आएका छन् । समाजभित्रको मनोवैज्ञानिक यथार्थलाई उद्घाटन गर्ने सन्दर्भमा **कारागार**भित्र त्यसै अनुरूपका पात्रहरूको प्रयोग गरिएको छ । शिक्षित वर्गको प्रतिनिधित्व गरेको र त्यस अनुसारको संस्कार, भेषभूषा, भाषाको प्रयोग, रहनसहन आदिको चित्रणले उपन्यास स्वाभाविक बनेको देखिन्छ । **कारागार** उपन्यासभित्र सत्य, असत्य तथा आदर्श र यथार्थवादी, उदार-अनुदार आदि जस्ता प्रवृत्ति भएका

पात्रहरूको प्रयोग र ती पात्रहरूको सहज उपस्थितिले उपन्यासलाई अझ बढी विश्वासिलो बनाइएको छ । **कारागार**भित्रका पात्रहरू प्रायः मध्यमस्तरका देखिन्छन् भने कतै कतै प्रसङ्ग अनुसार निम्न र उच्च पात्रहरूको पनि सामान्य रूपमा चर्चा पाइन्छ । बाल्यकाल र यौवनको सिँढीमा पनि आर्थिक कठिनाइले पिरोलिन नपरेका पात्रहरूको चयन **कारागार**भित्र सफल रूपमा गरिएको छ । बौद्धिक स्तर फितलो नभएको अर्थात् बौद्धिक पक्ष सबल भएका शिक्षित वर्गद्वारा **कारागार** उपन्यास सञ्चालित छ । **कारागार** उपन्यासभित्र बालक, युवा र प्रौढ तीनै थरी पात्रहरू प्रयोग भएका छन् भने ती पात्रहरूले कुनै स्त्री पात्र छन् र कुनै पुरुष पात्र छन् । कार्यावस्थाका आधारमा प्रमुख, सहायक र गौण तीनै थरी पात्रको प्रयोग गरिएको प्रस्तुत **कारागार** उपन्यासभित्र सकारात्मक र नकारात्मक अथवा प्रतिकूल र अनुकूल दुवै प्रवृत्ति भएका पात्रहरू पनि भेटिन्छन् । मञ्चीय र नेपथ्यीय पात्रका साथै बद्ध र मुक्त दुवै खालका पात्रहरूको प्रयोग यस **कारागार** उपन्यासमा पाइन्छ । सुसम्पन्न थापा परिवारको पनि पात्रहरूको प्रयोग यस **कारागार** उपन्यासमा पाइन्छ । सुसम्पन्न थापा परिवारको पनि उपन्यासभित्र प्रवेश गराएर खलपात्रको सिर्जना गरेको पाइन्छ । यस उपन्यासमा रहेका पात्रहरूको चरित्र चित्रण यस प्रकारले गर्न सकिन्छः

### ४.७.१ प्रमुख पात्रहरू

#### ४.७.१.१ हेवा

**कारागार** उपन्यासकी समाख्याता पात्र हेवा उपन्यासलाई नजिकबाट सम्पूर्ण कुरा जानेर, बुझेर प्रस्तुत गर्ने मुख्य वा प्रमुख पात्र हो । हेवा उपन्यासमा 'म' पात्रको रूपमा देखिएकी छे भने ऊ एक नारी वा स्त्री पात्र पनि हो । दुई दाजुभाइ पछि छोरीको इच्छा पूर्ण गर्नको लागि हेवाको जन्म भएको छ । घरकी सबैभन्दा प्यारी, मायाकी खानी, घरकी छोरी, बहिनी, सङ्गिनी, अफिसकी कर्मचारी बन्न पुगेकी हेवा शिक्षित र जागिरे बाबुआमाकी प्यारी छोरी सबैको माया ममतामा हुर्केकी छे । बाबुआमाको तीर्थयात्रामा मृत्यु भएपछि उपन्यासकी नायिका पात्र हेवाका आकाङ्क्षा, इच्छा, चाहनाहरूमा कुठाराघात पर्न गएर सम्पूर्ण कुराहरू त्यसै मरेर गएका छन् । बाबुआमा तीर्थयात्रा गर्न जाँदा उतै मरेका भए पनि छोराछोरीले दुःख नपाऊन्, झगडा नगरून् भनेर आफ्नो सम्पूर्ण जायजेथा कागजी रूपमा सबैलाई समान किसिमले बाँडेर लिऊन् भनेर बाबुले पहिले नै कानुनी रूपमा अंशवण्डा गरिदिएका थिए । छोराहरूको नाममा, छोरीको नाममा र आफ्नी धर्मपत्नी तीनै जनाको नाममा बाँडिएको उक्त सम्पत्ति बाबुले सोचेजस्तो र इच्छापत्रमा लेखेजस्तो गरेर सो सम्पत्तिको कागज बमोजिमको काम भएको पाइँदैन । आमालाई पनि भाग लगाएको उक्त धनराशी आमाको मृत्यु पनि बुबासँगै भएकाले बाबुले लेखेको इच्छापत्र अनुसारको धनराशि बहिनीलाई पनि दिनुपर्ने र विवाह गरेर गए पनि त्यस धन सम्पत्तिमा अरूको अधिकार हुँदैन

उसलाई अंश दिनुपऱ्यो भने हाम्रो लागि अंश थोरै हुन्छ भन्ने चिन्ताले दाजुहरूले बहिनी हेवाको विवाह हुन दिएनन् । जतिजति केटाहरू हेर्न आउँथे त्यतित्यति केटाहरूमा कुनै न कुनै किसिमको समस्या देखाई दाजुहरूले ती केटाहरूलाई फर्काउँथे । दाजुहरूको आफ्नो स्वार्थका निम्ति बहिनी हेवाले आफ्ना कैयौं सपना, विपना, इच्छा, आकाँक्षा, चाहना आदिलाई जिउँदै जलाई तिलाञ्जली दिनुपऱ्यो । मानवजीवनका निम्ति शारीरिक सुखभन्दा मानसिक सुख आवश्यक हुने भएकाले घरमा भनेजस्तो सुखसुविधा जुटेको भए पनि निस्वार्थ माया गर्ने बाबुआमा थिएनन् । दाजुहरूले विवाह गरेर आ-आफ्नो सुनौलो संसार सजाइसकेका थिए । दाजुहरूले हाँसेको बोलेको सुन्दा उसलाई असह्य हुन्थ्यो भने खान लाउन पर्याप्त पुग्ने भए पनि जागिर खान्थिन्-हेवा । हेवाले आफू जन्मेकै घरमा बसेर पनि दाजुभाउजूले देखावटी रूपमा औपचारिकता मात्र पूरा गर्न गरेको मायालाई सहन नसकी घरदेखि टाढा गएर डेरामा बस्न थालिन् । डेरा पनि दाजुहरूले आफू-आफूतिर तान्नको लागि डेरा खोज्न थालेका भए पनि कसैले खोजेको डेरामा नबसेर आफैँले खोजेको डेरामा बसिन् । त्यसै समय तीन छोराछोरीको बाबु, विवाहित पुरुष, आफ्नी विवाहिता पत्नीबाट तिरस्कृत भएको लोग्नेमान्छेसँग भेट हुन थाल्यो । भेटको क्रममा उसको आउने जाने क्रम निरन्तर भइरहन थाल्यो । समाजको व्यक्तिगत स्वार्थ पूर्ति गर्न नपाई ऱ्याल चुहाउनेहरूले हेवा र ती विवाहित पुरुषका बीच टोल, छिमेकमा चाहिने नचाहिने कुराहरू काटिरहन थाल्छन् । खिल्ली उडाइरहन्छन् । एक आसमा सुख-दुःखका क्षणहरू साटासाट गरेर कहिले कता घुम्न गएर त कहिले कता घुम्न गएर जीवन अगाडि बढाउन थाल्छन् । त्यसै क्रममा अकस्मात नायिका ‘म’ पात्र हेवाको झिनो सपनाको एक दिन मृत्यु भइदिन्छ र सपना सबै चकनाचुर भएर हुरीले उडाउँछ । अब उसलाई निस्वार्थ रूपले माया गर्ने मान्छे यस संसारमा कोही हुँदैनन् । एउटा सानो भित्रिनी जस्तो शाब्दिक पिँजडाभित्र पसेर ठूलो ऐकान्तिकताको कारागारबाट मुक्ति पाइन् ।

**४.७.१.२ आदम**

आदम शिक्षित तथा विवाहित लोग्नेमान्छे हुन् । आमाबाबुको उनी सानैछँदा मृत्यु भएकोले काकाकाकीको घरमा बसेर पढेका र काकीकै प्रभावले परिवारमा पनि आदमको स्थान रहेको छ । आदमकी श्रीमती कान्छी काकीकी ठूल्दाइकी छोरी हुन् । माइतीको वैभवको कारण कुमारीत्वलाई अघिबाटै स्वाहा पारेकी छन् । त्यसकारण तीन सन्तानकी आमा बनेर पनि उनको तिर्खा मेटिएको छैन । श्रीमतीको तिर्खा मेटाउन असमर्थ भएका पुरुष एक व्यापारी हुन् । श्रीमतीबाट अपहेलित र अपमानित भएपछि अन्य एक कुमारी युवतीसँग सम्झौतावश गाँसिन पुगेका एक विवाहित लोग्नेमान्छे हुन । विवाह गरेर छोराछोरी भइसक्दा पनि छोराहरूले बाबुलाई चिन्नसम्म पनि अत्यन्त गाह्रो थियो । घरमा शान्ति नपाई अविवाहित युवती र त्यो विवाहित पुरुष आफू दुईको अशान्तिलाई मेटाउन

कहिले घुम्न जाने, सँगै बसेर रात बिताउने गर्छन् । त्यस्तो गर्दागर्दै अचानक व्यापारको सिलसिलामा जाँदा ज्यान गुमाएका पुरुष आदम  हुन् ।

उपर्युक्त टिप्पणीले उनको उदारवादी, पीडित, सोझो व्यवहार, शिक्षित परिवार, निश्चल व्यक्तित्वको परिचय दिन्छ । उनी हार्दिक कोमलता र पीडित मानसिकताले गर्दा अविवाहित युवतीसँग सम्बन्ध गाँस्न पुग्छन् । वयस्क भएपछि पनि उनी चकचके र उच्छृङ्खल नभएर कर्तव्यपरायण हुन्छन् । आमाबाबुको मृत्युपछि उनलाई व्यवहारले थिच्छ । सामाजिक जीवनको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र भएकाले सामाजिक अन्धता र रुग्ण संस्कारले उनलाई पनि गाँजेको छ । आदम घरमा श्रीमती भएर पनि श्रीमतीले केही मर्यादा नराखेपछि पीडित भएर मन भुलाउने ठाउँ खोज्दै गरेको बेला उनीसँग सम्बन्ध भएको हो । दुर्गुणले भरिपूर्ण भएकी स्वास्नीलाई आफ्नो कब्जामा राख्न नसक्नु उनको कमजोरी हो ।

### ४.७.२ सहायक पात्रहरू

#### ४.७.२.१ मिलिटरी मेजर (बाबु)

मेजर उपन्यासको बीचमै आएर बीचमै हराउने पात्र हुन् । मिलिटरी मेजर यस उपन्यासका सहायक पात्र हुन् र यस उपन्यास अगाडि बढाउनमा प्रमुख भूमिका उनकै रहेको छ । यदि उनीबाट छोराछोरीको लागि त्यस किसिमको व्यवहार नगरेको भए उपन्यासको शैली नै भिन्न हुने थियो । अर्कै मोड लिएर उपन्यास अगाडि बढ्ने थियो । छोराछोरीलाई असाध्यै माया गर्ने विशेष गरी छोरीलाई अझै बढी माया गर्ने मेजर मिजासिलो स्वभावको अनैतिक व्यवहारदेखि टाढा बसेका र स्वाभिमानी व्यक्तित्व हुन् । सोझो, सरल र निष्कपट चरित्र भएका उमेरका साथै बानी-व्यहोरामा पनि परिपक्व, गम्भीर, विवेकशील, मानवतायुक्त सच्चरित्र, जीवनमा आउने सङ्कटलाई पहिल्यै ठम्याउन सक्ने चरित्र भएका पात्र हुन् । मिलिटरीको मेजर पदमा रिटायर भएपछि घरको सामान्य व्यवहार चलाउन र घरमा रमाइलो सुविधाको लागि घोडा पाल्नु, सुगा पाल्नु उनका सौखहरू हुन् । घरको खुसीको मुहान नै छोरीलाई सम्झने मेजर छोरीलाई लिएर घुम्नु पनि उनको सौखको विषय हो । मेजरको विवेकशीलताले गर्दा तीर्थ जानुअगाडि नै परिवारका सबै सदस्यको नाममा भएको जायजेथा सुनचाँदी, पैसा बाँडफाँड गरिलिनु यदि मेरो अकस्मात् मृत्यु भयो भने भनेर गरेको (कागजपत्र) इच्छापत्रले सोचेभन्दा भिन्न खालको अनौठो मोड लिएर अगाडि बढ्यो । उपन्यासको घटनालाई नै अनौठो मोड ल्याइदिएका पात्र हुन् ।

#### ४.७.२.२ मेजर्नी (आमा)

मेजर्नी सरल, सोझी, निश्चल र ममतामयी हृदय भएकी पात्र हुन् । उनी अत्यन्त जाँगरिली र चिटक्क परेकी स्वास्नी मानिस हुन् । आमा सामाजिक परम्परालाई अँगालेर छोरीलाई जहिले पनि राम्रो बाटोमा हिँड्नको लागि प्रेरित गरिरहने पात्र हुन् । छोरीको

भविष्यको लागि सधैँ चिन्ता लिइरहने, तर्सिरहने र सधैँ अर्ती, बुद्धि दिइरहने उनको प्रवृत्ति थियो । कुलघरानको केटा छानी छोरीको विहे आफ्नो ज्यान छँदै गरिदिने रहर बोकेकी आमा साधारण नेपाली समाजका नारीहरूको प्रतिनिधित्व गर्ने चरित्र पनि हुन् । चरित्रलाई खोट लगाउने ठाउँ नपाइने व्यवहार भएकी नारी पात्र हुन् । जसले बीचमा आएर रहरहरू पूर्ण गर्न नपाउँदै यस संसारबाट बिदा लिनुपरेको छ । जसको मृत्युको कारणले सुनौलो भविष्य क्षतविक्षत हुन पुगेको पाइन्छ ।

### ४.७.२.३ ठूलो दाजु

ठूलो दाजु उपन्यासको सहायक पात्र हुन् । सुरुमा देखा पर्दा सहयोगी, अर्काको पिरमर्का बुझ्न सक्ने, बहिनीलाई असाध्यै माया गर्ने चरित्र भएको पात्र हुन् । वास्तवमा आमाबाबुको मृत्युपछि उपन्यासका घटनाहरू यिनै पात्रका व्यवहारबाट अर्कै मोड लिन पुगेका छन् । त्यसैले दाजु उपन्यासको महत्त्वपूर्ण पात्रका रूपमा स्थापित भएका छन् । सिनियर क्याम्ब्रिज गरेर मिलिटरीमा भर्ना भएका ठूलो दाइ आफ्नै घरमा शरण लिन आएकी पहाडकी नाता पर्ने विधवा सहाराहीन भाउजूलाई नै आमाबाबुको मृत्युपछि स्वीकार्न पुग्छन् । पहिले विचारशील र विवेकशील पात्र हुँदाहुँदै आमाबाबुको मृत्युपछिको इच्छापत्रले बदलिएको मानसिकता बहिनीको जीवनको मोडलाई नै फर्काइदिन सफल भएको छ । बहिनीको भलो चिताउने दाजु स्वार्थका कारणले फोस्रो मायाममता देखाई भविष्य बिगारी दिन सफल भएका छन् ।

### ४.७.२.४ ठूली भाउजू

ठूली भाउजू उपन्यासकी सहायक पात्र हन् । सरल र स्पष्ट चरित्रकी हुँदाहुँदै विधवा भएपछि सहाराहीन भएर जुन घरमा शरण लिन आएकी थिइन्, त्यही घरको जेठो छोरासँग वैवाहिक सम्बन्ध गाँसेर एउटी आफूजस्तै नारीको भविष्य चकनाचुर पार्न पछि नहटेकी पात्र हुन् । त्यस घरका सासू ससुराको मृत्यु भएपछि छोरीले दुःख भोग्नु पर्ला भनेर छुट्याइदिएको रकम हातबाट फुत्कला भनी विवाह गरिदिन आलटाल गरेर आडम्बरी मायामा फसाएर आफ्नो स्वार्थ सिद्ध गर्न पछि नपर्ने चरित्र हुन् । मनग्य सम्पत्ति भएकी सन्तान नभएकी, आफ्नो स्वार्थपूर्ण गर्न अर्काको भविष्य बिगार्न सफल चरित्र हुन् ।

### ४.७.२.५ सानो दाजु

सानो दाइ सामान्य व्यवहारमै हुर्किएका छन् र बहिनीलाई असाध्यै माया गर्छन् । उनी डाक्टरी पास गरेर वीर अस्पतालको शल्य चिकित्सक विभागको ठूलो पद हासिल गर्न पुगेका छन् । श्रीमतीसँग आफ्नो बोल्ने अधिकार धितो राखेका छन्, उनी श्रीमती पीडित पात्र हुन् । उनले डाक्टरी पेशाबाट मनग्य पैसा कमाएका छन् । पुर्ख्यौली सम्पत्ति पाखा पर्ला भन्ने चिन्ताले बहिनीको विवाह गरिदिन चाहँदैनन् ।

### ४.७.२.६ सानी भाउजू

सानी भाउजूले नारी भईकन पनि नारीलाई बुझ्न सकेकी छैनन् । उनी स्वार्थको लागि जे पनि गर्न र जस्तै कष्ट पनि सहन तयार हुने कपटी नारी पात्र हुन् । चाप्लुसी जान्ने मनग्य सम्पत्ति भएर पनि अभावको बहाना बनाउन जान्ने, श्रीमान्लाई मुठीभित्र राखेकी देखावटी माया गर्न नपर्ने नाटकीय भूमिका निभाउन सक्ने नारी चरित्र हुन् ।

### ४.७.२.७ नायककी श्रीमती

दूषित र कलङ्कित चरित्र भएकी र बैंसले उन्मत्त भएर आफ्नै फुपूको भतिजोसँग वाचाको लागि मात्र विवाह गरेकी पात्र हुन् । विवाहमा माइतको वैभव भित्र्याएर धाक र रवाफ छोड्न सफल लोग्नेलाई एउटा नोकरको समान इज्जत दिन नसकेकी र नदिएकी एक गन्धयुक्त चरित्र भएकी पात्र हुन् । कहिल्यै पनि छोराछोरीलाई बाबुको नजिक राख्न नचाहने र आफ्नो तिर्खालाई मेटाउन अनेकौं पुरुषलाई छान्दै अनैतिक व्यवहार गर्न पछि पर्दिनन् । श्रीमान्ले कति प्रयास गर्दा पनि श्रीमतीलाई सन्तुष्ट पार्न सफल भएका छैनन् । माइतीको वैभव भित्र्याएकी र माइतीमा बाबुको व्यवहार देखेर बाबुसँग बदला लिन खोज्दाखोज्दै आफैं कुलतमा फसेकी अनैतिक नारी चरित्र हुन् । श्रीमतीकै कारणले यस उपन्यासको नायक बन्न पुगेको आदम अर्की अविवाहित स्त्री युवतीसँग गाँसिन पुग्दछन् । जसमा प्रमुख हात आफ्नै श्रीमतीको छ । जसले कुमारीत्वलाई अगाडिबाटै स्वाहा पारेकी थिइन् र अजङ्गको तिर्खा मेटाउन असमर्थ बन्दै गइरहेकी छन् । कुनै पनि चरित्रलाई सह्राउन नसकिने चरित्र भएकी नारी पात्र हुन्- नायककी श्रीमती ।

### ४.७.३ गौण पात्रहरू

### ४.७.३.१ थापा परिवारको छोरो

आर्थिक दृष्टिले सम्पन्न थापा परिवारको छोरो एक विवाहित पुरुष हो । उपन्यासमा उसको भूमिका एउटा मात्रै अंकमा भएको ऊ उपन्यासको गौण पात्र हो । समाख्याता हेवाको मुखबाट उसको घटना वर्णन गरिएको हुँदा ऊ नेपथ्यीय र मुक्त पात्र पनि हो । कुलतमा नलागेको र आमाको हदभन्दा बढी माया पाएको व्यक्ति हो- ऊ । शुक्रबार फिलिम हेर्न जाँदा फिलिम राम्रो नभएर बीचैमा उठेर हिँड्ने र घरमा आउँदा आफ्नी आमाको ओछ्यानमा घरको सारा हिसाबकिताब गर्ने बाहुन युवक र आमाको क्रियाकलाप देखेर पोटासियमसायोनाइड खाएर आत्महत्या गर्ने व्यक्ति हो ।

### ४.७.३.२ थापा परिवारकी बुहारी

राणा परिवारकी पाँचजना छोरीनै छोरीमध्येकी साहिँली छोरी हो बुहारी । हेवाकै माध्यमले यिनको कथा भनिएको र एउटै अङ्कको घटनामा मात्र आएकी पात्र हुनाले ऊ

नेपथ्यीय र गौण पात्र हो । धेरै नहाँस्ने हाँदा ओठभरि मात्र हाँस्ने विचित्रको गम्भीर आकर्षण भएकी यिनी निधारमा रातो सुकीजत्रो टीको र आँखामा गाजल लगाउन रुचाउँथिन् । शुक्रबार राती फिल्म हेरेर फर्केपछि हात जलेको अवस्थामा श्रीमान्सँगै शनिवार आत्महत्या गर्ने पात्र हुन्- यिनी ।

### ४.७.३.३ थापा परिवारकी आमा

पति मरेका र श्वेतवस्त्र लगाएकी छोरोलाई औधी माया गर्ने अनि छोरोलाई विवाह गर्नको लागि निरन्तर सोधिरहने र छोरोले विवाह गरेर ल्याएको श्रीमतीले पकाएर दिएको खानेकुरा नमिठो मान्ने, बुहारीले ग्यालग्याली बच्चा जन्माउने भई भनेर भन्ने, घरमा कोही नभएको बेलामा घरको सारा हिसाब किताब गर्ने बाहुन युवकसँग अनैतिक सम्बन्ध गाँस्न पुग्ने एक पथभ्रष्ट महिला हो ।

### ४.७.३.४ अफिसको हाकिम

हिंस्रक आँखा भएको, माउसुलीले पुतली पक्रन फुत्तफुत्त जिब्रो निकालेको बेलाको जस्तो हाँसो भएको, नायिका हेवाप्रति कुदृष्टिको भावनाले 'डेरा देखाउनु भएन' भनेर प्रश्न गर्ने र मनमा कुभावना राख्ने सम्पूर्ण हाकिमहरूको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो । उसको भूमिका उपन्यासमा हेवासँग संवादका माध्यमले भएकाले ऊ मञ्चीय पात्र हो । क्षीण भूमिका भएकाले गौण पात्र हुनुका साथै मुक्त पात्र पनि हो ।

### ४.७.३.५ एक्सप्रेस

समाख्याता 'म' पात्र हेवाको अफिसको अर्को विभागको सेक्सन अफिसर हो- एक्सप्रेस । ऊ अति बोल्ने खालकी पात्र हो । उसका अगाडि जो कसैले पनि आफूलाई श्रोताको रूपमा उभ्याउनु पर्ने हुन्छ । उसको कुरा हाकिम, नेता, सारी, युवक, ठिटी जस्ता सम्पूर्ण विषयसँग सम्बद्ध हुन्छन् । हेवालाई आदमको मृत्युको खबर सुनाएर मूल कथानकमा जोडिन आए पनि ऊ गौण पात्र हो । उसका अभिव्यक्तिहरू संवादका रूपमा आएकाले मञ्चीय पात्र हो भने खासै महत्त्वपूर्ण भूमिका नभएको हुँदा ऊ उपन्यासकी मुक्त स्त्री पात्र हो ।

### ४.७.३.६ जेलको डाक्टरकी छ्याकी छोरी

झट्ट हेर्दा नराम्रो मान्नुपर्ने, बैंसले मतमताउने बेला नभएकी, जेलको बार्दलीमा उभिने र जेलको रासनपानी सप्लायर गर्ने ठेकेदारलाई आफ्नो शरीरका सम्पूर्ण अङ्ग चलाउन छाडा छोडदिने नकारात्मक चरित्र भएकी नेपथ्यीय, मुक्त, स्त्री र गौण पात्र हो ।

### ४.७.३.७ जेलको रासन पानीको ठेकेदार

कालो, गैंठे, हाँस्दा माथिल्लोपट्टिको नीलो घिनलाग्दो गिजा देखिने, क्वाटरमा कोही नभएको मौकामा जेलको डाक्टरकी एउटा छ्याकी छोरीसँग प्रेमलीला गर्ने, उसको गाला

चिमोट्ने, छाती पक्रने, म्वाइँ खाने नकरात्मक चरित्र भएको नेपथ्यीय, मुक्त र पुरुष पात्र हो । उपन्यासमा यस पात्रको भूमिका अति न्यून भएकाले गौण पात्र हो ।

**४.७.३.८ हेवाकी बालसखा**

हेवाकी बालसखा, सानोमा भाँडाकुटी खेल्ने र फूलहरूको नाम चिनाउने, विवाह भएपछिको भेटमा सुख-दुःखका कुरा गर्ने, गोरो लाम्चो घाँटी भएकी दुई छोराहरूकी आमा हो, साहेबज्यूकी सानी छोरी । उपन्यासमा थोरै भूमिका भएकी तर प्रत्यक्ष पात्रको भूमिकामा देखिएकीले ऊ मञ्चीय पात्र हुनुका साथै सकारात्मक, मुक्त, स्त्री पात्र हो ।

**४.७.३.९ घरपटीको विवाहित छोरो**

रात परेपछि सधैँ मातेर अर्काकी छोरी बुहारी समात्न जाने, उनीहरूबाट दिनहुँ पिटाइ खाने, दिउसो कुनै पनि स्वास्नीमानिसको अनुहारमा समेत हेर्न नसक्ने दोहोरो चरित्रको पुरुष पात्र हो । उसले जाँड खाएर होहल्ला गरेर हिँड्ने सम्पूर्ण पुरुषहरूको प्रतिनिधित्व गरेको छ । प्रतिकूल र अनुकूल दुवै भूमिकामा देखिने नेपथ्यीय र मुक्त पात्र हो ।

**४.७.३.१० एउटी शिक्षिका**

स्वास्नी मानिस जति सबैलाई 'दिज्यू' भन्ने, लोग्नेमान्छेलाई नामका पछाडि 'जी' लगाउने लुती बिराली जस्तै म्याउँम्याउँ गरेजस्तो गरेर नङ्ग्रा फिँजाएर युवकहरूलाई आफ्नो जालमा फसाउने नकारात्मक चरित्र भएकी नेपथ्यीय, मुक्त र स्त्री पात्र हो । शिक्षण पेशामा लागेर पनि पथभ्रष्ट भएर हिँड्ने सम्पूर्ण शिक्षिकाहरूको प्रतिनिधित्व गर्ने पात्र हो ।

**कारागार** उपन्यासमा अति गौण पात्रहरू पनि आएका छन् । जसले उपन्यासमा कुनै प्रकारको पनि भूमिका निर्वाह गर्न सकेका छैनन् । कुनै कुनै पात्रले सामान्य भूमिका निभाएका भए पनि प्रायः पात्रहरू समाख्याताले घटनाको वर्णन गरिरहेका बेलामा उच्चरित नामहरू पर्दछन् । यस्ता पात्रहरूमा सुत्केरी ज्यापुनी, स्कुले ठिटाहरू, सडकमा हिँड्ने ठिटी, तरुनी, अधवैंसे बूढी, रिक्सावाल, केटाकेटीहरू, वनविभागको डाइरेक्टर, धाइआमा, सहेबज्यू, घरपेटीकी बुहारी, घरपेटीकी बुहारीको छोरो, सुदर्शन आदि जस्ता पात्रहरू पर्दछन् भने मानवेतर पात्रहरूमा सुगा, कुकुर, बिरालो, घोडाजस्ता पात्रहरू पर्दछन् । यी पात्रहरूले उपन्यासलाई गति दिने काम गरे पनि भूमिका भने  छैन । ईर्ष्या, संशय, घृणा, क्रोध, दया, मायाजस्ता मानवीय सबलता र दुर्बलता भएका पात्रहरूको उपस्थितिले उपन्यासलाई सहज र स्वभाविक बनाएको छ । उपन्यासका घटनाहरू र विषयलाई पात्रका चारित्रिक कमजोरीले अघि बढाएका छन् । आमाबाबुको माया, ममता अचानक टुक्रन जाँदा दाजुभाउजूले चिल्लो मात्र घसेर बहिनीको भविष्य बिगारी दिएका छन् । आफन्तकै लहैलहैमा लागे विहावारी गर्दा अनि श्रीमतीबाट अपहेलित भएर सहारा खोज्न जानुपरेका घटना चारित्रिक सत्यतासँग आबद्ध घटनाहरू हुन् । दाजुहरू चरित्रवान र विवेकी हुँदाहुँदै पनि कर्तव्यपरायणताबाट बिमुख भएका  छन् । नायककी श्रीमती जसले समाजमा अनैतिकताको व्यवहार गरेर चरित्र

भ्रष्ट नारीमा आफ्नो नाम दर्ता गराएकी छन् । उपन्यासका पात्रहरू हाम्रै समाज र हामी जस्तै लाग्दछन् । पात्रहरू शिक्षित र मध्यमवर्गका हुँदाहुँदै पनि अविवेकशील व्यवहारहरू यत्रतत्र पुगेको छ । समग्रमा **कारागार** उपन्यासको पात्रको प्रयोगले वानीरा गिरी मनोवैज्ञानिक यथार्थवादी लक्ष्य प्राप्त गर्न सफल भएकी छिन् ।

### ४.८ देश, काल, वातावरण (परिवेश)

देश, काल, वातावरणले उपन्यासका घटनाहरू घटेका स्थान, समय, रीतिरिवाज, धार्मिक, आर्थिक अवस्थालाई इङ्गित गर्दछ । **कारागार** २००७ सालतिरको घटनालाई संकेत गर्दै २०३५ सालमा लेखिएको उपन्यास हो । कारागार कसरी किन सिर्जना भयो भन्ने प्रश्न साथै उत्तर पनि दिँदै यस उपन्यासको समाप्ति हुन पुग्दछ । काठमाडौँकै सेरोफेरोमा यो उपन्यास रमाएको छ । स्वच्छ र विशाल हृदय हुँदाहुँदै पनि आकस्मिक घटेको घटनाले मानसिक परिवर्तन ल्याएर अत्यन्त स्वार्थी भावना प्रदर्शन गर्न पुगेको यथार्थ यहाँ देख्न सकिन्छ । यस उपन्यासमा काठमाडौँको नेपाली रहनसहन, सभ्यता, संस्कार, जीवनपद्धति, आर्थिक अवस्था, धार्मिक भावना, प्राकृतिक हृदय र चरित्रचित्रण सीमित क्षेत्रमा भए पनि गरेको पाइन्छ । उपन्यासमा केही मात्रामा गाउँको र प्रायः सहरीया परिवेश आएको छ । उपन्यासका पात्रहरूले आफ्नो हक र अधिकारको लागि भिडेर लागेको पाइँदैन । अधिकार हुँदाहुँदै पनि आफ्नो खुसी अर्काको लागि छोडिदिएको पाइन्छ । मुख्य नायक नायिकाको जीवनमा क्षणिक खुसी देखिएता पनि अन्ततः दुर्घटित भएका छन् । त्यसैले उपन्यासमा करुणा छाएको छ । उपन्यास निराश वातावरणमा व्याप्त भएको छ ।

यस उपन्यासका पात्रहरू सामान्य व्यवहार चलाउन समस्या नभएका अर्थात् गाँस, वास र कपासले पिरोलिनु नपर्ने खालका छन् । आर्थिक कमजोरीका कारणले गर्दा उपन्यासभित्र घटनाको सिर्जना भएको होइन । आर्थिक कमजोरीले पिरोलिन नपरेता पनि आर्थिक कारणले गर्दा नै उपन्यासमा प्रमुख पात्रको जिन्दगी बर्बाद हुन पुगेको पाइन्छ ।

“यस विषयमा ठूल्दाइ, भाउजू र सान्दाइले मलाई कहिले एकवचन नसोधी आपसमा सल्लाह गर्दै आफ्नो आफ्नो मन्तव्यअनुसार हरेक असल-खराब केटालाई रद्द गर्दै गए ।” (का.पृ. ८०)

बाबुले छोराहरूलाई र छोरीलाई अनि धर्मपत्नीलाई भनेर छुट्याएको रकम र गहनाको लोभले दाजुहरू यस्तो निर्णय लिन पुग्दछन् ।

“मेरा कमला सपनाहरू सुस्ताउँदै गए, रहरका प्वाँखहरू झर्दै गए, प्वाँख झरेको बुच्चे चरो झैँ मेरो नामको पछाडि थाहा नपाई एउटा उपनाम गाँसिएको पनि मैले लख काँटे- बुढीकन्ये ।” (का.पृ. ८१)

उसमा अझै पनि केही आशा बाँकी थिए । के कमी थियो ममा र मैले यस्तो उपनाम पाएँ भन्ने तर्कले उसलाई त्यो नाम स्वीकार्न मन लागिरहेको थिएन ।

"नाता सम्बन्ध, आत्मीय भन्ने अनुहारलाई छर्लङ्ग चिनाउने ऐना समय रहेछ । समयको ऐनामा हेरेपछि मात्र थाहा पाएँ– मेरो निम्ति वर नजुट्नुको मुख्य जड बाको इच्छापत्र रहेछ ।"

(का.पृ. ८१)

इच्छापत्रले दाजुहरूको मनमा थाहा नै नपाई लोभ लालसको बीजारोपण गरिदियो । अनि बिस्तारै त्यो बढेर वृक्षमा परिणत भयो । त्यस समयसम्ममा उनलाई धेरै अबेर भइसकेको हुन्छ । अन्तर्मुखी बनेर उनको एक्लो व्यक्तित्वले बौद्धिकतासँग सम्झौता गर्न पुग्यो । अध्ययन, मनन, चिन्तन उनका जीवनका विभिन्न एकाइ बन्न पुगे ।

आमाबा हराइसकेकी अनेक स्थिति-परिस्थितिसँग सम्झौता गर्दै आफ्नी बाल्यसखा अगाडि बलिन्द्र धारा आँसु चुहाउँन पुगिन् । उनलाई बाल्यकालको साथीसँग भेट्दा बाल्यकालकै सम्झनाले सताउन थाल्छ । उनका मनमा अनेक तर्क-वितर्क खेल्दै जाँदा एकैचोटि आमाबालाई सम्झन्छिन्, सुगा सम्झन्छिन्, भिनसको मूर्ति सम्झन्छिन्, सुनौलो माछाका भुरा बाको हात पक्रेर यहाँ आएको सम्झन्छिन् ।

आफूसँगै खेलेकी साथीको दुई सुन्दर छोराहरू देख्दा, उनलाई आफू किन त्यसरी फस्न पुगें ? सारा चाल कसले चालेको थियो ? यी सबै प्रष्ट थिए तर समय बितिसकेको थियो ।

"निरस अन्धकारमा एकनाससित वर्षिरहेको पानी एकोहोरो आवाजले झन् भिँजोलाग्दो पारिदिन्छ, यस्तो झरीको रातमा ...।" (का.पृ. ११७)

एक्लो निरास उराठिलो जिन्दगी आमाबाबुविहीन आफन्त भनाउँदोको स्वार्थ आदिले नायिकाको जिन्दगी झिँजो लाग्दो परिरहेछ ।

वानीराले प्रकृतिलाई सौम्य र विभत्स दुबै रूपमा साथै सम्भावित घटनाको पूर्व संकेतको रूपमा पनि चित्रण गरेकी छिन् । जस्तै–

"नीलो रंगको संसारभन्दा ठूलो केही छ र म एउटा कमिला भएर रगरग एक्लै त्यसमा हिँड्दै छु । अन्तहीन मरुभूमि छ र म एक्लै पाइलो चालिरहेछु ... ।" (का.पृ. १३३)

"आकस्मिक कुनै पनि घटना घट्न गयो भने के गर्ने, कसो गर्ने मानसिकताले सोच्न एकदमै गाह्रो पर्न जान्छ ।" (का.पृ. १३४)

**कारागार** उपन्यासले तत्कालीन समाज व्यक्तिको मनोवैज्ञानिक यथार्थलाई घुमाउरो पाराले प्रष्ट पारेको छ । आमाबाको मृत्युअगाडि र मृत्युपश्चात् बाँच्ने शैलीमा कति अन्तर आयो । वानीराले जस्तो जीवनपद्धतिलाई **कारागार**मा स्थापित गरेकी छिन्, जस्ता पात्रहरूको चयन गरेकी छिन्, त्यसैअनुरूपको परिवेश र तिनीहरूको सोचाइ, धारणा त्यहीअनुसारको

रहेको छ । यस उपन्यासमा सामाजिक जीवनको मनोवैज्ञानिक यथार्थलाई उद्घाटन गरिएको छ ।

माथि उल्लेख गरिएको बाह्य वातावरणका साथै **कारागार** उपन्यासको आन्तरिक वातावरण त्रासद, करुण र निरस रहेको छ । आफन्तबाट आफ्नो भनाउँदाहरूको स्वार्थपूर्ण माया पाउन नसकेर मायाको खोजीमा अल्मलिएका पात्रहरू संघर्ष गर्दागर्दै कति सफलता हातबाट फुत्कन जान्छ । उनीहरूको जीवन दुःखमा टुङ्गिएको छ । उपन्यासको थालनीमा त्यति सुन्दर घर रमाइलो वातावरण आफन्तको मायाममता, विस्तारै गएर यौवनको सिँढीमा राम्रोसँग पाइला नअडिँदै आफूले टेकेको ठाउँहरूमा भासिँदै जान्छन् र समाएका हाँगाहरू सुक्दै जान्छन् । हेर्ने आँखाहरू धमिलिँदै जान्छन् । आफूलाई उकास्ने सहारा नै भासिएपछि सामान्य जीवन पनि चलाउन अत्यन्त मानसिक यातना खप्नु पर्दछ । जीवन सुखद् होला कि भन्ने चाहना नायक-नायिका दुबैको हराउँदै जान्छ । बिस्तारै निराश वातावरणको सिर्जना हुन्छ । आफ्नो घर हराभरा गरेर आफ्नै सहारामा बाँचेको लहरारूपी बहिनीका लागि सहारा दिन चाहँदैनन् । नायक पनि श्रीमतीका कुनै आफन्तमा हुने खालका श्रीमान्ले श्रीमतीलाई र श्रीमतीले श्रीमान्लाई गर्ने व्यवहारदेखि टाढा रहेर निराशाको बादलमा अलमल भइरहेको हुन्छ । श्रीमती पीडित पुरुष र बुढीकन्ये हुन लागेको युवतीबीचको सम्झौताको कारण शारीरिक आवश्यकतापूर्ति नभई सामाञ्जस्य प्रबुद्धता हुन् र उनीहरू भित्रैको अभाव हो । उपन्यासको नायक र नायिकाको अन्त्य करुणामय वातावरणमा भएको छ । **कारागार**का पात्रहरू आफ्नो हक र अधिकारसित अग्रसर छैनन् । आत्माहीनताग्रन्थिले पीडित र निराश छन् । उपन्यासका पात्रहरू कसैले सहज जीवन बिताएका छन्, कोही अकालमै मृत्युको मुखमा परेका छन् त कोही शिक्षा, अर्थ, मान, प्रतिष्ठा भएर पनि निरर्थक जीवन साबित गरेर बाँचिरहेका छन् ।

यसरी **कारागार** उपन्यासमा देखाउन खोजेको मनोवैज्ञानिक यथार्थ पूर्ण रूपमा सफल भएको मान्न सकिन्छ । कथावस्तु, चरित्रचित्रणलाई देशकाल वातावरणले सहज, स्वाभाविक र विश्वासिलो बनाएको छ ।

### ४.९ द्वन्द्व

जुनसुकै विधामा पनि द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बाह्य र आन्तरिक गरी द्वन्द्व दुई प्रकारको हुन्छ । पात्र-पात्रबीच, पात्र र समाजबीच, पात्र र परिस्थितिबीच, समाज र समाजका बीच हुने द्वन्द्व नै बाह्य द्वन्द्व हो भने पात्रको अन्तर्मनको द्वन्द्व आन्तरिक द्वन्द्व हो । **कारागार** उपन्यासमा बाह्य र आन्तरिक दुवै प्रकारका द्वन्द्वहरू छन् । आदम र हेवाको प्रेमलाई आफ्ना दाजुभाउजूहरू बाधा नबने पनि समाजका कतिपय लोभी भमराहरूले चरित्र हत्याउन पछि पर्दैनन् । तसर्थ उनीहरूमा प्रेमलाई प्रत्यक्ष चुनौति नदिएर

अप्रत्यक्ष रूपमा समाज नैतिकताको आधार र अधिकार लिएर उभिएको छ । आमाबाबुको मृत्युपश्चात् नायिका (प्यारी) जागिर खान थाल्छे । युवक आदम विवाहपश्चात् पनि श्रीमतीबाट अपहेलित हुनु अनि जन्मघर छोडेर डेरा लिएर बसेकी एक जागिरे शिक्षित युवतीसँग नैतिकताको आडमा सम्बन्ध गाँस्न पुग्नु व्यक्ति-व्यक्ति अनि व्यक्ति परिस्थितिबीचको द्वन्द्व हो । दाजुभाउजू र भदाहरूसँगसँगै बस्दा आन्तरिक द्वन्द्व सशक्त हुन्छ । त्यसरी नै यस उपन्यासको तेस्रो परिच्छेदको आधा परिवारबीचको द्वन्द्व पनि आन्तरिक द्वन्द्व हो ।

आफूलाई हेर्न आएका कतिपय केटाहरूलाई बहिनीले मन पराउँदा-पराउँदै पनि दाजुहरूले एकचोटि पनि सोधखोज नगरी विवाहको प्रस्ताव अस्वीकार गरी दिनु त्यसभित्र पनि व्यक्ति-व्यक्ति बीचको आन्तरिक द्वन्द्व देखा पर्दछ । युवक पनि विवाह अगाडि बाबु नभएको र विधवा आमाको साथ जीविका चलाउनु परेकोले काकाकाकीको साथमा उनीहरूको खटनपटनमा उनीहरूकै कामधन्दा गरेर दिन बिताउनु परेको थियो । पछि कान्छी काकीको इच्छाबमोजिम उनकै भदैनीसँग गरेको विवाहको परिणाम केवल उनलाई मानसिक यातनामा आन्तरिक द्वन्द्वले प्रमुख स्थान पाएको छ ।

"जिन्दगीमा जुन क्रूर शब्दसित तर्सी रहेँ चेतन अवस्थाको त के कुरा अचेतन अवस्थामा पनि पन्छि रहेँ, त्यो शब्द आफ्ना सम्पूर्ण हुती र  गतिका साथ खिलखिलाउँदै मेरा अगाडि आएर स्थिर भएको छ । " (का.पृ. १३८)

यसरी उपन्यासमा बाह्य तथा आन्तरिक द्वन्द्व सशक्त रूपमा आएको छ । उपन्यास मूलतः समकालीन जीवनको मनोवैज्ञानिक यथार्थलाई उद्घाटन गर्ने भएकोले बाह्यभन्दा आन्तरिक द्वन्द्व अझ प्रबल रहेको छ ।

**४.१० कुतूहलता**

सफल उपन्यासका लागि त्यसभित्र कौतूहलता हुनु आवश्यक हुन्छ । कौतूहलताले गर्दा नै पाठक उपन्यास पढ्न तम्सन्छ । कुतूहल भएन भने उपन्यास निरस हुन्छ, पाठक कृतिबाट विकर्षित हुन पुग्छ । **कारागार** उपन्यासको कुतूहल पक्ष पनि सशक्त रहेको छ । प्रथमतः उपन्यासको शीर्षकले नै पाठकलाई कारागारभित्रको बन्दी को हुने हो ? के कारणले ? कसरी बन्दी बन्ने हो ? त्यसभित्र के कस्ता आपत्‌विपत्‌हरू आइलाग्ने हुन् भन्ने कुतूहलता सिर्जना गर्दछ । निश्चय नै जिन्दगीका पाङ्ग्राहरू सहज रूपमा नचालेर कतै केही बाधाअवरोध समस्या आइपऱ्यो होला भन्ने अड्कल काट्न सकिन्छ । खुला वातावरणमा स्वतन्त्र जीवन बिताउँदा मानिसलाई विभिन्न समस्याले पिरोलिरहन्छ, चाहेअनुसारको जीवनयापन गर्न सकिँदैन । त्यसमा पनि कारागारभित्रको बन्दीको लागि बिताउन पर्ने जीवन त सहज होला भन्ने सोच्न पक्कै सकिँदैन । उपन्यासभित्र एउटा सुन्दर घरपरिवार कसरी

कारागारमा परिणत हुन पुग्यो । त्यो कारागारमा को बन्द भयो भन्ने कुरा यत्रतत्र सर्वत्र कुतूहलता नै कुतूहलता पाइन्छ ।

कहिलेकाहीँ म उनलाई ढोका नै खोलिदिन्न र उनी विवश भएर कुकुरजस्तो लुरुलुरु फर्कन्छन् । (का.पृ. ५)

ऊ भन्ने व्यक्ति को हो के कारणले ढोका खोली दिन्न र के कारणले ऊ त्यहाँ आउँछ ? उनीहरूबीचको नाता के हो ? यस्तो कुराहरू सुरुमा आएर पाठकलाई अलमलाइदिन्छ ।

"साधु, बिरालाजस्ता तत्वहरूले मेरो र उनको सम्बन्धलाई यति गहिरिएर हेर्ने आवश्यता नै किन ठान्छन् ।" (का.पृ. ३४)

बाहिरी तत्त्वले भित्रको वेदना कसैको पनि बुझ्दैनन् तर उसको बाटोमा तगारो अवश्य बन्दछ ।

**कारागार**को आदम किन 'दुलाहा' भन्ने एउटा नामकरण मात्र भएको छ । दुलहीको लागि अनि औंल्याएर । "ऊ त्यही हो भनी छक्काउन सकिने एउटा संकेत मात्र भएको छ ।" (का.पृ. ३९) जब हामी उपन्यास पढी सक्दैनौं, यस्ता दर्जनौं प्रश्नहरू पाठकका सामु कुतूहलता लिएर जन्मन्छ । "हिउँले खाएको पहाड हुत्तिएर आई तीन जना समेत अरू बाह्र जनालाई हुत्त सोहोरी खस्यो रे... ।" (का.पृ. ७६)

यसभित्र दर्जनौं प्रश्नहरू ओइरो लाग्न सक्दछन् । त्यस पहाडले कति जना बाँच्नेमध्येको जिन्दगीको आशालाई पनि सोहोरेर लगिदियो ? अब छोराछोरीको लागि के हुने हो ? कसरी दिन बिताउने होला ? भन्ने प्रश्न आउन सक्दछ । दाजुहरू बहिनी को लोग्नेमानिससँग गाँसिन पुग्छे ? त्यसैगरी विवाहित पुरुष किन आफ्नै श्रीमतीलाई छोडेर अर्कोसँग समाहित हुन पुग्दछ ? के कारणले बाबुले तीर्थ जानु अगाडि इच्छापत्र लेखेर छोडे ? जब आदमको मृत्यु हुन्छ, त्यसपछिका दिनहरू हेवाले कसरी बिताउँछे ? हेवाले आत्महत्या पो गर्छे कि ? आदमकी स्वास्नी त्यसरी विवाहित लोग्नेसँग सन्तुष्ट नहुनुको कारण के हो ? भन्नेजस्ता हजारौं प्रश्नहरू दोहोरिन्छन् । उपन्यासभित्र कुतूहलता नै कुतूहलता व्याप्त भएको छ । कुतूहलले गर्दा **कारागार** उपन्यास रोचक र सशक्त बनेको छ।

## ४.११ दृष्टिविन्दु

**कारागार** उपन्यासको दृष्टिविन्दुकर्ता प्रमुख पात्र तथा केन्द्रीय पात्र हेवा हो । हेवा उपन्यासमा 'म' पात्रको रूपमा उपस्थित छे । उपन्यासको सम्पूर्ण कथावस्तु 'म' पात्र हेवाले वर्णन गरेकी छे । उपन्यासकी समाख्याता 'म' पात्र हेवाले संस्मरणात्मक रूपमा घटनालाई वर्णन गरेकी छे । **कारागार**मा हेवाले आफ्ना जीवनमा घटेका घटनाहरूलाई 'म' भनेर र अन्यको जीवनको चित्रण गर्दा उनीहरूको नाम लिएरै घटनाको वर्णन गरेकी छे ।

उपन्यासको सम्पूर्ण घटनाको द्रष्टा वा भोग्या पात्र 'म' पात्र हेवा हो । त्यसैले यस उपन्यासमा प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । त्यसमा पनि समाख्याता 'म' पात्रले कथावस्तुलाई आफ्नै जीवनमा भए गरेका घटना, घात-प्रतिघात, अरोह-अवरोह, निराशा, कुण्ठा, हर्ष, विस्मात आदिलाई वर्णन गरेको हुँदा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । उपन्यासभित्रको यस वाक्यले पनि प्रथमपुरुष अर्थात् आन्तरिक केन्द्रीय दृष्टिविन्दु प्रष्ट पार्छ :

"मेरो अघि पेण्डोराबक्स उघ्रेजस्तै प्रश्न र प्रतिप्रश्न उघ्रन्छन् म आफैँ आकाशतिर हेर्छु, आफ्ना कपडा हेर्छु, मलाई रित्तोलाग्छ, हारेको जुवाडीजस्तो लाग्छ, आफैंलाई, यस्तरी एउटा बेथितिमा आफैँलाई गाँसिएको पाउँछु ।" (का.पृ. ४)

**कारागार** उपन्यासभित्र यस शैलीमा करिब-करिब सम्पूर्ण आख्यानलाई समेटेको पाइन्छ । उपन्यासमा 'म' पात्रले आफ्ना कार्यव्यापारका साथै सम्पूर्ण पात्रपात्राको पनि वर्णन गरेको देखिन्छ । बाह्य पात्रका रूपमा आएका अन्य पात्रहरू कमजोर देखिन्छन् । यसमा उनीहरूले गर्ने सम्पूर्ण कार्यव्यापारलाई प्रायः उपन्यासको 'म' पात्रकै माध्यमबाट अभिव्यक्त भएका छन् ।

"मेरा खुट्टा थरर कामे, ठूल्दाइ पछाडिबाट दुबै हात भाउजूको खकिलाबाट छिराई ... छि : जुन कुरा देखें त्यो देखेर पनि विश्वास मान्न सकिनँ ।" (का.पृ. ७२)

कतै कतै उपन्यासमा अन्य पात्रका माध्यमबाट पनि संवाद गरिएका छन् र ती संवादहरू पनि समाख्याता 'म' पात्रकै वरिपरि घुमेर रहेका देखिन्छन्–

"अस्ति मुमा हजुर मर्जी हुन्थ्यो, तिमीलाई माग्न लायक-लायक केटाहरू आएका थिए रे ? तर दाजुहरूले दिएनन् भनेको सुन्दा साह्रै नै खल्लो जस्तो लाग्यो, मान्छे कतिसम्म स्वार्थी हुँदा रहेछन् जे भए पनि आमा बा जस्तो संसारमा कोही नहुने हगि ?" (का.पृ. ८५)

उपन्यासमा कतै-कतै घटनाको वर्णन गर्दा उपन्यासकार वानीरा गिरी आफैं बोलेजस्तो पनि लाग्छ र तृतीय पुरुष दृष्टिविन्दुको आभाष समेत पाइन्छ । जस्तै :–

"स्वास्नी मानिसहरू कसैबाट अस्वीकृत भए बोल्दैनन्, चुपचाप बस्छन्, गम्छन्, कल्पन्छन् र जति कल्पिँदै जान्छन्, उति थोपा-थोपा विष सञ्चय गर्दै जान्छन् र कसैलाई थाहै नदिई मौका पारेर एकै चोटि नभएर बरु स्वसञ्चित विषमा आफैं विषक्त भई छटपटाउँछन् ।

तर लोग्नेमानिसहरू विष नभएको सर्पजस्तै जतातत‌ै फणामात्र फैलाउँछन् र नठुङ्गी टाउकोलाई भुइँमा बजार्दै तमासा लगाउँछन् ।" (का.पृ.९५)

संवाद प्रयोग भएका ठाउँमा द्वितीय पुरुष दृष्टिविन्दु जस्तो लागे पनि उपन्यासकार उपन्यासमा उपस्थित भई कुनै पात्रका माध्यमबाट वा सोझै बोल्दा तृतीय पुरुष जस्तो देखिए पनि यो उपन्यास प्रथम पुरुष केन्द्रीय नै बनेको छ। जस्तै : अन्त्यमा

"एउटा भित्रिनी जस्तो शाब्दिक पिँजराभित्र पसेर ठूलो ऐकान्तिकताको कारागारबाट मुक्त भएँ म–" (का.पृ. १३८) भन्ने वाक्यले पनि 'म' पात्र हेवाकै वरिपरि उपन्यास घुमेको छ भन्ने कुरा स्पष्ट हुन्छ । सम्पूर्ण पात्रको कार्यव्यापारलाई नजिकबाट अवलोकन गर्ने 'म' पात्र हेवाले सबै कथाको वर्णन गरेका कारण उपन्यासको वर्णन प्रथम पुरुष अर्थात् आन्तरिक सर्वज्ञ दृष्टिविन्दुका आधारमा गरिएको छ । निष्कर्षमा उपन्यासको दृष्टिविन्दु आन्तरिक केन्द्रीय नै हो भन्न सकिन्छ ।

### ४.१२ संवाद/कथोपकथन

उपन्यासलाई सहज र स्वाभाविक बनाउन संवादको महत्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा एकोहोरो वर्णनमात्र गरियो भने निरस हुने भएकाले उपन्यासमा संवादको प्रयोग पनि गरिन्छ । जसले गर्दा नाटकीयता प्रदान गर्दछ । संवादको सहयोगले कथावस्तुलाई अगाडि बढाउँछ र पात्रहरूको चरित्रलाई उद्घाटन पनि गर्दछ । संवाद सहज र प्रभावकारी हुनु पर्दछ । जसले गर्दा उपन्यास सशक्त हुन्छ ।

वानीराले **कारागार** उपन्यासमा सरल, छोटा सहज तथा स्वाभाविक संवादको प्रयोग गरेर यसलाई जीवन्त बनाएकी छिन् । उपन्यासमा कतै लामा र कतै भावुक किसिमका संवाद पनि गरेको पाइन्छ । समाजभित्रको मनोवैज्ञानिक यथार्थलाई उद्घाटन गर्ने उपन्यास भएकाले यसको भाषाशैली पनि त्यस अनुसारकै भएको पाइन्छ । उपन्यासमा आएको संवाद अलि उच्चस्तरीय खालको पनि पाइन्छ । सायद बौद्धिक पक्ष सबल भएका पात्रहरूको प्रयोग यस उपन्यासमा भएको कारणले हुन सक्तछ । पात्रहरूको बौद्धिक धरातल उच्चस्तरको छ । त्यसैले उनीहरूको बीचको कुराकानी वा संवादमा साहित्यिक, अतिभावुक अनि कलात्मक संवादको प्रयोग गरिएको छ । वानीरा सामाजिक धरातल, पात्रको बौद्धिकस्तर, संस्कार, आनीबानी अनुरूपका संवाद प्रयोग गर्न सफल भएकी छिन् । कुनै विचार, सिद्धान्त, धारणालाई प्रस्तुत गर्नको लागि मात्र संवादको प्रयोग नगरेर कथावस्तु र पात्रकै अनुकूल आएका हुनाले ती संवादहरू आकर्षक र विश्वासिला छन् ।

**कारागार** उपन्यास सहजरूपले हेर्दा सजिलै बुझ्ने खालको उपन्यास नभई यसमा भिज्नको लागि पर्खी-पर्खी पढ्नु पर्ने हुन्छ । सामान्य पाठकको लागि अलि गाह्रो खालको उपन्यास छ किनकि यसमा बौद्धिकताको चटक छ । कवितात्मक गद्यको पूर्ण रसस्वादन छ । लेखन अभिव्यक्ति पनि चमत्कारपूर्ण छ । अतः **कारागार** उपन्यासमा लामा, छोटा, बौद्धिक, भावुक आदि विभिन्न किसिमका संवादहरू प्रयोग गरिएका छन् ।

### ४.१२.१ सहज र सरल संवादको उदाहरण

नायिका हेवाः "बरा ! कति भलाद्मी छन्, यिनी । रातमा के अभिशाप छ, यिनलाई । जो यस्ती लक्ष्मीजस्ती दुलही र त्यति प्यारो छोरो हुँदाहुँदै पनि मिष्टर हाईड हुन पुग्छन् ।" (का.पृ. १२९)

नायिका : "कर्ता र कारण दुईटै म भएपछि मैले कारागार भोग्नैपर्छ । मैले दण्ड पाउनैपर्छ । म जस्तोको भागमा कारागार नै हुनुपर्छ, दण्ड नै हुनुपर्छ ।" (का. पृ. ५१)

### ४.१२.२ व्यङ्ग्यात्मक संवादको उदाहरण

आदमको जेठान : "ज्वाइँसाहेब, बहुला कुकुर्नीको ओखती केही छैन । टोकेर सर्वत्र ऱ्याविज फैलाउँछे । गोली हान्न न हजुर सकिबक्सन्छ, न हामी ।" (का. पृ. ४०)

### ४.१२.३ सन्तुलित संवादको उदाहरण

आदम : "तिमी उपदेशक हुन कहिले छोड्छौ ? उपदेशक हुन तिमीसित बाँधिएको छैन म । तिमी कहिले मलाई बुझ्छौ ? सपना देख्नु जति सजिलो छ विपना झेल्नु उत्ति नै गाह्रो । मलाई आदम नै भनि सकेपछि मेरी हेवा ! मेरा आदमत्वलाई नबिथोलिदेऊ ।" (का.पृ. ६२)

"जीवनको जुन क्रूरतासित तिमी यस्तरी जुझिरहन परेको छ । तिमीले खोजेको वास्तविकता त्योभन्दा क्रूर छ ।" (का. पृ. ६२)

### ४.१२.४ भावुक संवादको उदाहरण

हेवा (नायिका): "साँच्चै भन्या म बहुलाएकी छैन । म तिम्रो पेट बोक्छु, मलाई सन्तान चाहिँ चाहिन्छ, म ऐकान्तिकताको यो नीरव कारागारलाई तोड्छु ।" (का.पृ. ६२) ।

### ४.१२.५ लामो संवादको उदाहरण

"उपर्युक्त इच्छापत्र पढेपछि मुखामुख गर्नबाहेक हामी तीन जनाले केही बोलेनौं, यद्यपि कि उक्त लिखत रजिष्ट्रेशन नभएको हुनाले र फेरि लेखाइएको ढाँचा पनि कानुनी ढाँचा नभएर मात्र एउटा व्यक्तिको शुद्ध इच्छापत्र थियो । यसर्थ सो लिखत कानुनी रूपमा मान्य हुँदैन भन्ने कुराको आभास हामी तीनै जनाले पाए पनि हृदयदेखि नै हामीले बाको इच्छालाई धर्म-आज्ञालाई झैँ शिरोधार्य गऱ्यौं र पछिबाट उहाँबाट गोप्य रूपमा लेखी राखिएको सो लिखतलाई मिथ्या नगरी त्यहीबमोजिम सम्पत्ति बाँडी लिनुदिनु गरी कानूनी रूप समेत दियौं।" (का.पृ. ७८)

**कारागार** उपन्यासमा अत्यन्त भावुक संवेदनशील संवादको प्रयोग गरिएको छ । पात्रको बौद्धिकस्तरलाई ध्यान दिई प्रयोग गरिएका संवादहरू अत्यन्त स्वाभाविक छन् । यसको प्रयोगमा कतै-कतै अलि बढी भावुकता पाइन्छ । लेखकीय विचार, धारणा, सिद्धान्त

बोकेका निकै लामा र क्लिष्ट संवादहरू पनि यदाकदा भेटिन्छन् । **कारागार** उपन्यासमा संवादको बेसी नै प्रयोग देख्न सकिन्छ । वानीरा सरल, सहज र कतै कारुणिक संवादको प्रयोग गर्न पनि सफल छिन् । अतः संवाद प्रयोगका दृष्टिले पनि **कारागार** उपन्यास मनोवैज्ञानिक यथार्थलाई प्रकट गर्न सक्षम भएको उपन्यास हो ।

### ४.१३ भाषा-शैली

**कारागार** उपन्यासको भाषाशैली आद्योपान्तमा अक्षरशः सङ्गीतको मधुर प्रवाहझैँ बगेको छ । एक दुई ठाउँमा त्यो सङ्गीत टुटेको छ तर पनि त्यस सङ्गीतमा चरित्रको लोप भएको भने पाइँदैन । भाषाशैली स्वाभाविक र आकर्षक छ । वानीराका काव्यात्मक भावनाले रचनामा पीङ्ग खेल्दै मच्चाएको देखिन्छ । समाजको मनोवैज्ञानिक यथार्थलाई चित्रण गर्ने क्रममा अभिव्यक्तिलाई रचनामा ढालेकी छिन् । मध्यमस्तरका नेपाली जनजीवनको रीतिरिवाज, चालचलन, भेषभूषा, धर्म, संस्कृति, सभ्यता साथै आर्थिक, प्राकृतिक पक्षहरूको यथार्थलाई देखाउने परिप्रेक्ष्यमा वानीराले भाषालाई बारम्बार परिष्कृत गरेकी छिन् । शिल्पवृत्तिभन्दा भावप्राधान्यबाटै यो उपन्यास जन्मिएको भान हुन्छ । यो उपन्यास पढ्दा अन्य उपान्यासजस्तै सामान्य रूपमा पढेर यसको रसमा सामान्य पाठकवर्गलाई भिज्न अलि गाह्रैपर्छ । यो उपन्यास चटुल नेपाली साहित्यिक भाषामा लेखिएको छ । यो उपन्यास देशसापेक्ष समाजको बृहत् क्यान्भासमा लेखिएको बहुरङ्गी चित्र हो । बहुरङ्गी चित्रको मिश्रणले गर्दा मन र मस्तिष्कलाई प्रभाव पार्दै लैजान्छ । यो उपन्यासमा सर्वनाम र विशेषणले संकेत गरेका र मूल संज्ञा  आधुनिक आदम अनि हेवाका वरिपरि घुम्दछन् । चित्रहरू शिल्पले गर्दा कलात्मक भएका छन् ।

#### ४.१३.१ शब्द प्रयोग

**क) ठेट तथा स्थानीय भाषाहरू**

भलै (पृ. १४), बरा ! (पृ. १८), बिचरो (पृ. २५), हाई (पृ. ३५), टाई टुई (पृ. ४१), नेप्टी, फोहोर्नी, तरुनी (पृ. ४५), नाइँ नाइँ (पृ. ९१), बूढीकन्ये (पृ. १४४), भित्रिनी (पृ. १४६), नियति (पृ. १४१), टम्म (पृ. १८), अमृत (पृ. ६१), ठेकी (पृ. ९६), मुसुमुसु (पृ. ९०), धुमधुम्ती (पृ. ७७) आदि ।

**(ख) अनुकरणात्मक शब्दहरू**

हललल (पृ. २), जुरुक्क (पृ. २५), ग्यालग्याली (पृ. ६१), फनक्क (पृ. ७६) , ढुकढुक (पृ. ७७), फतक्क (पृ. १२५), हरर (पृ. ५०) आदि ।

**(ग) अंग्रेजी भाषाका शब्दहरू**

डार्करुम (पृ. २२), स्मार्ट (पृ. २५), इन्कम टेक्स (पृ. ३२), डाइग्नोसिस् (पृ. ३३), सोलिड (पृ. २५), बोर (पृ. ३४), बेड टी (पृ. ४०), लिगलाइज्ड (पृ. ३८), ड्राइभर (पृ. १०९), लक्जरी (पृ. ४३), मिलिटरी (पृ. ७०), सेन्सिटिभ (पृ. ७८), सरी (पृ. ९८) आदि ।

**४.१३.२ उखानटुक्काको प्रयोग**

उपन्यासलाई स्वाभाविक, भनाइलाई सटिक बनाउन र अभिव्यक्तिलाई जीवन सापेक्ष बनाउनका लागि कतै-कतै उखान टुक्काको प्रयोग पनि गरेको पाइन्छ । "भाग्नु भन्दा भिड्नु नै श्रेय ।" (का.पृ. २९) आदि ।

**४.१३.३ विचलन**

**भ्रमर**पछिको दोस्रो र कतै-कतै गीत कविताको प्रयोग पनि गरिएको अर्थतात्विक विचलन र कवितामय झुल्काझुल्कीले यस उपन्यासलाई सफल बनाएको छ ।

" यिनै छोराछोरीलाई कर्कलाको पातको पानीको थोपा जस्तै जतन गरेर राखेका छौं ।" (का. पृ. ७१)

यहाँ छोराछोरीलाई अत्यन्त जतन गरेर राखेका छौं । जसरी कर्कलाको पातमा रहेको पानी राम्रोसँग जतन गरेर जोगाउन नसकेमा भूइँमा खस्न सक्छ । अतः यहाँ आर्थी विचलन पाइन्छ ।

"तिमी हाम्रो घरकी बत्ती हौ नि, ननिभाई तेल हाली-हाली अर्काको घरको कोठा उज्यालो पार्नका निम्ति सारिदिनुपर्छ ।" (का.पृ. ७३)

छोरी जन्मेर जसरी घर उज्यालो हुन्छ, तर घरमा जति उज्यालो भए पनि अर्काको घरमा विवाह गरेर दिनै पर्छ । घरमा राखेर हुँदैन, अर्काको घरमा सुम्पेर उसकै घरमा बत्ती बन्नुपर्छ । अतः यहाँ पनि आर्थी विचलन पाइन्छ ।

**४.१३.४ चित्रात्मकता**

**कारागार** जीवनको व्यापक परिवेशमा टाँगिएको देश सापेक्ष वृद्ध क्यान्भासमा लेखिएको बहुरङ्गी चित्र हो । चित्रको मिश्रणले मन र मस्तिष्कलाई असर गर्दै लगेको छ । सिधै पात्रहरूको नामकरण नगरेर सर्वनाम र विशेषणको माध्यमबाट पात्रहरूको परिचय दिन सफल भएकी छिन् । चित्रहरू सीपले कलात्मक भएका छन् । आधुनिक आदम अनि हेवाका बाल्य सुकोमल हृदयमा कुण्ठा र विसङ्गतिहरू आरोपित छन् । **कारागार** उपन्यासमा चित्रात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

### ४.१४ उद्देश्य

कुनै पनि उपन्यास रचना गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । अतः वानीराको **कारागार** उपन्यास रचना गर्नुको पनि केही उद्देश्य रहेको छ । **कारागार** उपन्यासले आजको आधुनिक सभ्यता अनि आधुनिक समाज स्वार्थी प्रवृत्ति आदिलाई देखाउन खोजेको पाइन्छ । आजको समाज र त्यसभित्र रहेका मान्छे दिन प्रतिदिन स्वार्थी बन्दै गइरहेका छन् । व्यक्तिगत स्वार्थको लागि केही गर्न पनि पछि नहट्ने प्रवृत्तिलाई यस उपन्यासमार्फत मनोवैज्ञानिक ढंगले देखाउन खोजिएको छ । यदि आफूलाई स्वार्थ हात लाग्छ भने अर्थात् आफूले सोंचेजस्तै सबै इच्छापूर्ण गर्न पाइन्छ भने दाजुभाइ, दिदीबहिनी, लोग्नेस्वास्नी कसैले पनि कसैको लागि सोच्दैनन् । अरूको लागि दया, सहानुभूति र सहयोग गर्न छोडेर केवल आफैँले मनोरञ्जन मात्र लिइरहेका हुन्छन् । आफूलाई सभ्य र सुसंस्कृत ठान्ने समाजका यस्ता विसंगतिलाई **कारागार** उपन्यासले व्यक्त गरेको छ ।

यस उपन्यासका पात्रहरू जन्मजात स्वार्थी, अनैतिक बनेका होइनन् तर समयको चक्रसँगसँगै उनीहरूको प्रवृत्ति त्यस्तै बन्न गएको छ । एउटा रमाइलो वातावरणमा जन्मेर, हुर्केर आफन्तबाट पाएको माया, ममता र सहानुभूति आमाबाबु आफूदेखि दैवले अलग्याउँदा आफन्तका मायाममता सहयोग पनि स्वार्थमा परिणत भएको छ । लाउँलाउँ, खाउँखाउँ भन्ने बेलामा एक्लो जीवन निराशमय वातावरणमा बिताउनु परेको छ । यसरी आजको समाजको मनोविज्ञान तथा यथार्थलाई यस उपन्यासले छर्लङ्ग पार्न खोजेको छ । आफन्तबाट आफन्तकै कारणले भत्किएको, टुक्रिएको जिन्दगीलाई आफन्तबाटै ठगिएको, भाँचिएको व्यक्तिको सहारा लिएर अडिन खोज्दा-खोज्दै साहारा नै खोसिए पनि ऊ आत्महत्या गर्न सक्तिनन् र एउटा शब्दलाई सर्वाधिक शक्तिशालीको रूपमा बोध गरेर र यसलाई अँगालेर ऊ सुरक्षित महसुस गर्न सकेकी छन् । समाजमा घटेका यस्ता विभिन्न घटनालाई वानीराले यसरी प्रस्तुत गरेकी छिन्–

"हामी अनास्थाहरूबीच रुमलिएका छौं । आधारहीनताको भुँमरीमा परेका छौं । हामी अत्याधुनिक बौद्धिकताको सागरबाट थिचिएका छौं । यत्तिका युगजनीन बाध्यताबीच मैले बल्लबल्ल विक्रमादित्यको सिंहासनजस्तो फेला पारेको आधार एकाएक चर्केको छ । मैले सिंहासनमा बस्ने उदिन रहरलाई सोत्तर पारेर आफू सिंहासन भई दिनु परेको छ ।" (का.पृ. १३)

हामी जसरी एकअर्काप्रति नजिकिन पुग्यौं । आफन्तबाटै ठगिएका हामीहरूको आस्था हराइसकेको छ । बाँच्ने आधार नै टुक्रा-टुक्रा भएको छ । हाम्रो सम्बन्ध अत्याधुनिकताबाट थिचिएको छ । हाम्रो आधार चर्केको छ, सुन्दर कल्पना सोत्तर बनेको छ । हामी किन र के कारणले एक अर्कासँग गासिन पुग्यौं त्यसरी नै हाम्रो सम्बन्ध फितलो छ, दिगो छैन ?

"मैले सग्लो जिन्दगीलाई प्रक्रियाको रूपमा भ्मेलेको छु,

सीतालाई माया गर्ने राम थिए, मेरो को छ ?

सीताको आज्ञापालन गर्ने लक्ष्मण थिए, मेरो को छ ?

तिनका निम्ति स्वर्ण लङ्का जलाउने हनुमान थिए, मेरो को छ ?

सीतालाई लवकुश प्राप्त थियो, मलाई के प्राप्त छ ?

... मसँग फगत ... आस्थाको सिंहासन छ ... जसमा मैंले उनलाई राम भनेर प्रतिष्ठापित गरेकी छु ... त्यहाँ कुनै दिन त्यो आस्थाको सिंहासन रित्तो पारी मैंले मन, वचन, कर्मद्वारा स्थापित गरेको मेरो राम हिँड्न पनि सक्छन् ... अथवा आस्थाको कुँजोपनामा कुनै दिन... मैले नै पनि त्यो सिंहासनलाई घोप्ट्याइदिन सक्छु .."(का.पृ. १००)

यसरी अनिश्चिताको दयनीय स्थितिबीच यस उपन्यासकी नायिका उभिएकी छन् । समाजमा सहारा अनिवार्य हुन्छ, चाहे आफन्तकै होस् वा आफन्त बनाइएकाको होस् । समय फुत्की सकेपछि कुनै पनि कुरा हात लागे पनि त्यो स्थायी वा विश्वासिलो हुँदैन । यस उपन्यासकी नायिका आत्मविश्वास लिएर एक्लै बाँच्ने अठोट लिएर पनि उसको जिन्दगीमा अनेक उतार-चढावहरू आउँछन् र जिन्दगीलाई एउटा शब्दको पिँजराभित्र थुनिराख्दछ । सारा ऐकान्तिकता, सारा असन्तुष्टिहरू, अधुरोपनहरू, निरर्थकताहरू, बाँझोपनहरू, सारा बौद्धिकताहरू र सारा दर्शनहरूले टनाटन भरिएको कारागारबाट मुक्ति पाएकी छन् तर एउटा सानो भित्रिनीजस्तो शाब्दिक पिँजराभित्र पसेर । यसरी कुनै पनि समाजलाई पाठ सिकाउनु, अर्ति उपदेश दिनुभन्दा पनि समाजमा कसरी कसबाट यस्ता घटना घट्न सक्छन् समाजमा सानोभन्दा सानो तत्त्वको कमी भइदिँदा र लोभ, लालच, स्वार्थ र अनैतिकता बढी भइदिँदा कस्ता घटना घट्न जाँदा रहेछन् । यस्ता समाजका मनोवैज्ञानिक यथार्थलाई समाजकै अगाडि देखाएर सजग बनाउने यस उपन्यासको उद्देश्य रहन गएको छ । हामी मानवजाति कसरी सानोतिनो कुरालाई लिएर तेरो र मेरो भन्ने सीमाना तोक्छौं । तर समय, परिस्थिति र मानसिकताले को आफ्नो र को अर्को हुँदो रहेछ भन्ने कुरा यहाँ देखाउन खोजिएको छ ।

**४.१५ सन्देश**

कुनै पनि साहित्य सिर्जना गर्दा कुनै न कुनै सन्देश वहन गरेको हुनुपर्दछ । सन्देशविनाको साहित्य सिर्जनाले समाजमा कुनै पनि प्रभाव पार्न सक्दैन । समाजमा केही न केही प्रभाव पार्ने खालको सन्देशको अपेक्षा साहित्य सिर्जनामा हुने गर्दछ । सन्देश विनाको साहित्य साहित्य हुँदैन । अतः वानीरा गिरीको **कारागार** उपन्यास रचना गर्नुको पछाडि पनि केही न केही सन्देश समाजमा जाओस् त्यसबाट पाठक/ समाजले सचेत हुने अवसर पाऊन् भन्ने रहेको छ । **कारागार** उपन्यासले आजको आधुनिक सभ्यतामा धनका निम्ति मानिस कतिसम्म स्वार्थी बन्न सक्दछन् ? आफ्नै दाजुभाउजू, काकाकाकी, साथीसङ्गीहरू र आफन्त भनाउँदाले स्वार्थी प्रवृत्ति कुन तरिकाले प्रस्तुत गर्दछन् ? आजको गाउँ, नगर,

समाज र त्यसभित्र रहेका मान्छे दिनानुदिन कसरी स्वार्थी बन्दैछन् ? व्यक्तिगत हितका लागि अर्काको इच्छा, आकाँक्षा, चाहना हत्याउन पछि नपर्ने मानिसको स्वभावलाई मनोवैज्ञानिक ढङ्गले समाजमा फिँजाउने प्रयास गरिएको छ– उपन्यासमा । आफूले आफ्नो हातले कसैको स्वार्थ लुट्न पाइन्छ भने सम्पूर्ण इच्छाप्राप्त गर्न सकिन्छ भने दाजुभाइ, दिदीबहिनी, श्रीमान्श्रीमती आदि कसैले पनि कसैको लागि केही सोच्दैनन् । तिनीहरू केवल आफ्नो लागि मात्र सोच्ने गर्दछन् । आफ्नै अगाडि अतिविभत्स र अतिकारुणिक घटना घटाइ अर्काको इच्छा चाहना क्षत-विक्षत पार्न पनि पछि पर्दैनन् । अर्काको सम्पत्ति हत्याउन पाए दया, सहानुभूति, सहयोग जस्ता कुरालाई तिलाञ्जली दिएर आफैंले मात्र मनोरञ्जन लिइरहन सोचमा अर्काको जीवन वर्वादीतर्फ मोडिरहेका हुन्छन् । आफूलाई सभ्य भनाउँदाहरू र सुसंस्कृत ठान्नेहरू नै समाज, देश, आफन्तप्रति कति घातक साबित हुन्छन् भन्ने जस्ता यिनै विकृति र विसङ्गतिहरू **कारागार** उपन्यासको मूल सन्देश भएर आएका छन् ।

एउटी युवती जो अकालमै आफ्ना बाबुआमाको पीडा खप्न बाध्य छ । दाजुहरू विवाह गरेर सुखमय संसारसँग आफ्नो जीवन बिताइरहेका छन् । ती दाजु भनाउँदाहरू सम्पत्तिको लोभमा परेर एउटी बहिनीको जीवन बर्वाद पार्न कसरी लागि परेका छन् भन्ने मुख्य सन्देश बोकेको यस **कारागार** उपन्यासका पात्रहरू जन्मजात रूपमा कसैले स्वार्थी प्रवृत्ति बोकेका हुँदैनन् । समयको चक्रसँगै उनहिरूको प्रवृत्ति पनि त्यस्तै बन्दै जाँदो रहेछ । रमाइलो घर, परिवार, रमाइलो वातावरण, रमाइला साथीसङ्गीबीच हुर्केर आफन्तका माया, ममता, सहानुभूति अँगाल्दै गएको खुशियाली नै खुसियालीपूर्ण जीवनमा आमाबाबुलाई दैवले आफूबाट वा असमयमै बाबुआमा बित्दा बाँकी रहेका अन्य आफन्तहरूको मनमा स्वार्थपूर्ण खेल कसरी आउँछ ? लाउँलाउँ खाउँखाउँ भन्ने बेलामा आफूले सोचेजस्तो जीवन बिताउन पाइदो रहेनछ र त्यस्तो जीवन बिताउन लाग्दा अर्काको गिद्धे नजर आफूमा परेको अवस्था देखाउनु, आफन्तबाट आफन्तकै कारणले भत्किएको भाँचिएको, टुक्रिएको जीवनलाई त्यस्तै आफन्तबाटै ठगिएको, आफन्तबाटै हेपिएको, आफन्तबाटै फ्याकिएको व्यक्तिको सहारा लिनुपर्ने बाध्यता जस्ता घटनाहरूलाई नारी मनोवैज्ञानिक दृष्टिकोणले यथार्थ रूपमा उदाङ्गो पार्नु यस उपन्यासले बोकेको सन्देश हो ।

समाजमा जन्मे हुर्के बढेका सबै मानिस एकै खालका हुँदैन तीन-तीन छोराछोरीको बाबुआमाबीच पनि एकअर्कामा समझदारी हुन नसक्दा घरमा नराम्रो स्थिति आउन सक्छ । एउटी नारी जसले आफ्नो यौवनको शक्तिलाई काबुमा राख्न नसकी कसरी घरमा रडाको मच्चाउँछे, माइतीको धन सम्पत्तिको घमण्डमा श्रीमान्लाई तिरस्कार गर्न पुग्दछे भनेर समाजमा सुखी सम्पन्न घरानीया छोरी बुहारीप्रति **कारागार**मा यसरी देखाइएको छ :

"मेरो जीवनमा दुलही बनेर बैंसले उन्मत्त भएकी एउटी तरुनी आइन् । तिनीसितै तिनको माइतको वैभव आयो, तिनको अतृप्ति आयो, कुमारित्वलाई अघिबाटै स्वाहा पारेकी तिनी समाजमा मेरी स्वास्नी बनिन् र क्रमशः समाजमा मेरा दुई छोरा र एउटी छोरीको 'मम्मी' बनिन् । त्यति सन्तानोत्पत्तिपछि पनि मैले तिनको तिर्खालाई मेटाउन सकेको छैन ।" (का. पृ. १०)

यसबाट के कुराको सन्देश पाइन्छ भने आफ्नो यौवनलाई काबुमा राख्न नसकी विवाह अघि नै धेरैसँग कुमारित्व गुमाइसकेका आजका आधुनिक समाजका हुँ भन्ने युवतीहरू पछिसम्म पनि त्यही बाटो अपनाई आफ्नो यौन चाहनालाई तृप्त पार्न यौन साथी खोज्दै हिँड्छन् । धनको वैभवले मात्तिएर आफ्नै श्रीमान्लाई पनि तिरस्कार गर्न खोज्छन् भन्ने सन्देश पाइन्छ ।

'म' पात्र हेवाका छिमेकी आइमाईले आफ्नै घरमा सारा हिसाबकिताबको काम गर्ने बाहुन युवकसँग नराम्रो सम्बन्ध राखेको देखेर छोरा बुहारी दुवैले आत्महत्या गर्न बाध्य भएका छन् । एउटी आमा जसले इमान्दारिता, नैतिकता र सच्चरित्रताको पाठ सिकाउन पर्ने ठाउँमा आफैँ व्यभिचारिणी जीवनमा संलग्न भएको देखेर आफ्नै सन्तानले कस्तो काम गर्दा रहेछन् भन्ने सन्देश एकातिर बोकेको छ भने अर्कातिर एक्ली महिलालाई अफिसका ठूला हाकिम भनाउँदाहरूले कस्तो प्रलोभन देखाइ फकाउन खोज्छन् भन्ने सन्देश पनि बोकेको भेटिन्छ । **कारागार**मा काठमाडौँ सहरका केटाकेटीहरू कस्तो अवस्थामा देखिन्छन् भन्ने चित्रण वानीरा गिरी यसरी देखाउँछिन्–

"दिनभरि थोक कुथोक खाएका ज्यापू, ज्यामी, सिकर्मी एवं रिक्सावालका केटाकेटीहरू सडकतिर पृष्ठभाग प्रदर्शन गरी पेटीमा लहरै हगासनबाँधी छेरिरहेका हुन्छन् अथवा भोगटेको बोक्राको विशेष टोपी लगाई पेटीका केटाकेटीहरूबीच नाइके बनी खेलिरहेका हुन्छन् ।" (का.पृ. ४५)

मन मिलो भने आफ्नै काकाकी बुहारीसँग पनि विवाह गर्दा रहेछन् भन्ने सन्देश दिएका छन् उपन्यासकी 'म' पात्र हेवाको ठूलो दाजु र पहाडबाट आएकी मरिसकेका काकाको बुहारीसँग विवाह गरेर । त्यस्तै हेवा जो बुढीकन्ये एक कुमारी केटी हो, त्यस्तै आदम एक विवाहित पुरुष जसका तीन छोराछोरी छन्, त्यस्ताको प्रेम देखाएर वानीराले समझदारी सहकार्य भएमा जे पनि हुन सक्छ भन्ने सन्देश दिएकी छिन् । आफूले चाहेको कुरा प्राप्त गर्नको लागि जस्तोसुकै कदम चाल्न पछि पर्दैनन् भनेर चित्रण गरिएको **कारागार** मा 'म' पात्र हेवा र आदमलाई एक्लै कोठामा भेट्दा दाजुहरूले केही नभनी उल्टै सरी भनेर बाहिरिएको दृश्यले दाजुभनाउँदाहरू आफ्नो दायित्वबाट पन्छिन्छन् (जुन धनको लोभमा बसेकाले खुसी पार्न) भन्ने सन्देश पाइन्छ । गाउँघरमा कुरा काट्नेको जमात धेरै हुन्छ तिनीहरूले राम्रो र नराम्रो दुबै तरिकाले कुरा काटिरहेका हुन्छन् भन्ने सन्देश एकातिर

वानीराले दिएकी छिन् भने अर्कोतिर जाँड रक्सी खाएर दिनभरी देउता जस्तो देखिने मान्छे राती-राती अर्काको छोरीचेली समातेर हिड्ने गर्दछन् र त्यस्तो व्यक्तिलाई समाजका तिनै छोरीचेलीको हातबाट पिटाइ खुवाइ त्यसो गर्न नहुने सन्देश दिएको पाइन्छ ।

यसरी यस उपन्यासमा वानीरा गिरीले धन सम्पत्तिको लोभमा मानिसहरू कतिसम्म नीच काम गर्दछन्, कुनै पनि काम मानिसले समयछँदै गर्नु पर्दछ, समय सकिएपछि गरेको कामले केही फाइदा हुँदैन, समाजमा श्रीमान्लाई श्रीमतीको र श्रीमतीलाई श्रीमान्को सहारा चाहिन्छ, नारीपुरुष भनेका एकै रथका दुई पाङ्ग्रा हुन् भन्ने वानीरा कतै आफन्तको सहाराको पनि खाँचो देखाउँछिन् । समय फुटिसकेपछि कुनै काम गर्दा त्यो काम दिगो हुँदैन भन्ने कुरा ‘म’ पात्रद्वारा व्यक्त गरिएको छ । समाजलाई पाठ सिकाउनुभन्दा समाजमा भए गरेका सानाभन्दा साना गल्तीले पनि कस्ता घटना घट्न सक्छन् , लोभलालच स्वार्थ र अनैतिकता बढी हुँदा के कस्ता घटना घटी मानिस त्यसका सिकार हुन्छन् । समाजको मनोवैज्ञानिक यथार्थलाई समाजकै अगाडि देखाएर सजग बनाउने यस उपन्यासको मुख्य सन्देश हो । यिनै सन्देशहरूका माध्यमबाट समाज परिवर्तनको चाहना गरिएको यस **कारागार** उपन्यास एक सन्देशप्रधान उपन्यास हो भन्न सकिन्छ ।

## पाँचौं परिच्छेद

## निष्कर्ष

भारतको पश्चिम बङ्गाल राज्यको दार्जिलिङ्ग जिल्लाको खर्साङ् बजारको एक सम्पन्न परिवारमा पिता इन्द्रराज र माता जानकीदेवीको कान्छी छोरीको रूपमा २००३ साल वैशाख १९ गते जन्मिएकी वानीरा गिरीले आफ्नो साहित्य यात्रा २०१४ सालमा **कदम बढाऊ** कविता लेखनबाट सुरु गरेकी हुन् । विभिन्न ठाउँमा शिक्षण पेशा गरेकी वानीराले कथा, कविता, उपन्यास, नियात्रा जस्ता विविध विधामा कलम चलाएकी भए पनि विशेषतः उनको उल्लेख्य योगदान भने कविता र उपन्यासका क्षेत्रमा रहेको  पाइन्छ । कविता क्षेत्रमा उनका **एउटा जिउँदो जङ्गबहादुर**, **जीवनः थाय्मरु** जस्ता कविता संग्रहहरू प्रकाशित छन भने लामो कविताका रूपमा **मेरो आविष्कार** पनि प्रकाशित छ ।  त्यस्तै विभिन्न पत्र-पत्रिकाहरूमा पनि फुटकर रूपमा कविताहरू प्रकाशित भइरहेका छन् । यिनका सुरुसुरुका कवितामा कोमल भावनाका साथै शैलीगत सरलता पनि देखिन्छ भने पछिका कविताहरूमा समसामयिक स्थितिप्रति व्यङ्ग्य, विद्रोह, असन्तुष्टि तथा निराशा र निस्सारताका साथै विसङ्गति र अस्मिताको गन्ध पनि पाइन्छ । सुरुमा स्वच्छन्दतावादी भावधारामा कविता लेख्ने वानीरा पछि प्रगतिवादीबाट प्रभावित देखिन्छिन् । विभिन्न विम्ब र प्रतीकको माध्यमबाट युगीन व्यक्ति मानसलाई नारी सत्ताका सचेतताका साथ प्रस्तुत गर्नु कविता क्षेत्रको वानीराको नीजि वैशिष्ट्य हो ।

वानीरा गिरीको प्रथम उपन्यास **कारागार** प्रकाशित हुनुभन्दा अगाडि नेपाली उपन्यासको उत्पत्ति र विकास भइसकेको थियो । प्राथमिक काल (१८२७-१९४५) र माध्यमिक काल (१९४६-१९९०) का पृष्ठभूमि र पूर्वाधारलाई पार गर्दै (वि.सं. १९९१) मा रुद्रराज पाण्डेको **रूपमती** उपन्यासले आधुनिककालको सूत्रपात पनि गरिसकेको थियो । **रूपमती** उपन्यासले प्राथमिक कालीन ठाडो नीति, उपदेश र माध्यमिक कालीन जासुसी, तिलस्मी, ऐचारी जस्ता अतिरञ्जनात्मक प्रवृत्तिलाई त्याग्दै नेपाली समाजको एउटा पाटाको यथार्थ चित्रण गर्ने परम्पराको बानी बसालेको समयमा रूपनारायण सिंहको स्वच्छन्दतावादी उपन्यास **भ्रमर** (१९९३) ले सुगठित संरचना र काव्यात्मक गद्यलाई आत्मसात गर्दै नेपाली उपन्यासको आधुनिककाललाई अझ सबल बनाएको थियो । **भ्रमर**पछि वाङ्देलको उपन्यास देखापर्नु अगाडिको समय खासै उपलब्धिपूर्ण नभएपनि वाङ्देलको उपन्यास लेखन सँगसँगै उनले नेपाली उपन्यास परम्परामा यथार्थवादको प्रस्तुति गरेर नौलो प्रवृत्ति भित्र्याइसकेको थियो । यसै क्रममा यिनै पृष्ठभूमिलाई ग्रहण गर्दै २०३५ सालमा वानीरा गिरी पनि आधुनिक नेपाली उपन्यासको क्षेत्रमा देखापर्न आएकी हुन् ।

वानीराका तीनवटा उपन्यासमध्ये सबैभन्दा लघु आयाममा संरचना भएको उपन्यास **निर्बन्ध** हो । **निर्बन्ध** वानीराको पूर्वाद्ध चरणको दोस्रो उपन्यास हो । उनका पूर्वाद्ध चरणका उपन्यासहरूमा मनोविश्लेषणवादी धारा र आलोचनात्मक यथार्थवादी धारा सक्रियरूपमा रहेको पाइन्छ । जीवनका धेरै र अनावश्यक घटनालाई विस्तार दिने प्रयास गरिएको छैन **निर्वन्ध**मा । यस उपन्यासमा घटित भएका घटनालाई अनावश्यक विस्तार दिने प्रयास गरिएको छैन । एउटै परिवारको घटनालाई संक्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । थोरै पात्रको आधार भूमिकामा संरचना गरिएको छ । यो उपन्यासमा मुख्य पात्र चार जना रहेका छन् र विशेष गरी नारी वेदनालाई प्राथमिकता दिएको पाइन्छ ।

यस उपन्यासकी नायिका आफ्नो बाबुको चरित्र संस्कारलाई अनिच्छापूर्वक प्रतिरोधात्मक स्थितिबाट बाध्य भएर आत्मसात् गर्न अभिशप्त हुन्छे । यस उपन्यासकी नायिकाको जीवन नै प्रस्तुत उपन्यासको निष्कर्ष हो । पारिवारिक प्रभावको कारणले आमाको अतृप्त यौन पिपासाको मूकदर्शक नायिकाको हृदयमा आफ्नी आमाप्रति पूर्ण सहानुभूति छ । मानिसको मनोवैज्ञानिक प्रवृत्तिगत परिवर्तनको यहाँ राम्रो विवेचना गरिएको छ ।

बाबुको कारणले गर्दा आमाले सहन परेको चाहनाको बदला यस उपन्यासकी नायिकाले लोग्नेसँग लिइरहेकी छन् । आफ्नै छोराछोरीलाई पनि बाबुको नजिक राख्दिनन् । सरल, सोझो र शिक्षित लोग्नेलाई अमानवीय व्यवहार गर्न पछि परेकी छैनन् । अतः बाँचुन्जेल जहिले पनि अवहेलना र घृणा गर्न पछि नपरेकी नायिका लोग्नेको मृत्युपछि पश्चातापमा जलेकी छन् । लोग्नेको महत्त्व मृत्युपछि मात्रै बुझ्छिन् । परम्परा र बाबुको व्यवहारप्रति असन्तोष प्रकट गर्ने नायिका आफू पनि त्यही दलदलमा भासिन पुगेकी छन् । आफ्नो रूपलाई मान्यता दिने, अनियन्त्रित जीवन शैली मन पराउने उन्मुक्तिको चाहना राख्ने नायिकाको मनोविश्लेषण गर्दै यो उपन्यास लेखेको पाइन्छ । **निर्बन्ध** उपन्यासको भाषाशैली अत्यन्त सरस र सरल छ जसले गर्दा पाठकलाई सजिलै मोहित पार्छ । यहाँ प्रयोग गरिएको भाषाशैली मीठो र मधुर छ कुनै पनि पात्रको नाम नै दिइएको छैन नेपाली औपन्यासिक जगत्मा नौलो प्रयोग गरेर उपन्यासकारले नयाँ आयाम थपेकी छिन् ।

**कारागार** (२०३५) वानीराको पहिलो उपन्यास हो । संरचनाको हिसाबले यो उपन्यास दोस्रो स्थानमा रहन गएको छ । **कारागार**को औपन्यासिक कथानकले बन्दीगृहको सीमित परिधिभित्र विस्तार पाउँछ । स्वजनहरूको स्वार्थले लुटिएकी एक युवतीको जीवनगाथालाई लिएर यो उपन्यास लेखिएको छ । युवतीको लागि आफ्नै बाबुआमाको सम्पत्ति बोझ हुन गएको छ । आफ्नै दाजुभाउजूको स्वार्थबाट पिल्सिएकी नायिका आफ्नो लागि आफैं कारागार सिर्जना गर्न पुगेकी छन् र त्यसमा आफैं बन्द भएकी छन् । **कारागार**की नायिकाको अन्य विवाहित पुरुषसँग रहन गएको सम्बन्धलाई सामाजिक तवरले लोग्नेको रूपमा मान्यता दिएको छैन तर उनी एउटै मात्र लोग्ने मानिसमा एकाकार छन् ।

**कारागार** एउटा बहुरङ्गी चित्र हो र यही बहुरङ्गी चित्रको मिसावटले गर्दा मन र मस्तिष्कलाई असर गर्दै लान्छ । यो उपन्यास सीपले कलात्मक भएको छ र परिबन्धले बाँधिएका आधुनिक आदम र हेवाका सुकोमल हृदयमा कुण्ठा र विसंगतिमा आरोपित भएको छ । एउटा नेपालको छोरीको जाँगर, सीप र परिश्रम भव्य कारागारको चिसो छिँडीमा बन्दी भएको छ । **कारागार**की नायिका सबल र ग्राह्य विचार तथा सकारात्मक मानवीय आदर्श भएकी तर स्वतन्त्र र आधुनिक नारी पात्र हो । यसमा उपन्यासको मुख्य पात्रले आफैं भन्दै गएको कथानक सार्वाङ्गमा निकै कारुणिक, जीववादी र बदलिँदो नेपालको निम्ति सीमित क्षेत्रमा भएपनि वस्तुपरक छ ।

**कारागार** रोचक कथावस्तु लिएर पाठकको सामु उभिएको छ । यस उपन्यासको रोचकता भनेको कथावस्तु समाप्त हुँदा पनि पाठकहरूलाई अपूर्णताले लखेट्छ तर यस्तो भए तापनि समकालीन उपन्यास लेखनको सापेक्षतामा वानीराको आफ्नै महत्त्वपूर्ण स्थान छ । यसमा आञ्चलिकता, सामाजिक यथार्थवादका साथै मनोविज्ञानको पनि राम्रो प्रयोग भएको पाइन्छ ।

वानीराको तीनवटा उपन्यासहरूमध्ये **निर्बन्ध** बढी संक्षिप्त र बढी काव्यात्मक देखिन्छ भने कारागारको लेखन अभिव्यक्ति चमत्कारपूर्ण छ । **कारागार** र **निर्बन्ध**भन्दा छुट्टै विशेषताले चर्चित भएको उपन्यास **शब्दातीत शान्तनु** हो । यी दुई कृतिभन्दा माथिल्लो श्रेणीमा **शब्दातीत शान्तनु** रहन गएको छ । संरचनाको हिसाबले **निर्बन्ध** बढी संक्षिप्त छ । त्यसपछि **कारागार** र **शब्दातीत शान्तनु** रहनगएको छ । **शब्दातीत शान्तनु**मा धेरै पात्रको संयोजन गरिएको छ तर समग्र कलाकृति नदीजस्तो वेगवान भएर बगेको छैन । कथावस्तुको संयोजनमा **शब्दातीत शान्तनु** प्रथम स्थानमा, **कारागार** द्वितीय स्थानमा र **निर्बन्ध** तृतीय स्थानमा पर्दछन् । **निर्बन्ध**को कथावस्तु अर्थात् नायिकाको वर्णन अत्यन्त कमजोर छ । परिवेश चित्रणका दृष्टिले **निर्बन्ध** प्रथम स्थानमा रहन आउँछ । यो उपन्यासले अन्य उपन्यासले भन्दा विस्तृत परिवेशलाई आत्मसात गरेको छ । यसको परिवेश नेपालको राजधानी लगायत धनगढी, बुडर खानीखोला, सहजपुर हुँदै भारतीय भू-भागसम्म फैलिएको छ । यसपछि दोस्रो स्थानमा **कारागार** रहन आएको छ र तेस्रो स्थानमा **शब्दातीत शान्तनु** रहन गएको छ । चरित्र-चित्रणका दृष्टिले **शब्दातीत शान्तनु** प्रथम स्थानमा **कारागार** द्वितीय स्थानमा र **निर्बन्ध** तृतीय स्थानमा रहन आउँछ । त्यस्तै संवादको बढी प्रयोग गरेर उपन्यासलाई नाटकीय बनाउने र पात्रहरूको चरित्रलाई संवादकै माध्यमबाट उद्घाटन गर्ने उपन्यासमा प्रथम स्थानमा **शब्दातीत शान्तनु** द्वितीय स्थानमा **निर्बन्ध** र तृतीय स्थानमा **कारागार** रहन गएको पाइन्छ । वानीरा गिरीका तीनवटा उपन्यासहरूमा **शब्दातीत शान्तनु** अन्य दुई उपन्यासभन्दा उच्चस्तरको रहेको छ । अन्य दुई उपन्यासहरूमा नारी पात्रको चित्रण पाइन्छ तर दुईको चरित्रले उत्तरी तथा दक्षिणी ध्रुवीय रूप लिएका छन् ।

सम्पूर्ण उपन्यासलाई विभिन्न दृष्टिबाट अध्ययन गर्दा **शब्दातीत शान्तनु** प्रथम स्थानमा **कारागार** द्वितीय स्थानमा र **निर्बन्ध** तृतीय स्थानमा रहन गएको छ । साहित्यका जुनसुकै विधा पनि युग र परिस्थिति अनुसार भिन्नभिन्न वाद, प्रवृत्ति र शैली शिल्पलाई आत्मसात् गरेर लेखिएका हुन्छन् । त्यसैले तिनीहरूको स्वरूपमा पनि परिवर्तन भएको पाइन्छ । त्यसरी साहित्यको गद्य विधा उपन्यास पनि हो र उपन्यासमा पनि यस्ता परिवर्तनहरू भइरहेको पाइन्छ । परम्परागत शैलीशिल्पमा केन्द्रित भएर लेखिएको उपन्यासमात्र उत्कृष्ट हुँदैन । यसरी वानीराका तीनवटा उपन्यासमा औपन्यासिक जगत्मा नौलो प्रयोग गरेर नयाँ आयाम थप्ने उपन्यास **निर्बन्ध** तथा कारुणिक जीवनवादी बदलिँदो नेपालका निम्ति सीमित क्षेत्रमा भएपनि वस्तुपरक उपन्यास **कारागार**र छुट्टै विशेषता लिएर समाजमा चर्चित भएको उपन्यास **शब्दातीत शान्तनु** आफ्ना-आफ्नै विशेषता र कलाले भरिपूर्ण छन् । यसरी वानीरा गिरीका उपन्यासहरू औपन्यासिक जगत्मा नौलो आयाम लिएर आएका छन् ।

**कारागार** उपन्यासले नेपाली नारीहस्ताक्षरमा पारिजातका उपन्यासहरूभन्दा पछि र विचलनयुक्त भाषाशैलीमा **भ्रमर**भन्दा दोस्रो स्थानमा आएकाले यसको उचाइ कत्तिको छ भन्न सकिन्छ । एउटी नारी जसले आफ्नै आफन्तहरूबाट कति पीडा पाउँछे भन्ने कुराको स्पष्ट झलक देखाउन हेवाजस्तो पात्रको सिर्जना गरी समाजमा केही हदसम्म विद्रोह गर्न खोजेकी छिन् वानीराले **कारागार** मार्फत् । नारी केन्द्रित उपन्यास भएकाले उसका इच्छा, चाहना, आकाँक्षालाई मनोवैज्ञानिक तरिकाले प्रष्ट पार्दै नारीहरू हेपिनुमा आफ्नै कमजोरी प्रमुख कारक तत्त्व बनेर आएको कटु सत्य देखाएकी छिन् । **कारागार** उपन्यासमार्फत वानीराले समाजका अवस्था गाउँ र सहरको अवस्था बाटोघाटोको अवस्था, दरबारीयाहरूको अवस्था, रिक्सावाला-ठेलावाला, ड्राइभर आदिको अवस्था र तिनीहरूको छोराछोरीको अवस्था, धनी र गरिबको अवस्थाको अत्यन्त कलात्मक र मार्मिक ढङ्गले चित्रण गर्नुका साथै तिनीहरूलाई सचेत बनाउन हामी आफैँ सचेत हुनुपर्ने कुराहरूलाई पनि अंगिकार गरेकी छिन् ।

एकअर्कामा मन मिल्छ भने विवाहित पुरुष र अविवाहित युवतीबीच पनि प्रेम गर्न सकिन्छ । धन सम्पत्तिको लोभमा परेर आफन्त भनाउँदा दाजुहरू, भाउजूहरूले कस्तो किसिमको व्यवहार गर्छन् । आफ्नो स्वार्थको लागि स्वजनको इच्छा चाहनालाई कसरी वर्बाद पारिदिन्छन् भन्ने कुरालाई वानीराले स्पष्टसँग देखाएकी छिन् ।

त्यसैले मानिसले आफ्नोलागि कुनै पनि काम आफैँले गर्नुपर्दछ । समय छँदै कुनै पनि काम गरिएन भने पछि पछुताउनु सिवाय अरू केही हुँदैन । समाजमा नारी र पुरुष भनेका एकै रथका दुई पांग्रा हुन् भन्ने बुझेर एकअर्कामा समझदारीको भावना ल्याउनुपर्छ भन्ने

मूल मान्यता बोकेको **कारागार** उपन्यास अन्य उपन्यासहरूको दाँजोमा आफ्नो छुट्टै पहिचान बनाउँन सफल उपन्यास हो भन्न सकिन्छ ।

## सन्दर्भसामग्री सूची

### क) नेपाली


गिरी, वानीरा, **कारागार**, काठमाडौं : साझा प्रकाशन, २०३५ ।

-----------, **निर्बन्ध,** काठमाडौं : साझा प्रकाशन, २०४२ ।

----------, **शब्दातीत शान्तनु,** काठमाडौं : साझा प्रकाशन, २०५६ ।

चापागाई, नरेन्द्र, **उपन्यास शिल्प र विश्लेषण,** विराटनगर : जानुका प्रकाशन, २०३३ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय,** तृ. सं., ललितपुर : साझा प्रकाशन, २०४७ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** ते. सं., काठमाडौं : साझा प्रकाशन, २०५२ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जिलिङ् : दीपा प्रकाशन, २०४० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन, २०५१ ।

बराल, कृष्णहरि, नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो. सं., काठमाडौं : साझा प्रकाशन, २०५८ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** दो. सं., काठमाडौं : साझा प्रकाशन २०५० ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** ते. सं., काठमाडौं : नवीन प्रकाशन २०५१ ।

शर्मा, मोहनराज, **शैली विज्ञान (सिद्धान्त र आलोचना),** काठमाडौं : ने.रा.प्र.प्र. २०४८ ।

------------, खगेन्द्र लुइँटेल, **शोधविधि,** ते. सं., काठमाडौं : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, दयाराम (सम्पा), **पच्चीस वर्षका नेपाली कथा,** काठमाडौं : ने.रा.प्र.प्र. २०३९ ।

सुवेदी, 'श्रमिक' धनप्रसाद, **नेपाली उपन्यासमा आञ्चलिकता**, खोटाङ : यादेवी ढकाल, २०५६ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो. सं., काठमाडौं : साझा प्रकाशन २०६४ ।


### ख) हिन्दी


कैलाश प्रकाश, प्रेमचन्द - **पूर्व हिन्दी उपन्यास,** दिल्ली : हिन्दी साहित्य संसार, ई. १९६२ ।

जैन, रवीन्द्र कुमार, **उपन्यास सिद्धान्त और संरचना**, दिल्ली : नेसनल पब्लिसिङ् हाउस, ई. १९६२ ।

राय, गोपाल, **उपन्यास शिल्प,** पटना : विहार, हिन्दी ग्रन्थ अकादमी, सन् १९७३ ।

श्रीवास्तव, शिवनारायण, **हिन्दी उपन्यास (ऐतिहासिक अध्ययन),** वाराणसी : मन्दिर, १९६८ ।

**ग) अङ्ग्रेजी**

अब्राहम, एम्.एच्., **अ ग्लोसरी अफ लिटरेरी टर्मस्,** तृ. सं., इण्डिया : म्याकमिलन, सन् १९९३ ।

**द अक्सफोर्ड डिक्सनरी**, भोल ७, लण्डन : अक्सफोर्ड एड द क्लोरेडन प्रेस, सन् १९३३ ।

**घ) पत्र-पत्रिका**

केश पथिक, **समाजपत्रिका,** (जेठ ७, बुधवार, २०४३) ।

ढकाल, नारायण, **हिमालय टाइम्स,** (वैशाख २४ शनिवार, २०५७) ।

थापा, मणिकुमार, **वानीरा गिरीलाई लेखिएको पत्र**बाट ।

दाहाल, मनोज, **कान्तिपुर 'कोसेली'**, (भदौ ३१ शनिवार, २०५७) ।

युधिष्ठिर, **हिमशिखर,** (वर्ष ६, अङ्क ७, पूर्णाङ्क २११, असार २०५७) ।

राकेश, रामदयाल, **गोरखापत्र शनिवासरीय (परिशिष्टाङ्क)**, (भदौ १४, २०४३) ।

विप्लव, **हिमाल,** (जेठ १६, २०५७) ।

**ङ) अप्रकाशित शोधपत्र**

पाण्डे, ज्ञानु, **कवयित्री वानीरा गिरीको जीवनी, व्यक्तित्व र कविताको विश्लेषण**, स्नातकोत्तर, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०३८ ।

रायमाझी, शकुन्तला, **वानीरा गिरीका औपन्यासिक कृतित्वको अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५६ ।